संक्षिप्त

बुद्ध-जीवनी

बुद्ध धर्म संघ

धर्मोदय सभा

भिक्षु अमृतानन्द स्थविर



आनन्दकुटी
२० २४

धर्मोदय ग्रन्थमाला-४४

संक्षिप्त

बुद्ध-जीवनी

ग्रन्थकार
भिक्षु अमृतानन्द स्थविर

अनुवादक
श्री केशवलाल कर्माचार्य

प्रथमावृत्ति ३००० } विक्रम संवत् २०१३ { मूल्य०

प्रकाशकः

मन्त्री, धर्मोदय सभा
चतुर्थ विश्व बौद्ध सम्मेलन
काठमाण्डू ।

सर्वाधिकार सुरक्षित

मुद्रक—

नेपाल प्रेस,
१२२ असन त्यौड टोल, काठमाण्डू ।

नेपाल-नरेश

श्री ५ महाराजाधिराज

महेन्द्र वीरविक्रम शाहदेवका

हजूरमा सादर समर्पण

दुइ कुरा

नेपाल सरकारको पूर्ण सहयोगबाट धर्मोदय-सभाको तत्वावधानमा नेपालमा भैरहेको चतुर्थ विश्व बौद्ध सम्मेलनको सुअवसरमा भगवान् बुद्धको जीवनी बारेमा आफूले जाने जति नेपाल-भाषामा लेखि राखेको 'संक्षिप्त बुद्ध-जीवनी-' को नेपाली भाषामा पनि प्रकाशित गर्न पाउँदा मलाई बहुतै खुशी लागेको छ।

जुन दिन पूर्ववत् चतुर्थ विश्व बौद्ध सम्मेलन धर्मोदय-सभाकै तत्वावधानमा गर्ने निर्णय श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवज्यूका सरकारले पनि गरेको थिय, सोही दिनदेखि मैले प्रस्तुत पुस्तक श्री ५ महाराजाधिराज महेन्द्र वीरविक्रम शाहदेवज्यूका हजूरमा कृतज्ञतापूर्वक समर्पण गर्ने अभिलाषा गरेको थिएं, र आज कृतज्ञतापूर्वक समर्पण गर्ने सुअवसर पाएको छु।

यस पुस्तकलाई सुन्दर तथा सरल नेपाली भाषामा अनुदित गरी तपाईं महानुभावहरूका समक्षसम्म पुऱ्याउनाको जो सौभाग्य छ त्यसको सारा श्रेय श्री केशवलाल कर्माचार्यज्यूलाई छ। वहाँले मेरो अनुरोधलाई स्नेहपूर्वक स्वीकार गरी आफ्नो अमूल्य समय प्रदान गरी अनुवाद गरिदिनु भएकोमा म वहाँको प्रति सदा ऋणी रहने छु। वहाँको सहायता वेगर यो ग्रन्थ तपाईंहरूका समक्ष पेश गर्नु मेरा सामर्थ्यभन्दा परको विषय हो।

धर्मोदय-सभाको तत्वावधानमा चतुर्थ विश्व बौध्द सम्मेलनको काम सुसम्पन्न गराउनाको लागि द्वितीयबार श्री मि० सु० लोकदर्शन ज्यूको अध्यक्षतामा अर्ध-सरकारी कमिटी गठन भई सो कमिटीबाट

सरकारका तर्फबाट चाहिने अनेक तरहको सहायता र मद्दत पुऱ्याइ-दिने ठूलो प्रयत्न गरिदिईरहेमा कमिटीका अध्यक्षज्यू र सबै सदस्य-लाई मेरो हार्दिक धन्यवाद छ । वहाँहरुकै उदारतावाट यो ग्रन्थ सबै वर्गका सर्वसाधारण मानवका समक्षसम्म पुऱ्याउने सुअवसर प्राप्त भएको छ ।

अन्तमा धर्मोदय-सभाका सबै सदस्य र मन्त्रीहरूलाई पनि मेरो हार्दिक धन्यवाद छ, जसले प्रकाशनको व्यवस्था राम्ररी मिलाइ-दिने उदारता राख्नुभयो ।

– भिक्षु अमृतानन्द स्थविर

आनन्दकुटी,
काठमाडौं ।
आश्विन ३० २०१३

अनुवादकको एउटा कुरा

भारतीय तत्वदर्शनको पराकाष्ठा त वैदिक कालमा नै पुगेको थियो । तर, त्यस विषय–सम्बन्धी पक्षपात पनि त्यो बेला निकै थियो। विभिन्न आस्तिक विचारकहरूको तान्त्रिक विचार–धाराको विरूद्ध जुन प्रतिक्रिया शुरू भएको थियो त्यसको परिसमाप्ति भगवान् बुध्दको शिक्षामा आएर भयो। बुद्ध विचारक तथा उपदेशक मात्रै थिएनन्, नीतिज्ञ तथा विद्वान् पनि थिए। उनले आफ्नो युगको आस्तिक तथा नास्तिक दुवै विचार–धाराको मनन गरे, परिचय प्राप्त गरे। आत्म–शुध्दिद्वारा सत्यको खोजी गरे। बोधिवृक्षमनि अनवरत धैर्य्य-द्वारा जीवनको सत्य पत्ता लगाए, बोधिज्ञान प्राप्त गरे, सिध्दार्थबाट 'बुध्द' बने। जुन 'सत्य' लाई उनले प्राप्त गरेका थिए, त्यसलाई सर्वसाधारणमा वितरत गरिदिनु नै उनको ध्येय बन्यो। मानिसहरूको व्यवहारिक तथा नैतिक जीवनमा त्यसको राम्रो असर पऱ्यो। त्यस युगमा (बुध्दकालदेखि अशोक तथा कनिष्कालको युगसम्ममा) भन्दा अझ आजको यो भौतिकवादी युगको परमाणु–कालमा उनको शिक्षा (धर्म) मानव मात्रको निति हितकारी छ। यस्ता 'बहु-जन हिताय, बहुजन सुखाय'— सिध्दान्तका प्रणेता भगवान् स्वरूप गौतम बुध्दको जीवन–चरित्र, भिक्षु अमृतानन्दको आदेशले, त्यो पनि यो हुन लागिरहेको नेपाल-विश्व-बौध्द सम्मेलनको शुभवेलामा, नेपाली भाषामा अनुवाद गर्न पाउँदा मैले आफूलाई पनि सौभाग्यशाली नै संझेको छु। बहुजन हिताय नै यो पुस्तक पनि नेपाली भाषा–भाषी-हरूको समक्ष पेश गर्न पाउँदा, बुद्धप्रति आफ्नो कर्तव्य आंशिक

रूपमा नै भए पनि पालन गरेको अनुभव गर्दछु। यो अनुवाद पनि उनै शान्ति नायक भगवान् बुद्धमा समर्पण गरेको छु।

अनि, प्रिय साथी सूर्यमान वान्तावा र शिष्य चन्द्रलाल श्रेष्ठ दुबैलाई पनि धन्यवाद अर्पण गर्दछु। कापी साफी गरी प्रेस–कापी तयार गर्नमा वहांहरू दुबैजनाले गरिदिनु भएको अथक परिश्रमलाई म कहिल्यै विर्सन सक्तिन। यति चाँडो पुस्तकारको रूपमा यो पुस्तक निस्कनुको श्रेय पनि वहाँहरूलाई नै छ।

आखिरमा:

यदा मम परेषां अयं दुःखं च न प्रियम्।
तदात्मनः को विशेषो यत्तं रक्षामि नेतरम्॥
(बोधिचर्य्यावतार)

भगवान् बुद्धको यस शिक्षालाई 'बुद्ध–जीवनी' का पाठकले (अरू यस पुस्तकमा जस्तोतुकै त्रुटि भएता पनि) हृदयगम गरिदिनुभयो भने अनुवादकले आफ्नो सफलता त्यसैमा संझने छ। आखिरमा, अनुवाद र प्रूफको काम समेत समयको अभावले हतारोमा गर्नु परेको हुनाले धेरै त्रुटिहरू हुन आएका छन। त्यसको निति क्षमा प्रार्थी छु। अस्तु।

२६।७।२०१३
केलटोल, काठमाण्डू।

अनुवादक–
केशवलाल कर्माचार्य,

विषय-सूची

[प्रथम खण्ड]

(बोधिसत्वको जन्मदेखि गृहत्यागसम्म)

परिच्छेद १

पेज १ देखि १२ सम्मः मायादेवीलाई देवताहरूको आरक्षा — मायादेवीको माइत गमन — बोधिसत्वको जन्म — बोधिसत्वको सिंहनाद — पिताको प्रथमवार पुत्र वन्दना — कालदेवल तपस्वीको शोक — नालकको प्रव्रज्या — सिद्धार्थकुमारको नामकरण ।

परिच्छेद २

पेज १३ देखि १६ सम्मः कुमार ध्यानमा बसेका — पिताको द्वितीयवार पुत्रवन्दना — राजकुमारको शिल्प प्रदर्शन।

परिच्छेद ३

पेज १७ देखि २६ सम्मः कुमारले चार निमित्त देखेका — राहुलकुमारको जन्म — कृपा गौतमीको शान्तिपद — नतकीहरूको विरूपता — सिद्धार्थको गृहत्याग ।

[द्वितीय खण्ड]

(सिध्दार्थकुमारको भिक्षुभाव तथा बुध्द भएदेखिको सातौं सप्ताहसम्म)

परिच्छेद ४

पेज २७ देखि ३० सम्मः छन्न सारथीको विरह।

परिच्छेद ५

पेज ३१ देखि ३२ सम्मः सारथी छन्नको कपिलपुर आगमन।

परिच्छेद ६

पेज ३३ देखि ३५ सम्मः राजगृहमा भिक्षाटन — राजा बिम्बिसारसितको भेट — आलार र उद्दकहरूको आश्रममा।

परिच्छेद ७

पेज ३६ देखि ३९ सम्मः पञ्चवर्गीहरू — सिद्धार्थको दुष्करचर्य्या — सुजाताको खीरदान।

परिच्छेद ८

पेज ४० देखि ४३ सम्मः सुवर्णपात्र नदीको विपरित गतिमा बहेको — सोत्थिय ब्राह्मणको तृणदान — मार विजय — बुद्धत्व प्राप्त — बुद्धको प्रीतिवाक्य।

परिच्छेद ९

पेज ४४ देखि ५० सम्मः प्रथम सप्ताह बोधिपल्लंक — द्वितीय सप्ताह अनिमिस चैत्य — तृतीय सप्ताह चक्रमण चैत्य — चतुर्थ सप्ताह रत्नाघर चैत्य — पञ्चम सप्ताह अजपाल वृक्ष — षष्ठम सप्ताह मुचलिन्द वृक्ष — सप्तम सप्ताह राजायतन वृक्ष — इन्द्रको सेवा — तपुस्स भल्लुकहरूको सातुदान—केशधातु।

[तृतीय खण्ड]

(धर्मोपदेशमा अनुत्साहिततादेखि चवालिसौं वर्षवाससम्म)

परिच्छेद १०

पेज ५१ देखि ६३ सम्मः धर्मोपदेशमा अनुत्साहितता—

ब्रह्माको प्रार्थना - ऋषिपतन गमन — उपकोजीवकसितको भेट -- पञ्चवर्गीहरूसित वार्तालाप — छोडनु पर्ने र लिनुपर्ने मार्ग — चारसत्य देव घोषणा — कौण्डन्य भिक्षुको उपसम्पदा — चारजना भिक्षुहरूको उपसंपदा—अनात्म लक्षण — पञ्च वर्गीयहरू अर्हत् भएका ।

परिच्छेद ११

पेज ६४ देखि ७० सम्मः यशपुत्रको गृहत्याग — त्रैवाचिक प्रथमोपासक — यशकुमारको प्रव्रज्या — प्रथमोपासिकाहरू — चारजना साथीहरूको प्रव्रज्या — पच्चासजना साथीहरूको प्रव्रज्या — धर्म प्रचार गर्न पठाएका — भद्रवर्गीहरूको प्रव्रज्या ।

परिच्छेद १२

पेज ७१ देखि ७८ सम्मः तीनजना जटिल तपस्वीहरूको भिक्षुभाव — राजगृह गमन — विंबिसारको निमंत्रणा — वेणुवन दान — उपतिस्स र कोलित परिव्राजकहरू — उपतिस्स र कोलितहरूले बौद्धदर्शनको ज्ञान प्राप्त गरेका — उपतिस्स र कोलितको उपसम्पदा — अग्रश्रावक स्थान ।

परिच्छेद १३

पेज ७९ देखि ८९ सम्मः शुद्धोदनका दूतहरु — कालुदायी मंत्रीको प्रव्रज्या — मार्गको बीचमा राजभोजन — शुद्धोदन स्वागतार्थ भगवान्‌लाई लिन गएका — शुद्धोदनको तृतीयवार पुत्रवन्दना — ज्ञातिहरूलाई धर्मोपदेश — कपिलपुरमा भिक्षाटन — राजालाई धर्मोपदेश - यशोधराको कोठामा भगवान्‌को प्रवेश — यशोधराको बुद्ध-वन्दना — यशोधराको गुण वर्णन ।

परिच्छेद १४

पेज ९० देखि ९७ सम्मः नन्दकुमारको प्रव्रज्या — राहुल कुमारको प्रव्रज्या—शुद्धोदन अनागामी भएका — अनाथपिण्डिकको बुद्धदर्शन — अनाथपिण्डिकको जेतवन विहारदान — उपाली नाउको प्रव्रज्या — लोकहित ।

परिच्छेद १५

पेज ९८ देखि १०४ सम्मः गौतमीको गृहत्याग — प्रजापती प्रव्रज्या — शासनको अचिरस्थायी — नमस्कार नगर्ने — तथागतको धर्म --- यशोधराको प्रव्रज्या ।

परिच्छेद १६

पेज १०५ देखि ११२ सम्मः छैठौंदेखि एकाइसौं वर्षावाससम्म — विशाखा उपासिका — विशाखाको विहारदान — समर्थ भिक्षुगण — समर्थ भिक्षुणीगण — समर्थ उपासकहरु — समर्थ उपासकहरु — समर्थ उपासिकाहरु ।

[चतुर्थ खण्ड]

(अपरिहानीय धर्मोपदेश तथा भगन्वाको अन्तिम वर्षावासदेखि महापरिनिर्वाणसम्म)

परिच्छेद १७

पेज ११३ देखि १२२ सम्मः अपरिहानीय धर्मोपदेश--भगवान्को अन्तिम वर्षावास — बुद्धशासनमा गरुमुष्ठि छैन — मारको प्रार्थना — आनन्द स्थविरको प्रार्थना ।

परिच्छेद १८

पेज १२३ देखि १३० सम्मः प्रजापती गौतमी र यशोधरा-देवीको परिनिर्वाण -- तथागतको धर्म हो भन्दैमा स्वीकार नगर्नू — भगवान्‌को अन्तिम भोजन — दर्शनीय चार स्थान -- स्त्रीहरूसितको व्यवहार — स्तूप बनाउन योग्य अस्थिधातु — आनन्द स्थविरको विलाप - अन्तिम श्रावक --धर्म नै शास्ता हुन् — अन्तिम उपदेश -- महापरिनिर्वाण ।

[पञ्चम खण्ड]

(आदहनोत्सवदेखि दस चैत्यसम्म)

परिच्छेद १९

पेज १३१ देखि १३३ सम्मः आदहनोत्सव--महाकाश्यप स्थविरको कुशीनगर गमन -- चितामा अग्नि बलेन — धातुपूजा ।

परिच्छेद २०

पेज १३४ देखि १३७ सम्मः धातु कोलाहल धातु विभाग - दस चैत्य ।

प्रकाशकको

आजको विश्वमा भगवान् बुद्धको उपदेश कतिको आवश्यक छ त्यो कुरा यहाँ उल्लेख गरिरहनु पर्ने आवश्यक छैन । उहाँको मध्यममार्गको सिध्दान्त र पञ्चशील आज विश्व-मैत्री, विश्व-एकता र विश्व-शान्तिको मूल आधार हुन गैसकेको छ । यस कारण प्रत्येक व्यक्तिले उहाँको जीवनी र दर्शनबाट सदा परिचित रहनु अत्यन्त आवश्यक छ ।

भिक्षु अमृतानन्दजीले लेख्नु भएको यो संक्षिप्त बुद्ध—जीवनी-बाट भगवान् बुद्धको जीवन संबन्धी ज्ञान प्रशस्त प्राप्त गर्न सकिन्छ । चतुर्थ विश्व बौद्ध—संमेलनको महान् उपलक्षमा यो पुस्तकको नेपाली अनुवाद पाठकहरूको समक्ष पेश गर्न पाउनु धर्मोदय सभाको निंति ठूलो सौभाग्यको कुरा हो ।

अन्तमा हामी भिक्षु अमृतानन्दजीलाई र साथै श्री केशव लाल कर्माचार्यजीलाई पनि धर्मोदय—सभा धन्यवाद अर्पण गर्दछ ।

भवदीय,
आशाराम शाक्य
महामन्त्री, धर्मोदय सभा

५।७।०१

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

संक्षिप्त

बुद्ध-जीवनी

[प्रथम खण्ड]

परिच्छेद एक

नेपाल तौलिह्वा जिल्ला अन्तर्गत कपिलवस्तु भन्ने एउटा रम्य देश छ । आजको करीव पच्चीससय वर्षअगाडि त्यो देश साह्रै राम्रो र श्रीसमृद्धशाली थियो । त्यसबेला त्यहाँ शाक्यवंशका महाप्रतापी राजा शुद्धोदन राज्य गर्दथे । तिनका मायादेवी र प्रजापती भन्ने दुइ रानी थिए । उनी साह्रै धर्मात्मा तथा प्रजावत्सल राजा थिए । महारानीहरू पनि उस्तै धर्मात्मा र सबैमाथि दया करुणा गर्ने थिए ।

वर्षैंनि आषाढ महीनामा त्यो देशमा एउटा चाड़ पदथ्र्यो। देशका प्रजाहरू आफ्ना आफ्ना औकात अनुसार चाड मानी नाना प्रकारले रसरंगमा मग्न हुन्थे। मायादेवी पनि एक आषाढ पूर्णिमाको अगाडि, सातदिनसम्म सय्यौं नानी सुसारेहरू सहित, नानातरहको वस्त्र आभूषणले सुसज्जित भई, फूलमाला लगाई, मद्यपान बाहेक हरएक प्रकारका उत्तम उत्तम भोजन गरी चाड मानिरहेकी थिइन्। आषाढ पूर्णिमाको बिहान सबेरै जागा भई सुगन्ध-जलले नुहाई, रङ्गी-चङ्गी पोशाक सबै छाडी, खालि शुद्ध वस्त्र लगाई, एक लक्ष सुवर्ण दान गरी, ब्राह्मणादि दुःखी दरिद्रहरूलाई दान दिई, उपोसथाङ्ग व्रत धारण गरी सिंगारिराखेको आफ्नो खोपीमा आराम गर्न गइन्। त्यसै बेला तिनलाई यस किसिमको सपना भयो—

"दीव्य देह भएका चारजना देवताहरू आई रानी मायादेवीलाई पलङ्गसमेत उचाली हिमालय पर्वततिर लैजादों रहेछ। त्यहाँ सात योजन अग्लो महाशाल वृक्ष एउटा रहेछ। त्यसैको मनि साठी योजन लामो एउटा मनोशिला भन्ने आसन रहेछ। रानीलाई देवताहरूले त्यसै मनोशिलामा राखे। अनि देवकन्याहरू आई रानीलाई अनोतप्त नामक दहमा लगेर नुहाइदिए। त्यस दहमा नुहाइ सकेपछि रानी मनुष्यगन्ध रहित भइन्। त्यसपछि रानीलाई दीव्य वस्त्रालङ्कारले सिंगारी दीव्य पुष्पमाला पहिराई नजीकैको चाँदीको पर्वतमा कनक विमानमा, पूर्वतिर शिरासन भएको पलङ्गमा शयन गराए। त्यसै समयमा तुषित देवलोकमा वस्ने श्वेतुकेतु बोधिसत्व सेतो वर्ण हात्तीको रूप धारण गरी त्यहीं नजीकैको सुवर्ण-पर्वतमा एकैछिन यताउति टहली तल झरेर फेरि त्यही चाँदीको पर्वतमा उक्ले।

चाँदीको सिक्री जस्तो उज्ज्वल आफ्नो सूँडले परिशुद्ध श्वेत पद्म एउटा लिएर आफ्नो स्वभावानुसार गर्जन गरी कनक-विमानभित्र पसेर मायादेवी आराम गरेको पलङ्गलाई तीन पटक परिक्रमा गरी रानीको दाहिने काखीसनिबाट पेटभित्र पसे।"

सपना देखी डराएकी रानीले बिहान सबेरै महाराजा शुद्धोदनको सामू गएर सबै वृतान्त बताइन्। महाराजले तुरुन्तै चौसठ्ठी जना ब्राह्मणाचार्य्यहरूलाई डाकून पठाई सुवर्णका भाँडाहरूमा खीर राखी घिउ, सखर, मह आदि दान गरे। अनिपछि एकएक जोर सेतो वस्त्र पनि दान गरी बितेको रातमा महारानीले सपनामा देखेको कुरा ब्राह्मणहरूको समक्ष राखे।

ब्राह्मणहरूले राजामा यस प्रकारले विन्ति गरे— "महाराज ! सपना सार्है शुभ लक्षणको छ। महारानीको कोखबाट एउटा ठूलै महापुरुषको जन्म हुने छन। त्यो बालक राजपाट सह्मालेर गृहस्थी नै भएर बसे भने चक्रवर्ती राजा हुने छन्। यदि संसार त्यागेर संन्यासी भएर गए भने बुद्धत्व नै प्राप्त गरी सर्वज्ञ हुने छन्।"

ब्राह्मणवर्गका यस किसिमको उत्तर सुनेर राजा रानी दुबै आनन्दले विभोर भए। राज्य भरी उतसव मनाउने हुकुम दिए।

यसरी बोधिसत्वले महामायादेवीको कोखमा प्रवेश गरेको आषाढ पूर्णिमा उत्तराषाढ नक्षत्रको शुभदिन थियो। त्यसबेला संसारमा बत्तीस प्रकारको लक्षण प्रकट भई महाभूकंप समेत् भयो।

बोधिसत्वले मायादेवीको कोखमा बास लिएको समय-देखिन् चारजना लोकपाल देवताहरूले रानी र बोधिसत्व

दुवैको आरक्षा गरिरहे। राजा शुद्धोदनलाई पनि त्यस दिन- देखि नाना प्रकारको लाभ हुँदै आयो। रानीको धर्मचेष्टा पनि बढ्दै गयो। त्यस बेलादेखि पुरुष-तृष्णा पनि रानीलाई जीवन भर भएन। गर्भिणी भए तापनि महारानी- लाई जीउ गह्रौं कहिल्यै अनुभव भएन, थकाइ पनि कहिल्यै लागेन। कुनै प्रकारको रोग व्याधले पनि छोएन। तैपनि राजाले रानीका धाई सुसारेहरूको संख्या बढाई दिएका थिए।

मायादेवीलाई देवताहरूको आरक्षा

हजारौं दासी सुसारेहरूले सेवा गरिएकी महारानीको गर्भ क्रमशः दश महीना पुग्यो। एकदिन रानीलाई एक पटक माइत जान साह्रै इच्छा लाग्यो र राजालाई विन्ति गरिन्। राजाले हुन्छ भन्ने अनुमति दिई कपिल- वस्तुदेखि देवदह नगर सम्मको बाटो सफा गराउन लगाई ठाउँ ठाउँमा पूर्ण- कलशादि राख्न लगाए। वैशाख पूर्णिमाको दिन रानीलाई सुवर्णमय पालकीमा विराजमान गराई नगरका सबै सैन्य तथा कर्मचारीहरूले पछि लगाई माइत पठाइदिए।

मायादेवीको माइत गमन

महामायादेवी पनि देशका सबै महापुरुषहरूद्वारा अनुगमन गराई देवदहको निमित प्रस्थान गरिन्। बीच बाटोमा नन्दनवन जस्तो असाध्य रम्य लुम्बिनी भन्ने एउटा शालोद्यान पर्दथ्यो। त्यो उद्यानमा नगरका राजकुमारीहरू बराबर आएर खेल्न तथा हावा खान आउने गर्दथे। महारानी त्यहाँ पुगेपछि त्यस रम्य उद्यानको आनन्द लिन एकछिनको निम्ति पालकीबाट वर्लिन् र

बोधिसत्व जन्म

मनपरेका चार पांचजना परिचारिकाहरू साथमा लिई त्यस उद्यानभित्र प्रवेश गरिन्।

त्यहां महारानीले परिचारिकाहरू सहित भएर उद्यानको प्राकृतिक सौन्दर्य्यको सुखानुभव गरिन। त्यसवेला रानीलाई आफ्नो शारीरिक स्वभावमा केही परिवर्तन भएर आएको अनुभव भयो। रानी त्यहीं नजीकैको शालवृक्षको एउटा हांगो समातो उभिइन। परिचारिकाहरूले महारानीको परिस्थिती बुझेर चारैतिर कपडाको घेरा लगाइदिए। सैन्यादि लस्करहरू पर परसम्म हटेर गए। माथि आकाशमा ब्रह्मादि देवताहरूको हूल भयो। त्यसै शालवृक्षको मनि रानी मायादेवीलाई बत्तीस लक्षणले युक्त भएको पुत्ररत्न पैदा भयो। त्यही सुसमयमा प्रकट भएर महाब्रह्माले बालकलाई सुवर्णमय जालमा थापी लिए, र रानीको सामू राख्दै भने – 'महारानी, बत्तोस लक्षणले युक्त भएको महानुभाव संपन्न कुमार प्राप्त भएको छ, सन्तोष गर्नु होस्।'

त्यसै शुभ मुहुर्तमा आकाशबाट पुष्पवृष्टि सहित शीतोष्ण जलधाराको पनि वृष्टि भयो। महाब्रह्माको हातबाट त्यो बालक लोकपाल देवताहरूले मङ्गल सुसम्मत सुखस्पर्श भएको मृगचर्ममा थापिलिए। तिनीहरूको हातबाट पनि देशका गण्यमान्य महाजनहरूले कोमल पवित्र वस्त्रमा थापिलिए।

त्यसपछि त्यो बालकले महाजनहरूको हातबाट मुक्त भई जमीनमा उभिएर सबभन्दा पहिले पूर्व दिशातिर हेरे। त्यस बखतमा त्यहां चक्रवालहरू मैदान जस्तो भएर गए। देवगण तथा मनुष्यहरूले पुष्पवृष्टि गरेर पूजा गरे। त्यस बालकको रूप धारण गर्ने बोधिसत्वले यस्तै प्रकारले दश दिशातिर हेरे।

बोधिसत्वको सिंहनाद

अनिपछि कतैपट्टि पनि आफूसमान योग्य कुनै नदेखेपछि पुनः उत्तर दिशातिर फर्केर सात कदम अगाडि बढी 'अग्गो-हमस्मि लोकस्स' अर्थात् संसारमा अग्रपुरुष मैं हूँ भनी सिंहनाद गरे। त्यस वखतमा महाब्रह्माले त्यस बालकलाई श्वेत छत्रले ओढाए। इन्द्रले चँवर हम्के। अरू देवताहरूले राजक्ककुधभाण्ड लिई पछिपछि गए।

बोधिसत्वहरूको अन्तिम जन्म हुंदा मातृकोखमा ठीक दश महीना सम्पूर्ण भएकै दिनमा जन्मन्छन्। अन्य साधारण मानिसहरू झैं नौ महीना अथवा दश महीना वितिसकेपछि कहिल्यै जन्म लिंदैनन्। जन्मदिने बुद्धमाता उभिएकै हुन्छिन्। जन्महुने बोधिसत्व पनि धर्मासनबाट बलेको धर्मकथिक झैं वर्लन्छन्। गर्भ प्रवेशको वखतमा झैं अहिले जन्मको समयमा पनि वत्तीस प्रकारको पूर्वलक्षण देखिन थाल्यो। भूमिकम्प पनि त्यस्तै भयो।

दीपंकर बुद्धसित बुद्धत्वको प्रार्थना गरेदेखिन् बुद्ध हुन आउँदा सम्ममा बोधिसत्वले जन्म लिनासाथ कुरा गरेको जम्मा तीनै पटक मात्र हो। एक पटक, महोसध पण्डित भएर जन्म लिन आउँदा, दोश्रो पटक विश्वन्तर राजकुमार भएर जन्म लिन आउँदा, र यस पालि सिद्धार्थकुमार भएर जन्म लिन आउँदा।

सिद्धार्थ राजकुमार उत्पन्न भएकै दिनमा अरू सात कुरो पनि उत्पन्न भए। तिनीहरू यी नै हुन्— यशोधरादेवी, छन्न सारथी, कालुदायी अमात्य, मङ्गल हात्ती, कन्थक घोडा र धनले परिपूर्ण घडा चारवटा।

यस प्रकारले बोधिसत्व अर्थात् सिद्धार्थकुमारको वैशाख पूर्णिमाको दिन लुम्बिनी वगैचामा जन्म भयो।

कपिलवस्तु तथा देवदह दुवै नगरका सकल प्रतिष्ठित व्यक्तिहरू त्यस लुम्बिनी उद्यानमा भेला भएर ठूलो हर्ष उत्सव मनाए। रानी मायादेवी सिद्धार्थ कुमारलाई लिएर राजकर्मचारी तथा महाजनहरू सहित सिंदूरजात्रा गरी कपिलवस्तु फर्किन्।

'बोधिसत्वको जन्म भयो। अब वहाँले बोधिवृक्षको मनि वसेर बुद्धत्व प्राप्त गर्नु हुनेछ।'— भन्दै देवलोकमा देवताहरू पनि उत्सव मनाइरहेका थिए। त्यस वखतमा महाराज शुद्धोदनको दर्वारमा बराबर आवत-जावत गरिरहने, अष्ट समापत्ति ध्यान प्राप्त गरेका, अतीतका चालीस र अनागतका चालीस कल्प ध्यानदृष्टिले देख्न सक्ने कालदेवल नाम गरेका तपस्वी दिवाभोजन पछि, आजको दिन देवलोकमा गएर बिताउनु पर्‍यो भनी जाँदा त्यहाँ देवताहरू त्यस्तो उत्सवमा मग्न भैरहेका देखेर त्यस उत्सवको कारण सोधे। देवताहरूले उत्तर दिए— 'मारिष, शुद्धोदनलाई बत्तीस लक्षणले युक्त भएको पुत्ररत्न प्राप्त भएको छ। त्यस बालकले यस संसारमा धर्मचक्र प्रवर्तन गर्न छ। अनन्त बुद्ध-लिला हेर्न पाइने भयो भनी यो हर्ष उत्सव गरिरहेका हौं।'

यस्तो उत्तर सुनेर तपस्वी कालदेवल तुरुन्त देवलोकबाट फर्केर कपिलपुर राजभवनमा गए। त्यहाँ पुगेपछि आफ्नो आसनमा बस्दै भने— 'महाराज, तपाईलाई पुत्ररत्न लाभ भएको छ भन्ने सुनेर आएको हुं। म पनि भगवान्‌को दर्शन गरेर आफूलाई कृतार्थ संझूं।'

महाराज शुद्धोदनले वालकलाई तपस्वीको चरणमा वन्दना गरान अगाडि लैजांदा वालकको खुट्टा तपस्वीको टाउको तिर वढ्यो। तपस्वीले पनि त्यस वालकको लक्षण बुझेर मनमा कुनै किसिमको अभिमान नराखी ‘ यो वालक त संसारका अग्रमहापुरुष हुन् ’ भन्ने जानेर आसनवाट उठी त्यस वालक अर्थात् वोधिसत्वको चरण-कमलमा टाउकोले वन्दना गरे।

यस्तो आश्चर्य घटना देखेर महाराज शुद्धोदनले मेरो छोरा साधारण हवोइन, नत्र यत्रो महाऋषिले पनि किन वन्दना गर्दथे भनी आफूले पनि पुत्रको श्रीचरण-मा सादर प्रणाम गरे। आँखावाट हर्षाश्रु निकाली चित्तानन्दमा डुवे। महाराज शुद्धोदनको यो प्रथमवार पुत्र वन्दनाथियो।

पिताको प्रथमवार पुत्र वन्दना

कालदेवलले यो वालक पछि बुद्ध हुने हुन् कि होइनन् भनी आफ्नो दीव्य चक्षुले विचार गरो हेर्दा निश्चय पनि यसले वुद्धत्व प्राप्त गर्ने छन् भन्ने थाहा पाई ‘ यो वालक संसारमा दुर्लभको पुद्गल हो ’ भनी जानी मुसुक्क हाँसे। फेरि, त्यस्ता दुर्लभ महापुरुषको दर्शन प्राप्त हुने हो कि होइन भनी ध्यानले विचार गरी हेर्दा सय्यौं हजारौं वुद्धहरूले पनि वोध गराउन नसक्ने अरूप भवनमा आफू जन्म हुन जाने थाह पाई; अव मैले यो वालक वुद्ध हुने देख्न पाइने भएन भन्ने जानी गहभरो आँशु राखेर वसे। तपस्वीको अनुहार हेरेर वसेका राजाले मनमा त्रास उत्पन्न गराएर सोधे— ‘ भो गुरू ! आँखा भरी आंशु किन गर्नुभो ? राजकुमारलाई विघ्न-वाधा उत्पन्न हुने कुनै डर छ कि ? ” राजाको यस्तो प्रश्न

कालदेवल तपस्वीको शोक

सुनेर तपस्वीले भने— ' राजन् ! राजकुमारलाई कुनै किसिमको हानी हुने डर छैन । यो कुमार अवश्यै पनि बुद्ध हुने छन् । म अभागी रहेछु, यस कुमारले बुद्धत्व प्राप्त गर्नु भन्दा अगाडि म अरूप भवनमा जन्म लिन गैसक्नेछु । बुद्ध-दर्शन मैले प्राप्त गर्न सक्ने भइन भन्ने आफ्नो दीव्यचक्षुले देखी साह्रै मनमा दुःख लागेर मात्रै आंखामा आंशु आएको हो । "

तपस्वी कालदेवलले आफ्ना नाता कुटुम्बहरूको कुलमा, यो बालक बृद्ध हुन्जेलसम्ममा बाँचिरहने कुनै व्यक्ति होला कि भनी ध्यान दृष्टिले हेर्दा नालक भन्ने आफ्नो भान्जा एउटाले यो सौभाग्य प्राप्त गर्नेछ भन्ने कुरा थाह पाए । त्यसपछि उनो आफ्नी बहिनीको घरमा पुगे, र भने— ' बैनी ! तिम्रो छोरा खोई ? एकछिन उल्लाई यहाँ डाक त । '

अगाडि प्रणाम गरेर उभिन आइपुगेको भान्जा नालक-लाई कालदेवलले भने — ' भान्जा, महाराज शुध्दोदनको कुलमा बत्तीस लक्षणले युक्त भएको बालकको जन्म भएको छ । त्यो बालक निश्चय पनि बुध्दत्व प्राप्त गरी बुध्द हुने छन् । म अभागी रहेछु— उनी बुध्द हुनुभन्दा अगाडि नै मैले यो नश्वर देह छोड्नु पर्ने छ । तिमी भाग्यमानी रहेछौ— उनले बुध्दत्व प्राप्त गरेको तिमीले देख्न पाउने छौ । तिमी आजैदेखि उहांको नाममा प्रव्रजित भएर जाऊ । '

नालकको प्रव्रज्या

कालदेवलको कुरा सुनेर चौरासी करोड धनका स्वामी नालक, मेरो मामाले कहिल्यै न भएको कुरा गर्नु हुन्न भनी, तुरुन्तै त्यही मुहुर्तमा काषायवस्त्र तयार पारी गृहलाई त्यागेर,

'संसारमा अग्र श्रेष्ठ पुरुषको नाममा आज म प्रव्रजित भएँ' भनी बोधिसत्व रहेको दिशातिर हेरी पञ्चाङ्ग प्रणाम गरी कापायवस्त्र धारण गरी हिमालयतर्फ प्रस्थान गरी श्रमणधर्म पालन गरेर बसे। बोधिसत्व अर्थात् शाक्यकुमार बुद्ध भैसकेपछि भिक्षु नालक उनकहाँ पुगेर 'नालकोवाद' भन्ने सूत्रान्तरको उपदेश सुनिसकेपछि फेरी हिमालयमा नै गएर धर्माचरण गरेर अर्हत् भए। त्यसपछि सुवर्णमय पर्वत एउटामा गई उभिएको उभिई अनुपाधिशेष निर्वाण भएर गए।

शाक्यकुलमा पाँचौं दिनमा नामकरण गर्ने रिति थियो। त्यसदिन शहर भरी सिंगारिएको थियो। राज भवनमा चार प्रकारको सुगन्धले लिपपोत गराइयो। लावा अबीर आदि पाँच प्रकारको फूल भईमा छरि राखेका थिए। त्रिवेदमा पारङ्गत भएका एकसय आठ ब्राह्मणदेवताहरूलाई निमन्त्रणा गरे। खीर आदि मिष्टान्नले ती ब्राह्मणहरूलाई भोजन गराई सकेपछि राजा शुद्धोदनले बालकलाई

सिद्धार्थकुमारको नामकरण

के नामकरण गर्ने भनी सोधे। ती एकसय आठ ब्राह्मणहरू मध्येमा राम, धज, लक्षण, मन्त्री, भोज, सुयाम, सुदत्त र कौण्डन्य नाम गरेका ज्योतिषादि षट्शास्त्रमा पारङ्गत भएका अति श्रेष्ठ आठजना पण्डितहरू पनि थिए। तिनीहरूले बालक शाक्यकुमारको शरीरादि लक्षण परीक्षा गरेर हेरे। अनि कौण्डन्य बाहेक सातजना पण्डितहरूले दुइटा औंला ठड्याई भने— 'राजन्! यो बालक राजपाट संभाली गृहस्थाश्रममा नै रहे भने अद्वितीय चक्रवर्ती राजा हुनेछन्। यदि संसार त्यागेर संन्यासी भएर गए भने त्रिलोकाचार्य्य सर्वज्ञ बुद्ध हुने छन्। यसमा कुनै संदेह छैन।'

तो आठैजना पण्डितमध्ये सबभन्दा कान्छो कौण्डन्य नामक पण्डितले एकै औंला मात्रै ठड्याई भने— ' महाराज ! यो बालक अवश्य पनि सर्व अर्थ सिद्ध गरेर बुद्ध नै हुनेछन्। यिनले गृहस्थो भएर जीवन बिताउने छैन। यो म निश्चय गरेर भन्छु। "

सर्व अर्थ सिद्ध गर्न सक्ने हुनाले पण्डितहरूले त्यस बालकको नाम ' सर्वार्थसिद्ध ' भनेर राखे। अर्थसिद्ध गर्ने हुनाले ' सिद्धार्थ ' मात्रै पनि भन्दछन्।

यसरी कौण्डन्य पण्डितले स्थिर रूपले यस बालकले गृह त्यागेर जानेछन् भन्दा राजा शुध्दोदनलाई त्यसबेला हर्ष र विस्मात् दुवै भयो। हर्ष यस कारणले कि आफ्नो बुढेशकालमा पाएको छोरो भएता पनि सर्वज्ञ बुध्द भएर संसारकै गुरू हुनेछन्; विस्मात पनि यस कारणले कि एक्लो छोराले कुलमर्यादा राजपाठ कुनै न थामी गृहत्याग गरेर जाने छन्। तर, यो भ्रम राजालाई मात्रै भएको हो। संसारमा परोपकार तथा धर्म, राजपाटभन्दा ठूलो छ। राज्य मानिसले मरेपछि लान पाउने वस्तु होइन; तर, धर्मले मानिसलाई मरेपछि पनि छोड्दैन।

त्यसपछि राजाले पण्डितहरूसित ' यो बालकले के कारण देखेर गृहत्याग गरेर जानेछ ? ' भनी सोध्दा पण्डितहरूले यस प्रकारले जवाक दिए— ' वृध्द शरीर देख्दा, रोगी देख्दा, मृत शरीर देख्दा र संन्यासी रूप देख्दा यो कुमार त्यागी भएर जाने छन्। '

पण्डितहरूको यस्तो कुरा सुनेर राजाले आज्ञा दिए— ' राजकुमार सिध्दार्थले त्यस्तो रूप देख्ने कहिल्यै मौका

पावस्। यसमा राजदर्वारका हरेक कर्मचारीहरू चौबीसै घण्टा सचेष्ट रहुन्।'

मेरो एक्लो छोरालाई बुध्दत्वको कुनै खाँचो छैन। जे गरेर भए पनि मेरो छोरालाई हजारौं द्वीपका अधिपति गराएर चक्रवर्ती सम्राट् तुल्याउन पाए पुग्छ— भन्ने राजाको चिन्तना थियो।

यसरी त्यस शाक्यकुमारको 'सर्वार्थसिध्द' नामक नामकरण, चौरासी हजार राजाका आफ्ना नाता कुटुम्बहरूको समूहमा, भएको थियो।

परिच्छेद तेश्रो

सिध्दार्थ राजकुमारको भरणपोषणको निंति राजा शुध्दोदनले सहस्रौं धाईहरू राखिदिए। सिध्दार्थकुमार जन्म भएको सातौं दिनमा रानी मायादेवी परलोक भइन्। अनि बालक राजकुमारको पालनपोषणको काम प्रजापती गौतमीले गरिन्।

समय बित्दै गयो। राजकुमारले बाललिला देखाउन थाले। आषाढको महीना थियो। कपिलनगर-बासीहरूको रोपाइँको चाड आइपुग्यो। महाराज शुध्दोदनको रोपाइँ गर्ने मङ्गल दिन पनि आइपुगि हाल्यो। शहर सिंगारियो। नगरबासी महाजन-हरू सबै भेला भए। सबैले श्वेतवस्त्र लगाएका थिए। मानो शहर भरी मोतिया फूल फुलेर यताउति घुमिरहेका जस्ता देखिन्थे। राजभवनमा रोपाइँको शुभदिन थियो। एकघटी आठसय हलगोरू सिंगारिएका थिए। राजाले जोत्ने गोरूका सिंगहरूमा सुनको पाताले मोडिराखेका थिए। राजा शुध्दोदन, पुत्र सिध्दार्थलाई लिई, श्वेतवस्त्र धारण गरी राजकर्मचारी तथा महाजनहरू सहित भएर खेततिर गए।

त्यस खेतको एक छेउतिर एउटा जामुनको वृक्ष साह्रै शोभायमान भएर खडा थियो। राजाले त्यस ठाउँमा सुघर सफा गराउन लगाई पाल टांगी राजकुमारलाई त्यहीं परिचा-रिकाहरूको देखरेखमा छाडी आफूहरू खेततिर गए। सुवर्णमय सिंग भएका आफ्ना निंति सिंगारिराखेका हलगोरू लिई राजा खेत जोत्नमा मग्न भए। अरू महाजन तथा राजकर्मचारीहरूले पनि खेत जोत्न थाले।

त्यस वखतमा त्यहाँ विशाल जनसमूह राजाले सूवर्णमय हल जोतेको हेरिरहेको थियो। सिद्धार्थकुमारकहाँ पालो बसिरहेका परिचारिकाहरूले मन थाम्न सकेनन् र राजकुमारलाई एक्लै त्यहीं छाडी दगुर्दै त्यो मङ्गलोत्सव हेर्न गए। त्यसैवेला पलंगमा सुतिरहेका बालक कुमार उठेर त्यही पलंगमै पलेटी कसी ध्यान गरेर बसिरहे।

कुमार ध्यानमा बसिरहेका

उत्सव हेरेर मग्न भैरहेका दासीहरूले वृक्षमनिको राजकुमार झसक्क सम्झे। दौडेर गएर हेर्छन् त। हेर्दैमा हिस्सी लाग्दो सानो सुवर्ण-वर्णको बालक कुमार पलंगमा पलेटी कसेर ध्यान गरी बसिरहेका देखेर आश्चर्य मानी दगुर्दै गएर राजाका जुनाफमा जाहेर गर्न पुगे। त्यसवेला त्यहाँ रहेका वृक्षका हांगाहरूका छाया, दिन घड्कनुको साथै सबै लाम्चो-लाम्चो भएर गैरहेका, तर एउटा रूखको छाया, जसको मनि बालक थियो, भने पहिलेकै अवस्थामा रहेको देखे। राजा तुरुन्तै आएर हेर्न आउंदा बालक त पलंगमा पलेटी कसेर आसन जमाई ध्यानमा बसिरहेको र रूखको छाया समेत् स्थीर रूपमा रहेको देखे। यस्तो आश्चर्यमय लीला देखे पछि राजाले त्यही बेला छोरा सिद्धार्थकुमारलाई साष्टाङ्ग प्रणाम गरे। राजा शुद्धोदनको यो द्वितीय पटकको पुत्रवन्दना थियो।

पिताको द्वितीयवार पुत्रवन्दना

समय वित्दै गयो। राजकुमारले किशोरावस्थामा पदार्पण गरे। राजाले कुमारको निंति रम्य, सुरम्य र शुभ नाम गरेका साह्रै मनोहर तीनवटा महल बनाइदिए। रम्य नामक

महल नौ तल्ले, र हेमन्त ऋतुको निंति सात तल्ले सुरम्य नामक महल थियो। वर्षा ऋतुमा वस्नको निंति पाँच तल्ले महल 'शुभ' थियो। घरवार छाडेर जोगी वनी गइदेला भन्ने राजालाई हरहमेशा त्रास थियो। संसारमा भुलाइराख्नको निंति राजाले कुमारलाई भोजमज्जाका सबै सामग्री जुटाइदिए। सेवाको निंति नाच्न गाउन जान्ने हजारौं नानी सुसारेहरू राखिदिए। तिनोहरूको मुख्य काम राजकुमारलाई यस संसारमा भुलाइराख्नु थियो। क्रमशः कुमार पनि युवक हुँदै आए। विवाह गरिदिन राजाले कन्या पनि खोज्न पठाउन शुरू गरे।

राजकुमारको शिल्प प्रदर्शन

तर, पाएको बखतमा लोकले भन्न किन बाँकि राख्थे! केटीतर्फका मान्छेहरूको यस्तो किसिमको भनाइ राजाले खानु पर्दथ्यो—"धनुर्विद्यासम्म पनि नजानेका राजकुमार कस्ता! राजकुमार भएपछि सबै कुरा जानिराख्नु पर्छ। राजाहरूलाई भनेको युद्धको त्रास हरहमेशा भैरहन्छ। त्यस अवस्थामा त्यो सिद्धार्थकुमारले के गर्लान्! रूपले के गर्छ! शिलपादि शास्त्र केही न जानेका खाली स्वास्नीमान्छेहरूको बीचमा बसेर जीवन विताएकालाई कसले आफ्नी छोरी दिन्छ।"— इत्यादि।

तिमीलाई यस्तो पो भन्छन् भन्ने कुरा राजाले कुमारलाई सुनाएपछि राजालाई कुमारले यस किसिमले भने—'भो पिता, यस विषयमा हजूरले कुनै चिन्ता लिइबक्सनु पर्दैन। नाता कुटुम्व तथा अरू राजाहरूको, मेरो धनुषादि विद्याको करामत हेर्ने नै इच्छा रहेछ भने म देखाइ दिने भएँ। आजको सातौं दिनमा मैले धनुर्विद्याको कौशल देखाउने भएको छु भनी

झ्याली पिट्न लाइबक्सियोस्। आफ्ना धनुर्विद्याको करामत देखाउने इच्छा भएका अरू कुमारहरूलाई पनि डाकन पठाइ-बक्सियोस्।'

छोराको कुरा सुनेर हर्षित भएका राजाले देशभरी झ्याली पिट्न लगाए।

तोकिएको समयमा नाना देशबाट शिल्पादिमा पोख्त धनुर्धर क्षत्रीय राजकुमारहरू कपिलपुरमा जम्मा हुन आए। सिद्धार्थकुमार पनि आफ्ना साथीहरूसहित प्रदर्शन मैदानमा आए। मैदानमा विशाल जनसमूह भेला भैसकेको थियो। विभिन्न स्थानबाट आएका कुमारहरूले आफ्ना आफ्ना योग्यता देखाए। शाक्यकुमारले पनि बान्ह प्रकारको शिल्पादि धनुषविद्या देखाएर सारालाई आश्चर्य र चकीत पारिदिए। अनिपछि जनसमूहबाट यस्तो ध्वनि आएको सुनियो— "कहिल्यै हेर्न नपाएको यस्तो चमत्कारी धनुर्विद्या सिद्धार्थले कहाँबाट सिके, कहिले सिके! धन्य सिद्धार्थ! धन्य शाक्यकुमार!"

शाक्यकुमार सिद्धार्थ सोन्ह वर्ष पुगेपछि राजा शुद्धोदनले यशोधरा नाम गरेकी परम सुन्दरी सुप्रबुध्दकी पुत्रीसंग उनको विबाह गरिदिए।

परिच्छेद तेश्रो

एकदिन सिध्दार्थ कुमारले उद्यानमा घुम्न जाने इच्छाले सारथी छन्नलाई रथ ल्याउने आज्ञा दिए। सारथी छन्नले पनि रथलाई मानो देव-विमानै सरी सिंगारी चारवटा घोडा जोती कुमारको अघिल्तिर ल्याई पुर्‍यायो। कुमार त्यसर थमा चढेर उद्यान भ्रमणको निंति राजप्रासादबाट प्रस्थान गरे। त्यस बेलाको सहरको सफाई र शृंगार पनि हेर्न लायकको थियो।

राजकुमार सारथीसित प्रिय सम्भाषण गर्दै बाटोको रमणीयता अवलोकन गर्दै उद्यानको निंति जांदै थिए। त्यही बेला अलि परबाट एउटा कुप्रो वृध्द पुरुष दाहिने हातले लठ्ठी टेक्दै थरथर कांपदै बाटोमा हिंडिरहेको देखियो। त्यो वृध्द पुरुष यतिको कुप्रिसकेको थियो कि घुंडाले च्यूंडो छोइएला जस्तो थियो। दांत जम्मै झरिसकेको हुनाले चाउरी परेका दुवै गाला भित्र पसिसकेका थिए। कपाल जम्मै फुलेर सेताम्य भैसकेको र आंखा धसिएर भित्ताका खोपा झैं देखिन्थे। छाला धोबीले चुनेर ल्याएको लुगा झैं चाउरी परेको थियो। दरवारको आनन्दमा डुबेका, खालि गुलावी फट्किमा ढालेका जस्ता सुवर्णमय युवतीहरूको बीचमा जीवन विताएका, राजकुमारले आज यस्तो वृध्द पुरुपलाई देखेर सारथी छन्नसित सोधे— " छन्न! यो कस्तो किसिमको जीव हो?"

कुमारले देखेका चार निमित्त

" कुमार, यो पनि हामी जस्तै मनुष्य हो।"

" छन्न, यो हामी जस्तै मनुष्य हो भने यो हामी झैं हट्टाकट्टा र राम्रो किन भएन?"

"कुमार, वृद्धावस्थामा पुगेपछि सबै मनुष्य यस्तै हुन्छन्। सबै मनुष्यले एकदिन वृद्ध हुनै पर्दछ, र त्यस्तै चाउरी परेर कमजोर अवस्थामा पुग्नुपर्छ।"

"छन्न, त्यसो भए के त मैले पनि एकदिन त्यस्तै हुनु पर्छ?"

"कुमार, संसारका सबै मनुष्य एकदिन त्यस्तै अवस्थामा पुग्छन्।"

"छुटकाराको कुनै बाटो नै छैन?"

"ज्यू, कुमार!"

"तिमीले त साह्रै आश्चर्यको कुरा सुनायौ!"

यो दृश्यले कुमारको आंगै जिरिङ्ग भएर आयो। मनुष्य मात्रले यस्तो अवस्थामा पुग्नु पर्छ भन्ने कुराले चेतना नै हराएको जस्तो भयो। भरिएको गाग्रोमा एक ठाउँमा एउटा सानो प्वाल परेपछि जस्तो पानीको धारा छुट्न थाल्दछ त्यस्तै कुमारको हृदयमा धेरै कालदेखि जमिरहेको वैराग्यरूपी ज्ञानको धाराको मूल फुट्यो। हृदयरूपी आकाशमा वैराग्यरूपी हूरी आएर विषयरूपी बादल जम्मै उडाएर लग्यो। सुख भनी च्यापी राखेका पञ्चविषय जम्मै दुःख हो भन्ने थाहपाई विरक्त भएको कुमारले सारथीलाई आज्ञा दिए— "छन्न, रथलाई राजभवनतर्फ मोड। यस्तो दुःखमय संसारमा बसेर के उद्यानको सयल गर्न-जानु!"

सारथीले कुमारको आज्ञा पालन गऱ्यो।

राजाको हजूरमा यो सबै खबर तुरुन्त पुग्यो। मनलाई साह्रै व्याकुल पारी हत्तरपत्त दरबारका सबै नृत्यकारहरूलाई

बोलाउन पठाए र उनीहरूलाई संबोधन गर्दै भने—" हे अप्सराहरू हो, मलाई सर्वनाश हुनबाट बचाऊ। तिमीहरूले तुरुन्तै आफ्ना आफ्ना नृत्यकला देखाएर राजकुमारको हृदयाकाशमा उडेको वैराग्यरूपी बादललाई सकेसम्म चाँडै भगाएर पठाउने काम गर। "

नृत्यकार रमणीहरू पनि तुरुन्तै तयार भएर कुमारको मनलाई रसरङ्गमा भुलाइराख्न अनेक किसिमको हावभाव देखाउँदै आफ्ना आफ्ना कला प्रदर्शन गर्न थाले।

×× ×× ××

सिद्धार्थ बालावस्थादेखि नै बडा विचारशील थिए। जीवनको क्षणभंगुरताको विषयमा सोचिरहने अब उनको काम हुन थाल्यो। एकदिन फेरि उनी उद्यानमा घुम्न भनी सारथी छन्नसहित रथमा बसेर हिंडे। दैवात् त्यस बेला एकजना मानिस रोगले पीडित भएर सडकको बीचमा छट्पटाइरहेको देखे। यसको कारण सारथीसित सोध्दा उही अगाडि कै झैं उत्तर पाए। त्यस दिन पनि उद्यानतिर घुम्न जाँदै नगई मनलाई विरक्त पारी राजभवनतिर फर्के।

×× ×× ××

अब राजकुमार दिन प्रतिदिन अर्कै हुँदै गए। मनमा नाना तरहका कुराहरू खेलिरहन्थ्यो। कुमारको मनमा कुनै किसिमको दुःख क्लेश तथा पीडा उत्पन्न नहोस् भनी राजाले हरतरहका दिलबहलाउका सामाग्रीहरू जुटाइ दिए। गृहस्थ छोडेर संन्यासी भई जाला भन्ने डरले ठाउँ ठाउँमा पालो पहराहरू राखिदिए।

एकदिन कुमार सहरको मनोहर दृश्य हेर्न बाहिर गए। दाह-संस्कारको निंति लैजान लागेका केही शवहरूमा उनको दृष्टि गयो। उनले सारथीसित सोधे— "यसरी मानिसलाई बाँधेर किन कहाँ लगिरहेका हुन् ?" सारथीले जुन उत्तर दियो त्यो सुनेर लाडप्यारमा पालिएका, जीवनको क्लेशादिदेखि अनभिज्ञ कुमारको कोमल हृदयमा मर्मान्तिक वेदना पर्‍यो। अब उनले जीवनलाई अझ नजीकैबाट हेर्न आरम्भ गरे। त्यसमा उनले दरिद्रता, निराशा र दुःखको अतिरिक्त केही पनि पाएनन्। मानिसहरूको स्वार्थपरतालाई देखेर उनलाई अझ झन क्लेश बढ्यो। उनको जीवन गम्भीरतर हुँदै गयो। रात-दिन संसारको दुःख दूर गर्ने चिन्तामा निमग्न रहन थाले।

फेरि, एकदिन सिद्धार्थले काषाय-वस्त्र धारण गरी अति शान्त भावले हिंडिरहेको एकजना भिक्षुलाई देखे। पहिले जस्तै सारथी छन्नसित 'यो को हो' भन्ने प्रश्न गरे। सारथीले भने— "कुमार, यिनी एउटा भिक्षु हुन्। यिनको घरबार जहान बच्चा कोही छैनन्। नाता कुटुंबसित पनि यिनको कुनै सम्बन्ध छैन। सकल प्राणीहरू उपर समानरूपले मैत्रीभाव राखेर 'संसार दुःखको समुद्र हो' भन्ने जानी मोक्ष प्राप्तिका लागि मायाजाल जम्मै छाडेर प्रव्रजित भएर भिक्षु भएका हुन्।"

छन्नको यो उत्तर सुन्नुमात्र के थियो तिर्खाएको सिद्धार्थलाई चासो पानी प्राप्त भएको अनुभव भयो। त्यसैबेला उनले 'जगत् प्राणी सबै उद्धार गर्नको निंति अवश्यमेव म पनि यो राज्य सुखभोग छोडी त्यस्तै भिक्षु हुन जानेछु' भनी मनै मनले दृढसंकल्प गरे।

यति मनमा निश्चय लिइसकेपछि, आज मलाई मङ्गल रूपको दर्शन प्राप्त भयो भन्ने ठानी, हर्ष मानेर सारथीलाई भने— " मित्र छन्न, रथको वेग छिटो गर, आज उद्यानमा चाँडै पुगेर आनन्दपूर्वक क्रीडा गर्नु पर्दछ । " सारथीले पनि रथलाई वायुवेगले हाँकी उद्यानमा पुऱ्याइदियो । त्यहाँ कुमार दिनभरी आनन्दपूर्वक सयल गरी साँझको बखतमा मङ्गल तलाउमा स्नान गरी त्यहीं नजीकैको एउटा सफा चिप्लो ढुङ्गाको आसनमा बसे । अनिपछि परिचारिकाहरू आई उनलाई नाना वस्त्रालङ्कारादिले सिंगारी रहे । यो दृश्य इन्द्रले माथिबाट देखी विश्वकर्मा देवपुत्रलाई डाकी अऱ्हाए —" आज सिद्धार्थ कुमारको सुन्दर वस्त्र धारण गर्ने अन्तिम दिन हो । तपाईं त्यहाँ गएर वहाँलाई देवताहरूलाई सिंगार्ने झैं सिंगारि दिनुस् । "

देवपुत्र विश्वकर्मा इन्द्रको आज्ञा मुताबिक तुरुन्त पृथ्वीमण्डलमा वर्लेर मनुष्य रूपधारण गरी हूलमुलमा पसेर कुमारलाई वस्त्र लगाउनमा सघाउन थाले । आफ्नो शरीरमा विश्वकर्माको हातको स्पर्श हुनासाथ कुमारले यो त मनुष्यस्पर्श होइन देवस्पर्श हो भनी जानी हाले । देवपुत्र विश्वकर्मा कुमारलाई सकेसम्म सिंगारी देवलोक फर्के ।

त्यसै बेला राजभवनमा यशोधरालाई पुत्ररत्न प्राप्त भयो । राजा शुद्धोनदनले यो शुभ समाचार तुरुन्त कुमारलाई सुनाउन पठाउनु पर्छ भनी एउटा दूतलाई डाकी आज्ञा दिए—" हे भणे ! तिमी तुरुन्तै उद्यानमा गएर यो शुभ समाचार राजकुमारलाई सुनाएर आऊ । "

रथमा बसेर फर्केर आइरहेका कुमारले दूतद्वारा यो समाचार बाटैमा सुने । यस समाचारले सिद्धार्थलाई अलि-

कृति पनि हर्ष भएन बरू मुखलाई अँध्यारो पारी यी शब्द भने—"राहु उत्पन्न भएछ।"

यो वाक्य सुनी दूत त्यहींबाटै फर्क्यो। राजकुमारले 'राहु उत्पन्न भयो' भनी भनेको कुरा दूतद्वारा सुनेपछि राजाले घोषणा गरे—"त्यसो भए मेरो नातिको नाम 'राहुल' भयो।"

राहुलकुमारको जन्म

यस प्रकारले सिद्धार्थ-पुत्रको नाम 'राहुल कुमार' रह्यो। आज बोधिसत्व अर्थात् सिद्धार्थ कुमार अघिपछिभन्दा धेरै नै सन्तोष र खुशी हुँदै मुसुमुसु हाँस्दै नगरको परिक्रमा गर्दै राजभवनतिर फर्के। त्यस बखतमा राजभवनको सबभन्दा माथिल्लो झ्यालमा बसि रहेकी कृपागौतमी नामक क्षत्रीय कुमारीले सिद्धार्थको श्रीसौभाग्य देखेर सुमधुर स्वरले यस्तो प्रीति वाक्य उच्चारण गरेर पठाइन्—

कृषागौतमीको शान्तिपद

"निब्बुता नून सा माता निब्बुता नून सो पिता।
निब्बुता नून सा नारी यस्सायं ईदिसोपति॥"

अर्थात्—ती माता पिता दुवैले अवश्य पनि शान्त (धन्य) हुनुपर्दछ। ती स्त्री झन शान्त (धन्य) हुन् जसले यस्तो पति पाएकी छिन्।

यस्तो शान्तिपद सुनेर सिद्धार्थ कुमारले यस्तो विचार गरे—'यी कुमारीले मलाई शान्ति प्राप्त भयो भनिन्। तर, साँच्चैको शान्ति त रोगादि क्लेशबाट मुक्त भएपछि मात्र प्राप्त हुनेछ।'

अनिपछि कुमारले यस केटीले मलाई साँच्चै नै शान्तिको उत्तम शब्द सुनाइन् भनी हर्ष मानी 'अवश्य पनि मैले गृहत्याग गरेर शान्तिपदको खोजीमा जाने छु।'—भन्ने मनमा दृढ गरी आफूले लाई राखेको बहुमूल्य मोतीको माला ती कुमारीलाई इनामको रूपमा दिन पठाए। ती कृषागौतमी पनि मोतीको माला पाएर कुमार आफूउपर आशक्त भए भन्ने ठानी हर्षानुभव गरिरहिन्।

राजकुमार भवनको आफ्नो शयनकक्षमा पुगेपछि श्री-शयनासनमा लेटिरहे। सधैंको झ नर्तकी युवतीहरू पनि नाना तवरले हावभाव देखाउँदै त्यहाँ आएर गीत गाउँदै नाच्न थाले। कुमारको मनमा भने अर्कै चिन्तना थियो। त्यो गीत र नाचले उनको मन आकर्षित भएन। उनी वैराग्यरूपी विचार सागरमा मग्न हुँदै त्यहीं निदाए। जसको निंति हामी नाच्न आएका हौं उनी नै निदाए पछि अब हामी किन नाचिरहनु भनी ती नर्तकीहरू पनि सबै त्यहीं एक एक गरी सुते।

केही समयपछि कुमार निन्द्राबाट बिम्झे। यसो हेर्छन् त सबै नर्तकीहरू त्यहीं यताउती उत्तानो परेर निदाइरहेका देखे। त्यहाँ नर्तकी स्त्रीहरूको विभत्स रूप देखिइरहेको थियो। ती स्त्रीहरू मध्ये कोही उत्तानो परिरहेकी, कोही कोल्टे परिरहेकी, कोही निन्द्रामा घुरिरहेकी, कसैको आँखा उघ्रिएकै, कसैको दाँत नीच्च परिरहेको, मानो विरूपताकै एउटा प्रदर्शन थियो। त्यो शयनगृह त संग्रामभूमि जस्तै देखिन्थ्यो। तिनीहरू जम्मै लडाईंमा मारिएर सोत्रान् परी रहेका हुन् कि

नर्तकीहरूको विरूपता

भन्ने भान हुन्थ्यो । एउटा गजबैको घीनलाग्दो दृश्य देखिइरहेको थियो ।

यो दृश्य देखेर राजकुमारको मनमा यस्तो विचार उत्पन्न भयो "अहो, म त यस्तो भयङ्कर श्मसान भूमिमा बसिरहेको रहेछु, जहाँ मुर्दाहरू यताउता मिल्काइ राखिइएका छन् । यस्तो दुर्लभ मनुष्यचोला प्राप्त गरेर महामोहमा भुलेर बस्नु त साह्रै अयोग्य हो, मूर्खता हो । गृह-त्याग गरेर जन्ममरणको दुःखदेखि छुटकारा पाई निर्वाणपद अवबोध गरेर जगत् उद्धार गर्नेछु ।" अनिपछि आजकै रातमा गृहत्याग गरेर जाने निश्चय गरी पलङ्गबाट वर्ली 'त्यहाँ को छ हँ ?' भनी बोलाए । ढोकैमा अडेस लगाई उनिरहेको छन्न 'आर्य ! म छु !' भन्दै उठेर अगाडि उभिन आयो । राज-कुमारले उसलाई भने - "मित्र छन्न ! आज मैले यो राजपाट सबै छोडी जगत् उद्धार गर्ने उद्देश्यले महाभिनिष्क्रमण गर्ने निश्चय गरें । घोडा एउटा तुरुन्तै ठीक पार !"

सिद्धार्थको गृहत्याग

'हवस्' भन्दै छन्न त्यहांबाट अश्वशालातिर गयो । अश्व-शालामा सुगन्धयुक्त तेलको बत्ती बलिरहेको थियो । छन्नले त्यहांबाट एउटा बलियो राम्रो घोडा खोज्न जांदा कन्थक नामक घोड़ालाई नै योग्य ठानेर काठी कस्न थाल्यो । आज यस्तो रातमा किन काठी कस्न आएका होलान् भन्ने कुरा घोडाले बुझ्यो । अरू दिनमा झैं साधारण छांटले आज काठी कसेको पनि होइन । पक्का पनि कुमारको आज महाभिनिष्क्र-मणको दिन हो भन्ने विचार घोडाले गऱ्यो ।

सारथीलाई घोडा लिन पठाई आफू छोराको मायाले वाहिर जानुभन्दा अगाडि छोराको मुख एकपटक हेरेरै जाऊँ भन्ने इच्छाले देवी यशोधराको खोपीमा गई ढाका उघारे। त्यस-वेला यशोधराको शयनागारमा जूनको शीतल किरण लागेको झैं सुगन्धयुक्त तेलबत्ती बलिरहेको थियो। राहुलमाता यशोधरा जाइजुही आदिले सिंगारी राखेको पलङ्गमा सुतिरहेकी थिइन्। पुत्र राहुल आमाको पाखुरालाई शिरान गरी निदाईरहेका थिए। राजभवनको शयनागारमा मध्यरातको शान्त वाताव-रणमा यो दृश्य मोहलाग्दो थियो। सिद्धार्थकुमारले कोठाभित्र नपसी वाहिरै उभिएर विचार गरे। माता पुत्र दुवै अहा कति आनन्दपूर्वक निदाइरहेका छन्! पत्नीको हात सिरान गरेर निदाई रहेको छोरोलाई एकपटक माया गरुं भनुन्जेल आमा चाहिं बिम्झिहालिन् भने मेरो महानुगमनमा विघ्न आइपर्ने छ! बरू, बुद्धत्व प्राप्त गरेर आइसकेपछि मात्र छोराको मुख हेरूंला। यस्तो निश्चय गरी सिद्धार्थ त्यहाँबाट सरासर हिंडी राजभवन-बाट वर्ले।

अस्तवलमा पुगेर घोडालाई संवोधन गर्दै राजकुमारले भने—'कन्थक! आज तिमीले मलाई तार, बुद्धत्व प्राप्त गरि-सकेपछि म देवलोकसहित संसारलाई तार्ने छु।' यति भनी त्यस कन्थक घोडा चढी सारथी छन्नलाई कन्थकको पुच्छर समात्न लगाई, ठाउँ ठाउँमा पहरादिइरहेका पहरादारहरू कसैले चाल नपाउने गरी राजप्रासादको मूलढोकाबाट वाहिर निस्के। सके फर्काइ पठाऊँ भन्ने हेतुले आकाशस्थित मारदेव आई यस प्रकारले भने—"भो राजकुमार, यस्तो धनमानले परिपूर्ण राजश्रीलाई त्यागेर नजाऊ। आजको सातौं दिनमा

तिमीलाई चक्रवर्ती राजाको पदवी प्राप्त हुने छ। दुइहजार सानसाना द्वीप र चारवटा महाद्वीप तिम्रा अधीनमा हुने छन्। तिमी सम्राट्का पनि सम्राट् चक्रवर्ती हुने छौ। यस्तो श्रीसुख छाडेर जङ्गल नजाऊ, फर्क।"

यस्तो आकाशवाणी भएको सुनेर सिद्धार्थ कुमारले फरक्क फर्की माथि हेरेर भने— "तिमी को हौ?"

"म वशवर्ती देवराज हुं।"

"हे मार, चक्रवर्ती राज्य-सुखभोग प्राप्त हुने छ भन्ने कुरा मलाई पनि थाह छ। तर मलाई यस्तो राज्यसुख चाहिंदैन मलाई त जगत प्राणीहरूको उद्धार गर्न पाए पुग्छ। त्यही उद्देश्य लिएर आज म हिंडेको छु। दश लोकधातु कम्प हुनेगरी म सर्वज्ञबुद्ध हुने छु।"

राजकुमाररूपी बोधिसत्वबाट यस्तो उत्तर पाएपछि मारदेवले भने—"हुन्छ त लौ! तर, आजदेखि तिम्रो हृदयमा कामवितर्क, हिंसावितर्क, व्यापाद्वितर्क उत्पन्न भयो भने मैले तिमीलाई गर्न जानेको छु!"—यति भनी मारदेव सिद्धार्थको पछि-पछि लाग्दै दोष खोज्दै हिंड्न थाले।

राजकुमारले, थुकिसकेको थूकलाई वास्तै नगरी त्यागेर हिंडे झैं, हातमा आइसकेको चक्रवर्ती-राज्य त्यागी आषाढ पूर्णिमाको शुभदिन उत्तराषाढ नक्षत्रको शुभ मुहूर्तमा महान् राज्य सम्पत्ति त्यागेर महाभिनिष्क्रमण गरे। त्यस शुभवेलामा आकाशबाट देवगणहरूले पुष्पवृष्टि गरे। त्यस वखतमा उनको उमेर उनन्तीस वर्षमात्रै भएको थियो।

[द्वितीय खण्ड]

परिच्छेद चौथो

जगत् उद्धारको निंति राज्य सुखभोग सबै छाडी हिंडी सिद्धार्थकुमार कपिलपुरको सीमानामा पुगे। कपिलवस्तु राज्यलाई छोड्नुभन्दा अगाडि आफ्नो जन्मभूमि एकपटक हेर्नें उनको इच्छा भयो उनको इच्छालाई जानी देवताहरूले देवानुभावले कन्थकलाई कविलवस्तुतिर फर्काई दिए। आफ्नो जन्मभूमिलाई प्रणाम गरी सकेपछि उनले कन्थकलाई अगाडि बढ्ने इशारा दिए। कन्थक त्यहाँदेखि वायुवेगले अगाडि बढे।

यस किसिमले रातारात गमन गरी तीन राज्य पार गरी तीस योजन मार्ग तय गरी सकेपछि उनी एउटा मनोहर नदीको किनारमा आइपुगे। छन्न सारथीद्वारा यस नदीको

नाम अनोमा भन्ने थाह पाएपछि उनले 'त्यसो भए म प्रव्रजित हुने स्थान यही हो' भनी कन्थकलाई नदीपार हुने आज्ञा दिए। छन्नलाई आफ्नो पुच्छर समातेको समातै लगाई कन्थक नदी पार भयो। त्यसपछि कन्थकबाट चाँदीको चूर्ण जस्तो देदीप्यमान बालुवा भएको जमीनमा वर्ली छन्नलाई भने—'प्रिय छन्न! मेरो यो राजवस्त्र र कन्थकलाई लिएर तिमी घर फर्क।'

यस्तो कुरा सुनी छन्नले भन्यो-'देव! म पनि प्रव्रजित हुन्छु।'

तर ,सिद्धार्थले उनलाई प्रव्रजित हुने अनुमति दिएनन्। तीन पटकसम्म उनले आग्रह गर्दा कुमारले भने—"प्रिय छन्न, तिमी पनि अहिल्यै प्रव्रजित भयौं भने पिता शुद्धोधन महाराज-लाई म प्रव्रजित भएको समाचार कसले पुऱ्याउन जाला। त्यस-कारण यो मेरो आभरण र कन्थकलाई लिएर, म जगत् उद्धारको निंति भिक्षु भएर गएको खबर पुऱ्याउन जाऊ। म बुद्ध भएर आइसकेपछि तिमीलाई प्रव्रजित गरेर उद्धार गर्ने छु।"

यस प्रकारले आफ्नो राजवस्त्र र कन्थक घोडा दुवै छन्नलाई सुम्पिसकेपछि 'भिक्षुको निंति यो लामा लामा कपाल सुहाउँदैन' भनी खड्ग झिकी वायाँ हातले कपाल समाती दाहिने हातले काटी 'यदि मैले बुद्धत्व प्राप्त गर्न सक्ने रहेछु भने यो काटेको केश आकाशमा अडिरहने छ' भनी आकाशतर्फ हुत्याइ दिए। त्यो केश जम्मै आकाशमाथि हुत्तिदै गएर एक योजनमाथि गई अडिरह्यो। त्यही वेला शक्रदेव आएर त्यो केश आदरपूर्वक एउटा सुवर्णको वट्टामा हाली देवलोकमा लगेर 'चूडामणि चैत्य' वनाई भक्तिपूर्वक पूजा सत्कार गरी राखिछाडे।

त्यसरी खड्गले काट्दा कुमारको शिरमा दुइअंगुल जति टाँकिरहेका कपाल दाहिनेतर्फ घुंगुरिंदै गई शिरैमा टाँसि-रह्यो। त्यस बेलादेखि कुमारको केश मुण्डन गर्न आवश्यक रहेन।

यो रेशमी वस्त्र भिक्षुरूपको निति सुहाउँदैन भन्ने सिद्धार्थले गरेको संकल्प बुझी काश्यपबुद्धको समयमा उनका विश्वासी मित्र घटिकार ब्रह्माले थाह पाएर 'एक बुद्धान्तर-अगाडि यो सिध्दाथकुमार मेरा मित्र थिए। आज यिनी राज्य श्रीसम्पति सबै छाडी जगतोध्दारको निंति भिक्षु हुने विचार गरिरहे छन्' भनी श्रमण परिष्कार लिएर आई उनलाई चढाए। उनले पनि घटिकार ब्रह्माले दिन ल्याएको चीवरवस्त्र लगाई पात्र लिई भिक्षुभेष धारण गरी छन्नलाई भने— "प्रिय मित्र, तिमी गएर मेरा पूज्य मातापितालाई म यसरी भिक्षु गएर गएको कुरा सबै वृतान्त भन।"

सारथी छन्न पनि कुमारको वचन उल्लंघन गर्न नसकी अति दुःखित हुँदै, गहभरी आँशु गरी कुमारलाई तीनपटक परिक्रमा गरी श्रीचरणमा वन्दना गरी एकहातले कन्थकको लगाम समाती अर्को हातले आभरणको पोका समाती मन नलागी-नलागी त्यहांबाट फर्के। कन्थक घोडा पनि सिद्धार्थकुमारको

छन्न सारथीको विवाह

कोमल वचन संझी-संझी 'अब फेरि कुमारको दर्शन कहिले पाउँला' भनी विरह गर्दै दुःखित हुंदै फर्कंदै हेर्दै गइर-हेको थियो। टाढा हुंदै गएपछि जब कुमार देखिन छोडयो, ह्रदयले शोक थाम्न नसकी मुटु फुटेर त्यहीं लोट्यो, प्राण पनि छोडयो। त्यसपछि देवलोकमा देवपुत्र कन्थक भन्ने नामले जन्म हुनपुग्यो।

अव सारथी छन्नलाई दुःख डबलियो। पहिले खालि कुमार एकजनाको मात्रै शोक, विरह र दुःख थियो। कन्थक समेत् यसरी वाटैमा मरिदिंदा उसले पनि हृदय थाम्न सकेन। तर, नसकेर के गर्ने! उपाय नै के थियो र! आखिरमा रूंदै एकलै जङ्गलको बीचवाटोमा हिक्का छाड्दै कपिलपुरतिर सुरु सुरु हिंड्नपर्‍यो।

परिच्छेद पाँचौं

भोलिपल्ट विहान राजदरवारमा खैलाबैला चल्यो, राजकुमार कता गए, कहाँ गए ! सबै व्याकुल हुंदै यत्रतत्र खोजी गर्न हिंडे । क्रमशः यो खबर राजाको कानमा पनि पुग्यो । राजाको आँङ जिरिङ्ग भएर आयो, रिसल्ला तथा दूतहरूलाई कुमार सकेसम्म चाँडो खोजेर ल्याउने आज्ञादिए ।

कस्तो परिवर्तन ! हिजोसम्म रसरंगमा भुलेर हर्षध्वनिमा डुबेको राजदरवार, आज एकदम सुनसान र विस्मात्मा डुबेको थियो । प्रजापती गौतमी, यशोधरादेवीसहित दरवारका सबै सदस्यहरू विरह–सागरमा निमग्न भए । नगरवासीहरू कसैको पनि अनुहार उज्यालो रहेन । संसार गजब छ ! प्रेमको वस्तु शोकले अन्त भैरहेछ ! संयोगका सबै चीजवस्तुहरू वियोगले अन्त भैरहेछन् ।

सारथी छन्नको कपिलपुर आगमन

त्यस्तो कोलाहलको अवस्थामा सारथी छन्न टुपुलुक्क आइपुग्यो । राजभवनका आबाल वृद्ध स्त्री पुरुष सबैले त्यसलाई घेरा लगाउन आए । सबैको मुखमा एउटै प्रश्न थियो— 'कुमार खोई ? कुमार खोई ?' बिचरा सारथीले केही उत्तर दिन सकेन । मुखबाट एकशब्द पनि निस्केन, खालि टोल्हाएर गहभरी आँशु मात्रै लिएर बसिरह्यो । यसलाई पनि साह्रै विरह र सन्ताप लागेछ भन्ने बुझी राजा शुद्धोदनले धैर्य बधाउँदै भने— "छन्न, कुनै सुर्ता नलेऊ । कुमारको के खबर छ, भन !"

घेरै बेरसम्म आँखाबाट आँशु वहाइसकेपछि राजाबाट ढाडस पाएर छन्न बोल्यो—' महाराज ! कुमार घटिकार बूह्माले दिएको काषायवस्त्र पहिरी भिक्षुभेष लिई जङ्गलतिर जानुभो। वहाँले यो राजवस्त्र र कन्थक घोडा दिई सरकारमा यो समाचार पुऱ्याउन जा भनी मलाई मात्रै फर्काई पठाउनुभो। कन्थकले वहाँको विछोड सहन नसकी बीच बाटैमा प्राणत्याग गऱ्यो। '

परिच्छेद छैटौं

सिद्धार्थकुमार भिक्षुभेष धारण गरी त्यहीं नजीकैको मल्ल राजाहरूका अनुप्रिय नामक आम्रवनमा एक हप्तासम्म प्रव्रज्या-सुख अनुभव गरेर बसे। त्यसपछि तीसयोजनको मार्ग एकै दिनमा पार गरी राजगृह नगरमा पुगे।

राजगृहमा भिक्षाटन

त्यहाँ पुगेपछि घर-घरैपिच्छे भिक्षा माग्नेकाम गर्न थाले। उनको सुवर्णमय तेजस्वीवर्ण देखेर त्यस नगरका कुनै बासिन्दाले पनि उनलाई फलानो भनी चिन्न सकेन। नगरमा यस्तो एउटा कान्तिवान् भिक्षुको पदार्पण भएको छ भन्ने समाचार क्रमशः मगधेश्वर विम्बिसारको कानसम्म पुग्यो। आफ्नो प्रासादको सबभन्दा माथिल्लो तल्लामा गई हेर्दा त्यस्तो दीव्य-पुरुष देखी आफ्ना राजपुरुषहरूलाई डाकी राजाले यस्तो आज्ञा दिए—'हे भणे, यी पुरुषको हुन्. राम्ररी परीक्षा गरी हेर। यदि यिनी असनुष्य हुन् भने नगरबाट बाहिर हुनासाथ अन्तरधान भएर जाने छन्। देवता हुन् भने आकाशतिर जाने छन्। नागदेव हुन् भने पृथ्वीभित्र पस्ने छन्। यदि मनुष्य नै हुन् भने एक स्थानमा बसेर प्राप्त भएको भोजन गर्ने छन्।'

यस्तो आज्ञा पाएर राजदूतहरू सिद्धार्थको पछि-पछि लागे। सिद्धार्थ पनि 'यति भिक्षाले त मेरो भोजन पर्याप्त हुन्छ' भनी भिक्षा माग्नेकाम समाप्त गरी अनि भित्र पसेकै नगरद्वारबाट बाहिर निस्की पाण्डव नामक पर्वतको फेदीमा एउटा एकान्त शीतल स्थानमा आराम गरी पूर्वतिर फर्की भोजन गर्न थाले। राजदरबारमा उत्तमोत्तम भोजन गरोरहेका राजकुमारलाई

आज यस्तो सर्वप्रकारको अन्न मिसिएको वस्तु खानु पर्दा सान्है किल्किल लागेर आयो। त्यस अवस्थामा उनले यस किसिमले आत्मोपदेश (आफूले आफैलाई संझाउनु) दिन थाले—

" सिद्धार्थ ! तिमी श्रीसुखमा डुबिरहेको बखतमा एक-दिन नगर सयलमा भिक्षुरूप देख्दा म पनि भिक्षु भएर भिक्षा मागी भोजन गर्ने छु भनी प्रार्थना गरेका थियौ। आज यस भोजनलाई घृणा गरिरहेछौ ! किन यसरी घीन मानेको, हेला किन गरेको ? जुनसुकै किसिमको भोजनपनि पेटमा पुगेपछि मलमूत्र भएर जान्छ भन्ने कुरा थाह छैन ? प्राणीमात्रले भोजन गर्नु पर्ने नै किन, खालि जीवनरक्षाको निंति भन्ने ज्ञान छैन ? तस्मात् धर्मपूर्वक लाभ भएको यो भिक्षा-भोजनलाई घीन नमानी भोक मेट्नको निंति ग्रहण गर ! "

यस प्रकारले आत्मोपदेश गरी अप्रिय भावलाई मेटी भोजन गरे।

त्यस अनौठो भिक्षुले यस प्रकार भोजन गरेको देखी राजपुरुषहरू दगुर्दै मगधाधिपति महाराज बिम्बिसारलाई खबर दिन गए। यो खबर सुन्नासाथ बिम्बिसार हत्तरपत्त रथमा बसी त्यस भिक्षु भए ठाउँमा आईपुगे। त्यहां आइपुग्नासाथ रथबाट वर्ली उनको सन्मुख गई सादर नमस्कार गरी एकछेउतिर उभिए। भिक्षुको आचरण र नियममा सुप्रसन्न भएका राजा बिम्बिसारले यस प्रकारले प्रार्थना गरे—

राजा बिम्बिसार सितको भेट

" भन्ते, मेरो राजपाट जम्मै म तपाईंलाई चढाउँछु, ग्रहण गर्नु होस् र राजभवनमा बसी राज्यसुख भोग गर्नु होस्। "

भिक्षु भैसकेका सिद्धार्थकुमारले पनि यस प्रकारले उत्तर दिए— " राजन्, मलाई यस्तो संसारिक सुखभोगको आवश्यकता छैन। म पनि आफ्नो शाक्यराज्य छाडी प्रव्रजित भएको हुँ। राज्य भनेको कुरो आज छ भोलि छैन, फेरि परन्तुसम्मै रहे पनि मरेपछि त छाडेरै जानु पर्छ। हरेक प्राणीले एक दिन अवश्यै मर्नु पर्छ। म आज यस भेषमा हिंडेको पनि लोकोत्तर निर्वाण धर्मगवेषण गर्नुको निंति हो। "

तैपनि राजा बिम्बिसारले कुमार भिक्षुसित अनेक प्रकारले याचना गरे। तर दृढप्रतिज्ञ सिद्धार्थ अलिकति पनि विचलित भएनन्। यो देखी राजाले भने— " त्यसै हो भने तपाईं बुद्ध हुनु भैसकेपछि मलाई उपदेश दिन एकपटक अवश्यै यहाँ पाल्नु होला। "

' हवस् ' भनी बिम्बिसारलाई आउने वचन दिई सिद्धार्थ त्यहांबाट हिंडे।

त्यसपछि उनी त्यसबेला प्रसिद्धी प्राप्त गरेका आलारकालाम, उद्दकरामपुत्र नामगरेका पण्डितहरूका आश्रममा गए। त्यहाँ उनीहरूको आश्रममा बसेर उनले ' आकिञ्चन्यायतन र नैवसंज्ञानासंज्ञायतन ' भन्ने अरूपी समापत्ति ध्यान

आलार र उद्दकहरूको आश्रममा

प्राप्त गरे। यत्तिले पनि बोधिज्ञान प्राप्त हुन सक्दैन भन्ने जानी त्यस आश्रम छाडी एक्लै त्यहाँबाट उरूवेलतर्फ लागे। उरूवेल जस्तो चित्त शान्ति प्राप्त हुने स्थान देखेर तपश्चर्य्याको निंति या वन उत्तम छ भन्ने ठानो उहीं समय विताउने निश्चय गरे।

परिच्छेद सातौं

कुमार जन्मदाखेरि नामकरण गर्ने आठजना ज्योतिषी पण्डितहरूमध्ये कौण्डन्य नामगरेका ब्राह्मण एकजनामात्रै अहिले बाँचेका छन्। अरू सातजना परलोक भैसकेका रहेछन्। सिद्धार्थकुमार प्रव्रजित भएर उरूवेल वनमा बसिरहेका छन् भन्ने थाहपाई त्यस कौण्डन्य पण्डितले आफ्ना मरिसकेका साथीहरूका छोराहरूकहाँ गई भने— "अहिलेसम्ममा तिम्रा बाबुहरू बाँचिरहेका भए सिद्धार्थको पछिपछि अवश्य पनि प्रव्रजित भएर गैसक्ने थिए। अब तिनीहरू यस संसारमा छैनन्; त्यसकारण आज हामी प्रव्रजित हुन जाऔं, हिंड।"

पञ्चवर्गीयहरू

तर, ती सकल पण्डितपुत्रहरूको राय एउटै भएन। कौण्डन्य र अरू चारजना पण्डितपुत्रहरू एकमत भई प्रव्रजित भए। पाँचैजना एकमत भई एकैपटक भिक्षु भएर गएका हुनाले उनीहरूलाई 'पञ्चवर्गीय भिक्षु' भन्दछन्। क्रमैसित ग्राम, नगरमा भिक्षा लिंदै सिद्धार्थ भए ठाउँमा गएर उनको सेवा छःवर्षसम्म गरेर बसे।

पञ्चवर्गीयहरूद्वारा सेवा गरिएका सिद्धार्थले छःवर्षसम्म अनेक प्रकारले दुष्करचर्य्या गरे। त्यस्तरी कठोर चर्य्या गर्दा पनि इच्छापूर्ण हुने गरी बोधिज्ञान प्राप्त नभएपछि उनले त्यस किसिमको हठयोगादि शरीरलाई पीडा मात्र हुने, ज्ञानरहित, प्रज्ञारहित मार्गलाई त्याग गरी साह्रै दुबलो-पातलो भई हाड र छालामात्र बाँकी भैसकेको आफ्नो

सिद्धार्थको दुष्करचर्य्या

शरीरलाई पालन नगरी हुने छैन भनी क्रमैसित आहार ग्रहण गरी शरीर पोषण गर्न शुरू गरे।

यो देखी सेवामा लागेका पञ्चवर्गीयहरूका मनमा सिद्धार्थ-प्रति विश्वास कम हुँदै गयो। यसप्रकारले कठोर व्रतगरी घोर तपस्यामा लागी, खानपिन समेत छाडी आहार-शुद्धि गर्दा त बुद्धत्व प्राप्त गर्न सकेनन् भने, अब फेरि यस तरीकाले मिठो मिठो खाई शरीर पोषण गर्न थालेपछि पनि बुध्दत्व प्राप्त हुन सक्छ ! भना आफ्ना आफ्ना पात्र चीवर लिई सिध्दार्थलाई त्यहीं छाडी अठारयोजन पर ऋषिपतन मृगदावनमा गएर बसे।

पञ्चवर्गीहरूले छाडेर गएपछि सिध्दार्थ भिक्षाको भोजनले क्रमैसित आफ्नो स्वास्थ सुधार्दै ल्याएर चाहिने ध्यान तपस्या गरी बसे। यस किसिमले समय बित्दै गयो, र वैशाख-शुक्ल पनि आई पुग्यो। एकदिन वैशाख-शुक्ल चतुर्दशीको रातको तृतीय प्रहरमा सिध्दार्थले यस्तो किसिमको सपना देखे—

"(१) विशाल हिमालय पर्वतलाई शिरान गरी पूर्व र पश्चिमको सागरमा दुवै हात राखी, दक्षिण महासागरमा खुट्टा तेर्साई पृथ्वीमा आरामसित आफू सुतिरहेको थियो। (२) अनि नाइटाबाट कुश उम्रेर आई माथि आकाशतिर आंखैले नभेटिने गरी गैरहेको थियो। (३) दुवै पाइतलाबाट काला र सेता दुइ किसिमका कपिला आदि उत्पन्न भई माथि घुंडासम्म ढाकिने गरी आइरहेका थिए। (४) विभिन्न रङ्गका चारवटा चराहरू पाइतला नजीकैसम्म उडेर आई एकैछिन-पछि एउटै रङ्गका भएर गएका थिए। (५) अशुची भएको पर्वतमाथि रहँदा पनि अलिकति आफ्नो पाइलामा लागेको थिएन।"

यस्तो किसिमको सपना देखी भोलिपल्ट बिहान सबेरै उठी शारीरिक नित्य शुद्धिकार्य आदि गर्नु पर्ने गरी सपनाको अर्थ परिक्षण गर्दै 'आज म अवश्य पनि बुद्ध हुने छु' भन्ने निश्चय गरी चीवर पात्रादि लिई गाउँतिर भिक्षाको लागी सिद्धार्थ हिंडे तर गाउँमा गई भिक्षा माग्ने समय अझ अलि नभैसकेको हुनाले उनी त्यहीं नजीकैको एउटा ठूलो वरको वृक्षमनि गई पूर्वतिर मुख फर्काई बसे।

त्यस समयमा उरूवेल प्रदेशमा सेनानी भन्ने एउटा गाउँ थियो। त्यस गाउँमा सुजाता नाम गरेकी एउटी युवती थिइन्। वरवृक्षमा देवताको बास हुन्छ भन्ने विश्वासमा ती युवतीले

सुजाताको खीरदान

आफू कुमारी अवस्थामा 'यदि समान कुल–गृहमा गैसकेपछि सर्वप्रथम मलाई एउटा पुत्ररत्न प्राप्त भयो भने वर्षौंनी यस वरवृक्षका देवतालाई गोक्षीरले पूजा सत्कार गर्ने छु' भनी भाकल गरेकी रहिछन्। पछि तिनको मनोकामना पूर्ण पनि भएको रहेछ। तिनको गोक्षीर चढाउने दिन पनि आजै (वैशाख पूर्णिमा) रहेछ। त्यसकारण तिनले आफ्नी दासीलाई बिहान सबैरै उठाई त्यस वृक्षको फेदमा पूजा गर्नको निंति लिपपोत गर्न पठाइन्। दासी आउँछे त 'त्यस वरवृक्षको मुनि बालसूर्य्य-किरण परी सान्है राम्रो कान्तिमय चन्द्रमुख भएका, काषायवस्त्र धारण गरेका, बत्तीसै लक्षणले युक्त भएका देवतुल्य पुरुष एउटा बसिरहेका रहेछन्। यो देखी अवश्यै पनि आज वृक्ष-देवता प्रकट भैरहेका छन्' भन्ने ठानी हत्तरपत्त फर्केर गई सुजातालाई भनी—'देवी, आज तपाईको श्रद्धा र सत्कार

देखि प्रसन्न भएर वृक्षदेवता स्वयं तपाईंले चढाउने खीर भोजन गर्न प्रकट भई रूखमनि बसिरहेका छन्।"

यो कुरा सुनेर सुजाता सार्‍हैं प्रशन्न भइन् र भनिन्— "तिमीले भनेको कुरा सांच्चै हो रहेछ भने, आजदेखि तिमीलाई दासीको बन्धनदेखि मुक्त गरी आफ्नै छोरी तुल्य गरी राख्ने छु।"

यति भनी हत्तरपत्त सुवर्णपात्रमा खीर राखी सुवर्णकै ढकनीले छोपी त्यो पात्र आफ्नै शिरमा राखी दासीसित त्यस स्थानमा गइन्। टाढैबाट सिद्धार्थको कान्तिमय रूप देखी सार्‍है प्रसन्न भई टाढैबाट नमस्कार गरिन्। फेरि अगाडि पुगिसकेपछि पनि आदर तथा भक्तिपूर्वक नजीकै गई चरणमा प्रणाम गर्दै "प्रभू, जसरी मेरो मनोकामना पूर्ण भएथ्यो, त्यस्तै प्रभूको पनि पूर्ण होस्" भन्दै क्षीर-पात्र सिद्धार्थको हातमा राखिदिइन्। सिद्धार्थले आफूलाई टोलाएर हेरिरहेका देखेर फेरि प्रार्थना गरिन्—"देव! यो सुनको पात्र समेत् प्रभूमा चढाएको हुँ, ग्रहण गर्नु होस्।"

सिद्धार्थले पनि त्यो सुवर्णको क्षीरपात्र शान्तिपूर्वक ग्रहण गरे।

परिच्छेद आठौं

सिद्धार्थ क्षीरपात्र लिई त्यस आसनबाट उठी वरवृक्ष परिक्रमा गरी नेरंजरा नामक नदीतिर प्रस्थान गरे। त्यो ठाउँ अनेक शतसहस्र बोधिसत्वहरूले बुद्धत्व प्राप्त गर्ने दिनमा स्नान गर्ने स्थान थियो। आफ्नो चीवरवस्त्र फुकाली, वस्त्र र क्षीर-पात्र दुवै नदी किनारमा राखी स्नान गरे। त्यसपछि स्नान कार्य सिध्याई चीवर धारण गरी पूर्वतिर मुख फर्काई त्यहीँ नदीको किनारमा बसी अगिको खीर भोजन गरे। त्यो खीर जम्मा उनन्चास गाँस थियो।

सुवर्णपात्र नदीको विपरित गतिमा बहेको

त्यसपछि नदीमा गई 'यदि आज मैले बुद्धत्व प्राप्त गर्ने रहेछु भने यो पात्र अवश्य पनि माथितिर (विपरित दिशामा) बगेर जाने छ' भनी त्यो सुवर्णपात्र नदीमा फालिदिए। त्यो पात्र त्यस नदीमा उल्टो दिशातिर बगेर गई भमरीमा परी पहिलेका तीनजना बुद्धहरूका पात्र भएका ठाउँ नागभवनमा खस्न पुग्यो।

यस्तो पूर्वलक्षण देखी सिद्धार्थ अति सन्तोष मान्दै नजीकैको अति रम्य भद्रशाल नामक वनमा दिन भरी ध्यानमा निमग्न भएर बसे। घाम अस्ताउने बेला भएपछि त्यस ठाउँबाट उठी सरासर बोधिवृक्षतिर गए। बीच बाटोमा सोत्थिय नाम गरेको घँसिया ब्राह्मण एउटाले भेटी अति प्रसन्न हुँदै उनलाई आठ मूठा घाँस

सोत्थिय ब्राह्मणको तृणदान

दान दिए। उनले पनि त्यस घाँसीले दिएको दान स्वीकार गरे। त्यस बेला आकाशमा जम्मा भएर हेर्न आइरहेका देवतागणले पुष्पवृष्टि गरेर ल्याए।

सोत्थियको तृणदान ग्रहण गरी सिद्धार्थ गया पुगे। त्यहाँ बोधिवृक्ष नामक रूखमन्तिर गई अगिको घाँस बिछ्याएर त्यसमा बस्दै पूर्वतिर फर्की रूखमा अडेस लाएर यस्तो प्रतिज्ञा गरे— "मेरो यस शरीरमा हाड मासु जम्मै सुकेर गई खालि कंकाल मात्र बाँकी रहे पनि बुद्धत्व प्राप्त नगरी म यस आसनबाट उठने छैन।"

यस किसिमले दृढ अधिष्ठान गरी वज्रासन कसी बोधिवृक्षमनि सिद्धार्थ बसिसकेपछि नमुचिमार 'बोधिसत्व मेरो बन्धनबाट निस्कन आँट्यो' भनी आफ्ना सहस्र मारसैन्य लिएर आए। 'बोधिसत्वको आसन तेरो होइन, उठ। यस आसनमा बस्नको निम्ति तैंले के कस्तो पुण्य गरेको थिइस्? त्यसको साक्षी को छ?' भनी सोधे। यस्तो प्रश्न सुनी सिद्धार्थले 'मेरो यस संसारमा असंख्य कल्पदेखि गरेर आएको दानादि दशपारमिता बाहेक अरू केही छैन, कोही छैन, मेरा यहाँ न आमापट्टिका कोही छन्, न बाबुपट्टिका। मैले यी जम्मै पारमिता पूर्ण गरेको पनि यस पृथ्वीमण्डलमा बाहेक अन्त कहीं होइन' भन्ने विचार गरी मारलाई भने— "हे मार! मैले दशपारमिता पूर्ण गरेर आएको छु। तिमीलाई साक्षी चाहिन्छ भने यही पृथ्वीमाता छिन्।" यति भनी सिद्धार्थले भूमिस्पर्श गरी देखाइदिए। उनले भूमिस्पर्श गर्नु मात्र के थियो, ठूलो आँधिब्याधी आयो, र अनन्तकालदेखि संचित पारमी-

मारविजय

पुण्यको प्रभावले गर्दा सकल मारगण, फर्केरसम्म नहेरी, भागा-भाग भएर गए। यस प्रकारले मारगणसित संग्राम गरी, सूर्य डुब्नु भन्दाअगाडि नै सकल नमुचिमारगणलाई उनले पराजित गरे।

मारगणलाई पराजित गरेको देखी महाब्रह्मादि देवगण-हरू आई उनलाई पुष्पवृष्टिसहित पूजा गरी विजय–घोषणा गरे। यस प्रकार देवगणहरुद्वारा पूजा गरिएका सिद्धार्थले त्यस रात्रीको प्रथम प्रहरमा पूर्वानुस्मृति ज्ञान अर्थात् पूर्वजन्मको कुरा सविस्तार थाह भई आउने ज्ञान प्राप्त गरे। रात्रीको द्वितीय प्रहरमा च्युत्योत्पत्ति अर्थात् उत्पति र मरणको ज्ञान प्राप्त गरे। तृतीय प्रहरमा आस्रवक्षय–ज्ञान अर्थात् यस हेतुले यो हुन्छ, यस हेतुले यो हुंदैन, यस कारणले जन्म हुन्छ, यस कारणले जन्म हुंदैन भन्ने थाह हुने ज्ञान, जसलाई प्रतित्य-समुत्पाद–ज्ञान पनि भन्दछन् प्राप्त गरे। फेरि आफ्नो पुनर्वार जन्म पनि हुने छैन भन्ने कुरा थाह पाए। आस्रव अनुशय सबै नाश गरे। प्रत्यक्ष निर्वाण–धातु पनि अवबोध गरे।

बुद्धत्व प्राप्त

त्यसपछि सिध्दार्थले उक्त प्रतित्यसमुत्पाद–ज्ञान शुरु-देखि आखिरसम्म, र आखिरदेखि शुरुसम्म बारंबार दोहऱ्याई तेहऱ्याई विचार गरिरहेका वखतमा दशलोकधातु कम्प भयो। यस प्रकार दशभुवन कम्प गराई सिद्धार्थले "बुद्धत्व प्राप्त गरी, अरुणोदयको शुभ वेलामा सर्वज्ञ ज्ञान प्रतिबोध गरी बुद्धत्व ज्ञानको खोजी-मा अनन्तकालदेखि संसार परिभ्रमण गरी हिंडेको, आज प्राप्त भयो। तृष्णालाई क्षय गरिसकें। मेरो

बुद्धको प्रितिवाक्य

आस्रव जस्मै विनाश भैसक्यो । अब म जन्म-मरणदेखि मुक्त भएं । मलाई अब संसारको कुनै बन्धनले छुन सक्दैन ।" भनी प्रीतिवाक्य प्रकाश गरे । यस पटक पनि बुद्ध भएका सिद्धार्थलाई महाब्रह्मादि देवगणहरूले अनेक प्रकारले पूजा गरे ।

यस प्रकार शाक्यकुमार सिद्धार्थले वैशाख-शुक्ल पूर्णिमाको दिन बोधिवृक्षमनि बुध्दत्व प्राप्त गरेका थिए । यस समयमा उनको उमेर पैंतीस नाघी छत्तीस पुगिरहेको थियो । उनी महामायादेवीको कोखमा प्रवेश हुन आउँदा, लुम्बिनी बगैंचामा जन्म हुन आइपुग्दा र अहिले बुध्दत्व प्राप्त गर्दा, एउटै किसिमको बत्तीस लक्षण लोकमा दृश्यमान भएको थियो । भूमि पनि कंप भएको थियो ।

परिच्छेद नवौं

बोधिवृक्षमनि बुध्दत्व प्राप्त गरी बुध्द भैसकेपछि सिद्धार्थको मनमा यस किसिमको विचार आयो— 'चार कल्प शतसहस्राधिक असंख्य कालदेखि यो बोधि पल्लंकको कारणले गर्दा म यस संसारमा घुमिरहेको छु। त्यस लामो समय भित्रमा अनेक अलंकृत आफ्नो शिरै समेत् काटी दान गरें। आंखा झिकी दान गरें। मुटु चुंडाली दान दिएं। शरीरको मासु काटी दान गरिसकें। जालिमकुमार जस्ता छोराहरू, कृष्णाजिनी जस्ता छोरीहरू, मद्रीरानी जस्ता पत्नीहरू पनि दान गरिसकें। अब मेरो यो आसन विजयासन भयो। मेरो संकल्प आज पूर्ण भयो।"

प्रथम सप्ताह
बोधि पल्लंक

यस्तो मनमा लिई बुद्ध भएका सिद्धार्थकुमार त्यही आसनमा एक सप्ताहसम्म बसी कोटी-कोटी समापत्ति ध्यान गरी विमुक्ति सुख अनुभव गरे। बुद्धत्व प्राप्त गरी सकेपछि उनको प्रथम सप्ताह यस प्रकारले व्यतित भया।

द्वितीय सप्ताह
अनिमिस चैत्य

बुद्धत्व प्राप्त गरी सकेपछि पनि सात-सातदिनसम्म एउटं आसनमा त्यसरी उठ्दै नउठी बसिरहेका देखेर कुनै कुनै देवताहरूलाई संदेह पनि भयो। यतिका दिन भैसक्ता पनि वज्रासनबाट उठेर आउँदैनन्, अझसम्म बुध्दत्व प्राप्त गर्न सकेका छैनन कि भन्ने उनीहरूको मनमा शंका उत्पन्न हुन थाल्यो।

देवताहरूले गरेको संदेह जानी एक हप्तापछि आफ्नो आसनबाट सिद्धार्थ आकाशमा गई अनेक विधप्रातिहार्य्य ऋद्धि प्रदर्शन गरी देवगणहरूको सन्देह दूर गरी फेरि पृथ्वीतलमा नै बर्ले। त्यसपछि बोधिवृक्षको पूर्वोत्तर दिशातिर उभिई 'यस वृक्षमनि बसेर मलाई सर्वज्ञ–ज्ञान प्राप्त भयो। यस वृक्षले मेरो ठूलो उपकार गऱ्यो।' भन्ने मनसा लिई संसारलाई सर्वप्रथम 'कृतज्ञता–धर्म'—को कृयात्मक रूपले—शिक्षा प्रदान गरी एक सप्ताहसम्म आँखा खोलेको खोल्यै अनिमेष दृष्टिले बोधि-वृक्षलाई हेरिरहे। यस प्रकारले 'नेत्र–पूजन' भएको स्थानलाई अनिमिष–चैत्य भनिन थाल्यो। वुद्धत्व प्राप्त गरिसकेपछिको वुद्धको यो दोश्रो सप्ताह हो।

तृतीय सप्ताह
चक्रमण-चैत्य

यसपछि वुद्धले आफू उभिएको ठाउँबाट पूर्व र पश्चिम हेरी एक सप्ताहसम्म धर्मको नमस्कार गर्दै चक्रमण गरिरहे। त्यस स्थानको नाम चक्रमण–चैत्य कहलिन थाल्यो। वुद्धत्व प्राप्त गरिसकेपछिको उनको यो तेश्रो सप्ताह हो।

चतुर्थ सप्ताह
रत्नाधर चैत्य

तदन्तर उनी बोधिवृक्षको पश्चिमोत्तर दिशातिर गई देवताहरूले बनाइराखेको रत्नमय कुटीमा गएर बसे। त्यहाँ पनि उनले एक सप्ताहसम्म धर्मको विषयमा गम्भीर विचार गर्दै विमुक्ति अनुभव गरे। त्यस स्थानको नाम रत्नाधर चैत्य रह्यो। वुद्धत्व प्राप्त गरिसकेपछिको उनको यो चतुथ सप्ताह हो।

यस प्रकारले बोधिवृक्षको समीपमा चार सप्ताहसम्म बिताइसकेपछि पाँचौं सप्ताह पूर्वभागमा स्थित अजपाल नामक वरको रूखमनि गएर बसे। सिद्धार्थले बुद्धत्व प्राप्त गरी छोडेको र आफूले कुनै विघ्नबाधा उपस्थित गर्न नसकेकोले सार्है दुःखित भएर बसिरहेका आफ्ना पिता वशवर्ती मारलाई देखेर, तृष्णा, अरती, र रागो भन्ने उनका तीन-जना छोरीहरू आई भने —" भो पिता ! यसरी दुःखित न हुनोस्। हामी स्त्री जाति व्हौं, हाम्रो मोह र मायाको वशमा नआउने यस लोकमा को होला !" यति भनी ती तीनैजना भगवान् बुद्धको अगिल्तिर गई अनेक प्रकारले स्त्री-मायाले छोपी अनेक प्रलोभन देखाउन शुरु गरे। यसरी मारपुत्री-हरू आएका देखेर भगवान् बुद्धले 'यस्सजितं नावजीयति' अर्थात् जसको विजयलाई यस संसारमा अब कसैले अविजय गर्न सक्तैन भनी श्लोक पाठ गरे। यो सुनी मारपुत्रीहरू लज्जित भएर त्यहाँबाट कुलेलम् ठोके।

पञ्चम सप्ताह
अजपाल वृक्ष

त्यसै वेला जे भने पनि 'हुं हुं' भन्ने अहंकारी ब्राह्मण एकजना आएर बुद्धसित यस किसिमको प्रश्न गर्‍यो—हे गौतम ! कहाँदेखि ब्राह्मण हुन्छ ? कुन धर्माचरण गरेपछि ब्राह्मण हुन्छ ?

भगवान् बुद्धले प्रश्नको अभिप्राय बुझेर यस किसिमको जवाफ दिए— " पापर हित भैसकेका, हु हुं मात्रै भनी अहं-कार न गर्ने, निक्लेश भैसकेका, ध्यानी, अन्त थाह पाएका, ब्रह्मचर्य्य पालन गरिसकेका, धर्मानुकुलले ब्राह्मणवाद कार्यकर्म गर्न जान्ने, जुनसुकै कुरामा पनि रागादिदेखि छुट्कारा पाइस-

केका, यस्ता पुरुषलाई म ब्राह्मण भन्दछु। यति कुरा पालन गर्ने लाई ब्राह्मण भन्दछन। यही धर्मले ब्राम्हण होइन्छ।"

यो जवाफ सुनी ब्राह्मण टाउको हल्लाउँदै त्यहाँबाट फर्क्यो। बुद्ध त्यहाँ एक हप्तासम्म धर्मामृतपान गरेर बसे। यो उनको बुद्धत्व प्राप्त गरिसकेपछिको पाँचौ सप्ताह हो।

पुनः त्यस आसनबाट उठी बुद्ध बोधिवृक्षको स्थानबाट पूर्वकुनातिर रहेको मुचलिन्द-वृक्षमनि गएर बसे। त्यहाँ बसेर

षष्ठम सप्ताह
मुचलिन्द वृक्ष

विमुक्ति धर्मको सुखानुभव गरिरहेका बखतमा घनघोर आँधिव्याधि आयो। यो देखी त्यस मुचलिन्द रूखमनि रहेका नागराजा आई आफ्नो शरीरले बुद्धलाई सात फन्काले बेरी, शिरमाथि श्वेतछत्रले ओढाए झैं आफ्नो फणा विशाल रूपले फैलाई, उनको सुकोमल बुद्ध शरीरमा एक थोपासम्म पानी पर्न नदिई, रक्षा गरिरहे। बुद्ध पनि सुगन्ध-कुटीमा बसे झैं एक सप्ताहसम्म नागपाशभित्र बसी विमुक्ति-सुख अनुभव गरिरहे। एक सप्ताहपछि आँधिव्याधि थामियो, आकाशमा बादल हटेर गए। नागराजजी आफ्नो रूप बदली देवकुमारको भेष लिई भगवान् बुद्धलाई नमस्कार गर्दै अगाडि उभिए। भगवान्ले उनको अभिप्राय बुझी यस प्रकारको श्लोक उच्चारण गरे—

" सुखो विवेको तुट्ठस्स सुतधम्मस्स पस्सतो।
अब्यापज्जं सुखं लोके पाण भूतेसु संयमो॥
सुखा विरागता लोके कामानं समतिक्कमो।
आस्मिमानस्स यो विनयो एतंवे परं सुखंति॥"

अर्थात्— "संतोषी भएर बस्नु नै सुख हो; धर्म चिन्हेर बस्नु नै सुख हो; प्राणीहरू उपर संयम राखी व्यापादरहित भएर बस्नु नै सुख हो। कामादि राग अतिक्रम गरी वैरागी भएर बस्नु पनि सुख नै हो। 'म' भन्ने अहंकार रहित भएर बस्नु सबभन्दा ठूलो सुख हो।"

बुद्धत्व प्राप्त गरिसकेपछिको यो सिद्धार्थको छैटौं सप्ताह हो।

तदन्तर, उनी दक्षिण दिशातिर रहेको राजायतन नामक वृक्षमनि गए। त्यस वृक्षमनि सात दिनसम्म एकै आसनमा वसी अनेकानेक धर्मको रसपान गरी निरामिष प्रीतिसुख अनुभव गरिरहे। यो सप्ताह उनको बुद्धत्व प्राप्त गरिसकेपछिको सातौं सप्ताह हो।

सप्तम सप्ताह
राजायतन वृक्ष

यसरी सात हप्तासम्म धर्म–रसपान गरिरहँदा बुद्धले त्यस बीचमा न मुखै धोए, न कुनै प्रकारको भोजनै गरे, न मलमूत्र त्याग्ने काम नै गरे। यस प्रकारले सातहप्ता बितिसकेपछि बुद्धले मुख धुने बिचार गरे। यो कुरा थाहपाई शक्रदेव उनको सामू आई एउटा हर्रो चढाए। त्यो औषध–हर्रो भोजन गरेपछि उनको पेटको पनि परिशुद्धि भयो। त्यसपछि शक्रदेवले अर्पण गरेका दतिवन लिई दाँत सफा गरी मुख धोई त्यहीं रूखमनि आराम लिएर बसे।

इन्द्रको सेवा

त्यसै बेला तपुस्स भल्लुक नाम गरेका दुइ दाजुभाइहरू व्यापार गर्न पाँचसय गाडा लिई मध्यदेशमा उक्काल भन्ने

तपुस्स भल्लुकहरूको सातुदान

प्रदेशमा जान आइरहेका त्यहीं पुगेका थिए । पूर्वजन्ममा नातादार भैसकेका एउटा देवपुत्रले तिनीहरूलाई आकाशबाट यस्तो वाक्य भनेर ल्याए— “ भो व्यापारी ! यहीं नजीकैको राजायतन वृक्षमनि भगवान् बुद्ध विराजमान भएको छ। वहाँले बुद्धत्व प्राप्त गरेको धेरै दिन भएको छैन। तिमीहरू त्यस स्थानमा गई उहांलाई मह सत्त्वादि दान गर। ”

तिनीहरू दुवैजना यस्तो आकाशवाणी सुनी भगवान् भएको स्थानमा गई सादर प्रणाम गर्दै भने — “ भन्ते ! कृपया यो आहार ग्रहण गर्नु होस्। ”

बुद्धत्व प्राप्त गरिसकेका पुरूषले कुनै किसिमको आहार आफ्नो हातमा थापी लिंदैनन्। त्यस समयमा उनीसित सातु थापी लिन कुनै पात्र पनि थिएन। यो आहार केमा थापेर लिउँ भनी उनी अलमलमा परिरहेका जानेर चातुर्महाराजिक देवताहरूले मणिमाणिक्यादिको पात्र ल्याएर दिए। तर, उनले त्यो पात्र स्वीकार गरी ग्रहण गरी लिएन। फेरि देवताहरूले ढुंगाले बनेको चारवटा पात्र ल्याएर चढाए । उनले आफ्नो ऋद्धिबलले चारैवटा पात्रलाई एउटा गराई तपुस्स भल्लुकहरूले दिएका सातु र मह त्यस पात्रमा थापी लिए। त्यस सातु र मह भोजन गरिसकेपछि उनले ती तपुस्स भल्लुकलाई धर्मोपदेश गरी दान, शील र भावनाका कुराहरू आज्ञा गरे । भगवानको उपदेशामृतले ती दुवैजना साह्रै सन्तुष्ट भई बुद्ध र धर्मको शरणमा गई उपासक बने। सबभन्दा पहिले बुद्ध र धर्मको

शरणमा गएका यी दुई व्यापारीहरू द्वैवाचिक (दुइवचनका)
उपासक भए।

यसपछि तिनीहरूले बुद्धलाई, उनको कुनै शारीरिक
चिन्ह एउटा भए पूजा गरी पुण्य प्राप्त गर्न सकिनेछु भनी
निवेदन गरे। यो सुनी भगवान्‌ले आफ्नो शिरमा हात लगाई
एक मुठी केश-धातु झिकी उनीहरूलाई
दिए। तिनीहरूले अत्यन्त आदरपूर्वक
त्यो 'केशधातु' एउटा पात्रमा थापी
लिए। आफ्नो देशमा पुगेपछि ती व्यापारीहरूले त्यस केश-
धातुलाई गर्भमा राखी एउटा चैत्य बनाई नित्य पूजा सत्कार
गरेर राखे।

केशधातु

[तृतीय खण्ड]

परिच्छेद दशौं

धर्मोपदेशमा अनुत्साहितता

भगवान् बुद्ध राजायतन वृक्ष–मूलबाट उठी पुनः अजपाल नामक वरवृक्षमनि बस्न गए । त्यहाँ वसी धर्मको गम्भीरताको विषयमा विचार गरिरहँदा बुद्धको मनमा यस्तो कुरा उत्पन्न भयो—

"यो गम्भीरातिगम्भीर, बोध हुन गाह्रो, गम पाउन कठीन, शान्त र प्रणीत, निपुण, अतर्कावचर, र पण्डितहरूले जान्नु पर्ने—यस्तो धर्म आज मैले राम्ररी जानिलिइसकें। यो जगत् पञ्चकाम–रसमा आसक्त भएर रहेको छ । यस्ता प्राणीहरूलाई 'यस हेतुले यस्तो हुने, र यस हेतुले यस्ता भएको

हो' भन्ने जानिलिनु पर्ने गम्भीरातिगम्भीर प्रतित्यसमुत्पाद-धर्म अवबोध गराउन गाह्रो हुनेछ । सबै संस्कार निरोध भैसकेपछि तृष्णा निरोध भई निर्वाण प्राप्त हुन्छ भन्ने कुरा थाह पाउन पनि यिनीहरूको निम्ति गाह्रो छ।"

इत्यादि कारणले गर्दा बुद्धको चित्त धर्मप्रचार गर्नमा अनुत्साहित भयो। यसै कारणमा उनले यो निम्न श्लोक उच्चारण गरे—

"किच्छेन मे अधिगतं हलं दानि पकासितुं।
रागदोस परेतेहि नायं धम्मो सुसम्बुधो॥
पटिसोतगामिं निपुणं गम्भीरं दुद्दसं अणुं।
रागरत्ता न दक्खन्ति तमोक्खन्धेन आवटा॥"

(महावग्ग)

अर्थात्— अति कष्ट सहेर मैले आज यो धर्म अवबोध गरें। यस लोकमा प्राणीहरूले यसलाई बुझ्ने छैनन्। किन-कि तिनीहरू राग, द्वेष र मोहमा डुबिरहेका छन्। ज्ञान, गुण र सदाचारविना यसको अवबोध हुन सक्तैन। यो अगम्य जन्म–व्याधि विनाशक तथा निर्वाण प्राप्त धर्म हो। मोहरूपी धुंवाभित्र रङ्गमङ्गिरहेका व्यक्तिले यसलाई देख्नु त अस-म्भवै हो।"

यसपछि भगवान् बुद्ध धर्मप्रचार गर्नमा अनुत्साहित भएको देखेर सहम्पति ब्रह्मा देवगणहरू सहित देवलोकबाट पृथ्वीतलमा आई भगवान्को समक्ष आफ्नो ओढनी ओढी, दाहिने घुंडाले टेकी, दुवै हात जोडी यस्तो किसिमले प्रार्थना गरे—"भगवान्, सत्त्वप्राणीहरूउपर दया राखी धर्मोप-

ब्रह्माको प्रार्थना

देश गर्नु होस्! धर्मोपदेश गर्नु होस्, भगवान्! यस लोकमा धर्मलाई बुझ्न सक्ने, अल्पक्लेशयुक्त तथा तीक्ष्ण प्राज्ञहरू नभएका होइनन्। यदि भगवान्ले धर्मोपदेश गर्नु भएन भने सद्धर्म श्रवण गर्न नपाई तिनीहरूको जीवन व्यर्थ जाने छन्।"

यस किसिमले प्रार्थना गरिसकेपछि सहम्पति ब्रह्माले भगवान् बुद्धलाई फेरि यस किसिमले विन्ति गरे—"हे वीर, उठ्नु होस्! मगध देशमा रहेको अशुद्ध धर्मलाई हटाई निर्मल निर्माण-धर्मको ढोका खोलिदिनुहोस्।"

ब्रह्माको वचन सुनी तथागत भगवान्ले सत्त्वप्राणीहरू-उपर महाकरूणा राखी "आजदेखि अमृतको मूल ढोका खोलिदिएं"— भनी उच्चारण गरे। महाब्रह्मा पनि भगवान्ले अब धर्मोपदेश गर्ने भए, भनी हर्षचित्त गरी श्रीचरणमा प्रदक्षिणा गरी अन्तरधान भएर गए।

संसारलाई धर्मोपदेश दिई उद्धार गर्ने भएं भनी ब्रह्मालाई वचन दिइसकेपछि 'अब म कसलाई प्रथमोपदेश गरूँ' भनी विचार गरी हेर्दा भगवान् बुद्धले आलार-

ऋषिपतन गमन

कालाम र उद्दकरामपुत्र पण्डितहरू दुइजनालाई सम्झे। तिनीहरू अझ बाँचेका छन् कि मरिसके भनी ध्यानदृष्टिले हेर्दा ती दुवैजना अब यस लोकमा छैनन् भन्ने जानी पञ्चवर्गीय भिक्षुहरूलाई प्रथमोपदेश दिने विचार गरे। तिनीहरू धर्म बुझ्ने शक्ति भएका पनि हुन्, मलाई ठूलो उपकार पनि गरेका थिए। सबभन्दा पहिले यिनीहरूलाई नै धर्मोपदेश गर्नेछु भन्ने निश्चय गरे। तिनीहरू अहिले कहाँ छन् त भनी ध्यानले हेर्दा ऋषिपतन मृगदावनमा

छन् भन्ने थाहपाई त्यहीं जाने विचार गरे। बोधिवृक्षको समीप केही दिन आराम गरी ऋृषिपतन मृगदावनतिर प्रस्थान पनि गरे।

त्यस बेला उपक नाम गरेका आजीवक एकजना त्यतैतिर आइरहेका रहेछन्। भगवान्‌ले उनलाई गया पुग्नुभन्दा अगाडि बीचबाटैमा भेटे। उनले भगवान्‌सित यस प्रकारले प्रश्न गरे—"भो ब्राह्मण! तिम्रो इन्द्रिय सान्है शान्त देखिन्छ! तिम्रो अनुहार पनि अति प्रसन्न छ। तिमी के कारणले प्रव्रजित भएका ह्वौ? तिम्रो शास्ता को हुन्? तिमीलाई कुन धर्म निको लाग्यो?"

उपकाजीवकसितको भेट्

उनको यस्तो प्रश्न सुनी भगवान्. बुद्धले यसरी उत्तर दिए—"समस्त क्लेशलाई पन्छाई, तृष्णालाई क्षय गरी स्वयं निर्वाण-धर्म अवबोध गर्ने म हुँ; अव मैले कसलाई मेरो आचार्य्य फलानो भनी देखाऊँ! मेरा आचार्य्य कोही छैनन्। देवसहित मनुष्यलोकमा म बराबरका व्यक्ति पनि कोही छैनन्। म अर्हत् हुँ। म सम्यक्‌सम्बुद्ध हुँ। शान्त निर्वाण-पद प्राप्त गर्ने पनि मै हुँ। त्यही निर्वाण-धर्म प्रकाशनार्थ तथा प्रचारार्थ म काशी जान आँटेको हुँ। यस अन्धकार लोकमा धर्मचक्र चलाउन आँटेको छु।"

आजीवकले भने-"तिम्रो कुरा सुन्दा त तिमी अनन्त जिन जस्तो बुझिन्छ।"

बुद्धले भने—"हो तिमीले ठीक भन्यौ। मै जस्तालाई जिन भन्दछन्; किन भने मेरो आस्रव जम्मै क्षय भैसकेको छ।

मैले मारगणादि पाप-धर्मलाई जितिसकेको छु। तसर्थ म 'जिन' हुँ।"

भगवान् बुद्धको यस्तो वचन सुनी 'हुन सक्छ तेरो कुरा' भन्दै टाउको हल्लाउँदै ती आजीवकले बाटो तताए।

भगवान् पनि भ्रमण गर्दै आषाढपूर्णिमाको दिन ऋषिपतन मृगदावनमा आइपुगे। पञ्चवर्गीय भिक्षुहरूले उनलाई टाढैबाट देखे। तपश्चर्य्याबाट भ्रष्ट भएको गौतम आइरहेको रू देख्यौ भनी तिनीहरू पनि आपसमा कुरा गरिरहेका थिए। तर, भगवान् बुद्ध अगाड़ि मात्रै के आइपुगेका थिए, उनको मैत्रिचित्तको प्रभावले तिनीहरू एकजना पनि आफ्नो वचनमा स्थिर भएर बस्न सकेनन् र हत्तपत्त उठी कुनैले भगवान्को हातको पात्र लिनथाले, कुनैले पानी ल्याएर उनको श्रीचरण पखाल्न थाले, कुनैले रूमालले पुछ्न थाले, कुनैले आसन बिछ्याउन थाले। यस प्रकारले भगवान्लाई स्वागत सत्कार गरी एकातिर गई ती पाँचैजना उभिइरहे।

सिद्धार्थकुमार बुद्धत्व प्राप्त गरी फर्केका हुन् भन्ने थाह नपाएका ती पञ्चवर्गीय भिक्षुहरूले उनीसित पहिले झैं नै नाम-

पञ्चवर्गीहरूसित।
वार्तालाप

काटी कुरा गर्न शुरू गरे। बुद्धले तिनीहरू-उपर ठूलो कृपा राख्दै आज्ञा गरे—"भिक्षुवर्ग ! तथागत भैसकेकालाई नामोच्चारण गरी अथवा आफूभन्दा कान्छोलाई झैं 'आवुसो' भना संबोधन गरी कुरा गर्नु ठीक छैन। अब म अर्हत् सम्यक्सम्बुद्ध भैसकेको छु।"

फेरि बुद्धले भने—'भिक्षुगण ! ध्यान दिएर सुन, म तिमीहरूलाई उपदेश गर्नेछु। त्यस उपदेश अनुसार आचरण

गर्ने कुलपुत्रलाई प्रव्रजितको उद्देश्य भएको अनुत्तर ब्रह्मचर्य्य पूर्ण भई यही जन्ममा उपशान्त-निर्वाणपद प्राप्त हुनेछ।"

पञ्चवर्गीयहरूले जवाफ दिए—"गौतम! त्यत्रो कष्टकारक दुष्कर तपश्चर्य्या गर्दा पनि तपाईंले उत्तरीयमनुष्य-धर्माव-बोध गर्न सक्नु भएन भने, अब हृष्टपुष्ट हुने गरी खाई सुखपूर्वक बसेर कहिले बोधिज्ञान प्राप्त गर्न सक्नुहुनेछ!"

"भिक्षुगण! तथागत चर्य्याभ्रष्ट भएको छैन, न सुख भोग नै गरेर हिंडेका छन्। तथागत अर्हत् (म) संम्यक्-सम्बुद्ध भैसकेका छन्। उनले निर्वाण-पद प्राप्त गरिसकेका छन्। भिक्षुगण! ध्यानपूर्वक उपदेश सुन, जुन उपदेशानुसार चल्नाले निर्वाण-पद प्राप्त हुनेछ, दुःखबाट छुटकारा पाउने छौ।"

पञ्चवर्गीहरूले तीन पटकसम्म पनि पहिलेकै जस्तै कुरा गरेका सुनेर भगवान् बुद्धले यस प्रकारले प्रश्न गरे—"भिक्षु-गण! के मैले पहिले पनि तिमीहरूसित यस्तै कुरा गरेको थिएं?"

"थिएन।"

"त्यसो भए सुन, (म) तथागत अर्हत् सम्यक्सम्बुद्ध हो, उनले (मैले) अमृतपद प्राप्त गरिसकेका छन्। त्यसकारण, तथागतको सदुपदेश राम्ररी मन दिएर सुन, जुन उपदेशानुसार अभ्यास गरी लगेमा जन्म-मरणबाट मुक्त भई परम शान्तयुक्त निर्वाणपद प्राप्त हुनेछ।"

यसपछि ती पञ्चवर्गीहरूले भगवान्को कुरामा राम्ररी विचार गरी हेर्दा आज्ञा भएको कुरा साँचो हो भन्ने जानी उनीप्रति श्रद्धा र विश्वास राखी उनको उपदेश सुन्ने इच्छा प्रकट गरे।

भगवान्‌ले ती पञ्चवर्गीय भिक्षुहरूलाई आमन्त्रण गरी यस किसिमले उपदेश दिन थाले—

"भिक्षुगण ! प्रव्रजित भैरहेकाहरूले दुइ अन्त (छेउ) लाई त्याग्नु पर्दछ । ती दुइ अन्त के के हुन् भने, पञ्च

छोड्नुपर्ने र लिनुपर्ने मार्ग

काममा आसक्त भई रहनु, र शरीरलाई अति कष्ट दिई हठचर्य्या गर्नु, (जसलाई हीन, ग्राम्य, तथा अनार्य्य धर्म भन्दछन्), यी दुवैको अतिमा नगई मध्यम-मार्ग अर्थात् बीचको बाटोबाट हिंड्नु पर्दछ । त्यसैबाट सोझै निर्वाण-पदमा पुगिन्छ । तथागतले (मैले) त्यस मध्यम-मार्ग अवबोध गरिसकेका छन् ।

"भिक्षुगण ! त्यही मध्यम-मार्गलाई आर्य्याष्टाङ्गिक मार्ग भन्दछन् । जस्तै- यथार्थ बुझिलिनु, यथार्थ संकल्प गर्नु, यथार्थ काम गर्नु, यथार्थ जीविका गर्नु, यथार्थ उद्योग गर्नु, यथार्थ स्मृति राख्नु र यथार्थ ध्यान गर्नु* । ओ भिक्षुगण ! तथागतले अवबोध गरेको मध्यम-मार्ग अर्थात् बीचको बाटो यही हो । यसैबाट सोझै निर्वाण-पद प्राप्त हुन्छ ।

"भिक्षुगण ! जन्म हुनु, बूढो हुनु, मरण प्राप्त हुनु, शोक संताप पर्नु, चीज वस्तुको वियोग भई मन नपरेकाहरूको संयोग हुनु, तथा इच्छित वस्तु अप्राप्त हुनु, इत्यादि सबै दुःख हुन् ।

चार सत्य

छोटकरीमा भनूं भने पञ्चस्कन्ध नै दुःखको पोका हो । फेरि-फेरि पनि जन्म हुनाको कारण कामतृष्णा, भवतृष्णा, विभवतृष्णा

---

* सम्यक्‌दृष्टि , सम्यक्‌संकल्प, सम्यक्‌वाचा, सम्यक्‌कर्म, सम्यगाजीव, सम्यक्‌व्यायाम, सम्यक्‌स्मृति, सम्यक्‌समाधि ।

निर्मूल पानु नै दुःखबाट छुटकारा पाउने मार्ग हो। यही आर्य्याष्टांगिक मार्ग नै दुःखबाट छुटकारा पाउने मार्ग हो।

"भिक्षुगण! यो दुःखार्य्यसत्य हुन भन्ने मलाई पहिले थाह थिएन, अब मलाई यसमा चक्षु-ज्ञान-प्रज्ञा-विद्या तथा आलोक प्राप्त भएको छ। यो दुःखार्य्यसत्यको ज्ञान प्राप्त गर्नु पर्ने हो भन्ने कुरा मैले पहिले सुनेको थिइन, अब यस विषयमा मलाई चक्षुज्ञान-प्रज्ञा प्राप्त भएको छ। यो दुःखार्य्यसत्यको ज्ञान प्राप्त गर्नु पर्ने हो भन्ने बुझी राम्ररी अवबोध पनि गरिसकेको छु, अब यसमा मलाई चक्षु-ज्ञान-प्रज्ञा प्राप्त भैसकेको छ।

"भिक्षुगण! यो दुःखसमुदयार्य्यसत्य हो भन्ने पहिले मलाई थाह थिएन, अब मलाई यसमा चक्षु ज्ञान-प्रज्ञा प्राप्त भएको छ। यो दुःखसमुदयार्य्यसत्यलाई त्याग्नु पर्दछ भन्ने कुरा अगाडि मैले सुनेको थिइन, अब यसमा मलाई चक्षु-ज्ञान-प्रज्ञा प्राप्त भएको छ। यस दुःखसमुदयार्य्यसत्यलाई त्यागिपठाउनु पर्दछ भन्ने बुझी राम्ररी त्यागि पनि सकेको छु; अब मलाई यसमा चक्षु-ज्ञान-प्रज्ञा प्राप्त भैसकेको छ।

"भिक्षुगण! यो दुःखनिरोधार्य्यसत्य हो भन्ने कुरा मैले पहिले सुनेको थिइन; अब मलाई यस विषयमा चक्षु-ज्ञान-प्रज्ञा प्राप्त भएको छ। यस दुःखनिरोधार्य्यसत्य साक्षात्कार गरी ग्रहण गर्नु पर्दछ भन्ने कुरा पहिले मैले सुनेको थिइन, अब मलाई यसमा चक्षु-ज्ञान-प्रज्ञा प्राप्त भएको छ। यो दुःखनिरोधार्य्यसत्य साक्षात्कार गरी ग्रहण गरी लिनु पर्दछ भन्ने बुझी साक्षात्कार गरी राम्ररी ग्रहण पनि गरिसकेको छु; अब यसमा मलाई चक्षु-ज्ञान-प्रज्ञा प्राप्त भैसकेको छ।

" भिक्षुगण ! यो दुःखनिरोधगामिनी प्रतिपदा हो भन्ने कुरा मैले पहिले सुनेको थिइन, अब मलाई यस विषयमा चक्षु-ज्ञान-प्रज्ञा प्राप्त भएको छ । यो दुःखनिरोधगामिनी प्रतिपदा अभ्यास गर्नु पर्ने कुरा हो भन्ने मैले पहिले सुनेको थिइन, अब मलाई यसमा चक्षु-ज्ञान-प्रज्ञा प्राप्त भएको छ । यस दुःखनिरोधगामिनी प्रतिपदा अभ्यास गर्नु पर्ने विषय हो भन्ने जानी राम्ररी अभ्यास पनि गरिसकेको छु; अब यस विषयमा मलाई चक्षु-ज्ञान-प्रज्ञा-विद्या तथा आलोक प्राप्त भएको छ ।

" भिक्षुगण ! जुन वेलासम्म यी चारवटा आर्य्यसत्य-ज्ञान— प्रत्येक सत्य तीन-तीन प्रकारको हिसाबले जम्मा बाह्र प्रकार— परिशुद्ध हुने गरी यथार्थ रूपले मलाई अवबोध भएको थिएन, त्यस वेलासम्म मैले देवसहित मनुष्यलोकमा कसैलाई पनि ' म अनुत्तर सम्यक्सम्बुद्ध हुं ' भनी भनिन । जुन दिन-देखि यो चतुरार्य्यसत्य-ज्ञान बाह्रै प्रकारले परिशुद्ध भई यथार्थ रूपले मलाई अवबोध भयो, त्यसै दिनदेखिन् मात्रै मैले देवसहित मनुष्यलोकमा ' म अनुत्तर सम्यक्सम्बुद्ध हुं, यो मेरो अन्तिम जन्म हो, म अब संसार-चक्रबाट मुक्त भैसकें ' भनो निश्चय रूपले प्रकाश गरें । "

भगवान् बुद्धको यस्तो उपदेश सुनिसकेपछि आयुष्मान् कौण्डन्यलाई ' समुदय धर्म जम्मै निरोध धर्म हुन् ' भन्ने निर्मल धर्म-चक्षु प्राप्त भयो ।

यस प्रकारले भगवान् बुद्धले धर्मचक्र प्रवर्तन गर्ने सिध्याएको देखी भूमस्थ देवताहरूले " यस बाराणसी ऋषिपतन मृगदा-वनमा भगवान् बुद्धले, देवसहित मनुष्यहरूले अहिलेसम्म

चलाउन नसकेको अनुत्तर धर्मचक्र चलाइदिए " भनी साधुकार दिंदै घोषणा गर्न थाले। यस्तो घोषणा सुनेका ब्रह्मकायिक देवताहरूले पनि ठूलो घोषणा गर्न शुरू गरे। यस प्रकारले त्यस घोषणा-शब्द त्यही क्षण, त्यही मुहुर्तमा ब्रह्मलोकसम्म पनि पुग्यो। दश-लोक-धातु कम्प भयो। देवताहरूका दिव्यानुभा-वले पनि भेट्टाउन नसकेको अप्रमाणिक उदार ज्योति संसारमा फैलिन थाल्यो।

देव-घोषणा

त्यसपछि भगवान्‌ले यस्तो प्रीतिवाक्य प्रकाश गर्न थाले—
" कौण्डन्य ! अब तिमीले संझिलियौ, तिमीले बुझिलियौ ! "

त्यस वेलादेखि आयुष्मान् कौण्डन्यको नाम 'ज्ञानी कौण्डन्य' भनी प्रसिद्ध भयो।

यसपछि धर्म बुझेका कौण्डन्य भिक्षुले भगवान्‌सित प्रार्थना गरे— " भन्ते ! मलाई प्रव्रज्या र उपसम्पदा दिनुहोस्। "

भगवान्‌ले हात उठाएर आज्ञा गरे— " यहाँ आऊ, भिक्षु ! स्वाख्यात धर्म विनयमा राम्ररी ब्रह्मचर्य्य पालन गरी दुःखको अन्त गर ! " यही वाक्य आयुष्मान् कौण्डन्यको निंति उपसम्पदा भयो।

कौण्डन्य भिक्षुको उपसम्पदा

यस प्रकार भगवान् बुद्धले आषाढ-पूर्णिमा उत्तराषाढ नक्षत्रको दिन धर्मचक्र सूत्र देशना गर्दै आयुष्मान् कौण्डन्यलाई धर्मावबोध गराए।

त्यसको भोलिपल्ट आयुष्मान् वप्पलाई उपदेश गर्दै उहीं वर्षावास बिताउने अधिष्ठान गरे। आयुष्मान् वप्पलाई पनि धर्मावबोध भयो। आयुष्मान् कौण्डन्यले झैं आयु-

ष्मान् वप्पले पनि उपसम्पादा प्राप्त गरे। त्यसको भोलिपल्ट आयुष्मान् भद्दियलाई, पर्सिपल्ट आयुष्मान् महानामलाई र निपर्सिपल्ट आयुष्मान् अस्सजिलाई धर्मावबोध भयो। धर्मावबोध भएपछिती तीनैजनाले पनि भगवान्बाट उपसम्पदा प्राप्त गरे। आषाढ-कृष्णको चतुर्थीको दिनसम्म भगवान्ले ती चारैजनालाई स्रोतापत्ति मार्ग-फल प्राप्त गराए।

चारजना भिक्षुकहरूको उपसम्पदा

तदन्तर भगवान् बुद्धले आषाढ–कृष्ण पञ्चमीको दिनमा ती कौण्डन्यसमेत पाँचैजना भिक्षुहरूलाई डाकी निम्न उपदेश दिन शुरू गरे — " भिक्षुगण! रूप अनात्म हो। यदि रूप आत्म भएको भए, त्यसमा रोगादि विघ्नबाधा उत्पन्न हुनु नपर्ने हो। 'मेरो रूप यस्तो होस्, त्यस्तो त्यस्तो नहोस्' भनी चिताए अनुसार नै हुनु पर्ने हो। भिक्षुगण! रूप अनात्म भएको हुनाले नै, रूपमा रोगादि विघ्नबाधा उत्पन्न हुने हो। आफ्नो रूप आफूले चिताए झैं केही पनि नभएको कारण त्यही हो।

अनात्म लक्षण

" भिक्षुगण! वेदना, संज्ञा, संस्कार, विज्ञान पनि अनात्म नै हुन्। यदि वेदना, संज्ञा, संस्कार, विज्ञान पनि आत्म भएको भए, तिनीहरूमा पनि रोगादि विघ्नबाधा उत्पन्न नहुनु पर्ने हो। 'मेरो वेदना, संज्ञा, संस्कार तथा विज्ञान त्यस्तो नहोस्, यस्तो होस् भनी आफूले चिताए झैं हुनु पर्ने हो। वेदना, संज्ञा, संस्कार तथा विज्ञान पनि अनात्म भएको हुनाले तिनीहरूमा पनि विघ्नबाधा उत्पन्न हुन्छन्। त्यसैकारण

वेदना, संज्ञा, संस्कार तथा विज्ञान, आफूले भने झैं नभएको हो।"

"त्यसकारण भन, हे भिक्षुगण! रूप नित्य हो कि अनित्य ?"

"अनित्य, भन्ते !"

"अनित्य वस्तु सुख कि दुःख ?"

"दुःख, भन्ते !"

"यसरी अनित्य हुने, दुःख हुने, विपरिणाम हुने वस्तुलाई 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी चिताई वस्तु के उचित हो त ?"

"होइन, भन्ते !"

"त्यसो भए, भिक्षुगण! वेदना, संज्ञा, संस्कार तथा विज्ञान नित्य कि अनित्य ?"

"अनित्य, भन्ते !"

"अनित्य वस्तु सुख हो कि दुःख ?"

"दुःख, भन्ते !"

"यसरी अनित्य हुने, दुःख हुने, विपरिणाम हुने वस्तुलाई 'यो मेरो हो, यो म हुं, यो मेरो आत्म हो' भनी चिताई वस्तु के उचित छ त ?"

"छैन, भन्ते !"

"तस्मात्, भिक्षुगण! जुन यी अतीतानागतवर्तमानको भित्र रहेको – बाहिर रहेको, ठूलो–सानो, असल–कमसल, टाढा–नजीकको जस्तै रूप हुन्, ती सबै रूप 'न म हुं, न मेरो आत्म हो' भन्ने यथार्थ रूपले सम्यक् प्रज्ञाद्वारा देखिलिनु (ज्ञान प्राप्त गर्नु) पर्दछ।

"त्यस्तै, भिक्षुगण ! जुन यी अतीतानागतवर्तमानको भित्र रहेको, वाहिर रहेको, ठूलो–सानो, असल–कमसल, टाढाको–नजीकको, रूप हुन्, ती सबै रूप वेदना, संज्ञा, संस्कार तथा विज्ञान हुन्। ती सबै वेदना, संज्ञा, संस्कार तथा विज्ञान, 'न म हुं, न मेरो हो, न मेरो आत्म हो' भन्ने यथार्थ रूपले सम्यक्प्रज्ञाद्वारा देखिलिनु (ज्ञान प्राप्त गर्नु) पर्दछ।

"भिक्षुगण ! यस्तो देख्ने (ज्ञान प्राप्त गरेका) श्रुतवान् आर्य्य श्रावक रूप–वेदना–संज्ञा–संस्कार तथा विज्ञानमा विरक्त हुन्छन्, विरक्त भएको (वस्तु) लाई त्यागिदिन्छन्, त्यागिदिएपछि विमुक्त हुन्छन्, विमुक्त भए भने 'विमुक्त भएं' भन्ने ज्ञान (प्राप्त) हुन्छ। त्यस्तै 'फेरि जन्म हुने हेतु क्षीण भयो, ब्रह्मचर्य्य पूर्ण भयो, गर्नु पर्ने काम गरिसकें, अवदेखि पुनः यस्तो आत्मभाव छैन' भन्ने पनि त्यसले (व्यक्तिले) राम्ररी बुझिलिन्छ।"

यस्तो सदुपदेश सुनी पञ्चवर्गीय भिक्षुहरूले भगवान् बुद्धको आफणलाई अभिनन्दन गरे। उपदेश सुनिसकेपछि

पञ्चवर्गीय भिक्षुहरू अर्हत् भएका

त ती पाँचैजना भिक्षुहरू अर्हत् भए। तिनीहरूका चित्त उपा-दानादि सकल आस्रववाट विमुक्त भए, भव–दुःखवाट पार भए। जन्म–मरणको बन्धनवाट मुक्त भए।

यस प्रकारले पञ्चवर्गीय भिक्षुहरू सबै आषाढ–कृष्ण पञ्चमीका दिन संसार–बन्धनवाट विमुक्त भई अर्हत् भए। त्यस बेला यस संसारमा जम्मा छःजना अर्हत्‌हरू भए।

परिच्छेद एघारौं

त्यस वखतमा वाराणसी (वनारस) देशमा एकजना अत्यन्त धनी महाजन थिए। तिनको यश नाम गरेका एकजना छोरा थिए। एकदिन राती त्यो यशकुमार पञ्चकाम–विषयवाट विरक्त भई, गृहस्थी भावमा वस्न मन नलागेर, घर छाडेर भगवान् वसेको स्थान ऋषिपतन मृगदावनमा गए। त्यस वेला भगवान् चंक्रमण गरिरहेका थिए। टाढैवाट यशकुमारलाई आइरहेका देखेर चंक्रमण–स्थानवाट वर्ली भगवान् एउटा आसनमा वसे। यशकुमारले, भगवान्‌को समक्ष पुगी, यस्तो शब्द उच्चारण गरे– "अहो उपद्रव ! अहो भय !!"

यश पुत्रको गृहत्याग

यशकुमारको यस्तो शब्द सुनी भगवान्‌ले 'यश, यहाँ आऊ, यहाँ भय छैन। यहाँ वस, म तिमीलाई धर्मोपदेश गर्दछु' भनी आज्ञा गरे। उनी पनि 'उपद्रव छैन, भय छैन' भनेको शब्द सुनी, अति सन्तोष मानी. सुवर्ण–जुत्ता त्यहीं छाडी भगवान्‌को सामू गई वन्दना गरे, र एकातिर आसन ग्रहण गरी वसे। त्यहाँ भगवान्‌ले उनलाई दानकथा, शीलकथा, पञ्चकामको दोष–निःसार संक्लेशका कुराहरू तथा नैष्क्रम्यका गुणहरू वताए। तदनन्तर भगवान्‌हरूको जुन श्रेष्ठोत्तम आर्य्य-धर्म हो त्यो चतुरार्य्यसत्यधर्मको पनि उपदेश गरे।

उपदेश सुनिसकेपछि यशकुमारलाई 'समुदय धर्म सवै निरोध धर्म हो' भन्ने निर्मल धर्मचक्षु प्राप्त भयो।

वाराणसो देशमा यशकुमार छैनन् भन्ने जानी उनका मातापिताले अश्वारोही दूतहरू चारैतिर दौडाई खोज्न पठाए।

स्वयं महाजन चाहिं पुत्रको खोजीमा ऋषिपतनतिर हिंडे।

त्रैवाचिक प्रथमोपासक

त्यहाँ यशकुमारले छोडेको सुनको जुत्ता देखी 'मेरो छोरा अवश्य पनि यहीं हुनु पर्दछ' भनी भिक्षु–आश्रमभित्र गए। भगवान् शाक्यमुनिले उनलाई टाढैबाट देखी अगाडि बसिरहेका यशकुमारलाई आफ्नो ऋद्धिबलले छोपिदिए। पुत्र–वियोगमा संतप्त महाजनले भगवान्‌को अगाडि गई सोधे—"भन्ते! तपाईंले मेरो छोरा यशकुमारलाई देख्नु भएको छ?"

भगवान्‌ले उत्तर दिए—"यदि तिमी यहाँ एकक्षण बस्यौ भने बसिरहेको यशकुमार यहीं देख्ने छौ।"

भगवान्‌को यस्तो वचन सुनी त्यो महाजन अति सन्तोष मानी सादर प्रणाम गरी त्यहीं एक कुनातिर गई बसिरहे। भगवान्‌को दानकथादि आर्य्यसत्यको सदुपदेश सुनिरहेका यशकुमारको पितालाई त्यहीं बस्दाबस्दै निर्मल धर्मचक्षु लाभ भयो। अनिपछि उनले भगवान्‌लाई यस प्रकारले भने—"धन्य भन्ते! धन्य सुगत! जसरी, कोल्टो परेकोलाई सुल्टो पारिदिंदा, छोपिरहेकोलाई उघारिदिंदा, बाटो बिराएकोलाई बाटो देखाइदिंदा, अँध्यारो ठाउँमा तेलको बत्ती बालिदिंदा आँखा भएकोले रूपादि वस्तु राम्ररी देख्न थाल्दछ, त्यसरी नै तपाईंले मलाई अनेक प्रकारले धर्म प्रकाशित गरिदिनु भयो। अब म भगवान्‌को शरणमा, धर्मको शरणमा, संघको शरणमा आउँछु। आजदेखि मलाई जन्मभर शरणमा आएको उपासक भनी शरण दिनुहोस्।"

बुद्ध-शासनमा प्रथमोप्रथम त्रिरत्न अर्थात् बुद्ध, धर्म र संघको शरणमा आएका 'त्रैवाचिक उपासक' यी महाजन नै हुन्।

भगवान्ले महाजनलाई उपदेश गरिरहुंजेल् आफूले प्राप्त गरिराखिसकेको धर्म-ज्ञानमा यशपुत्रले पुनः पुनः प्रत्यवेक्षण गर्दै, आफ्नो चित्तलाई उपादानादि सबै आस्रवले विमुक्त गरी अर्हत्-फल प्राप्त गरे। यशकुमार अनास्रव भएको बुझी भगवान्ले आफ्नो ऋद्धिवल हटाइदिए। अनि, महाजनले आफ्नो छोरा त्यहीं बसिरहेको देखे। छोरालाई देखेपछि महाजनले भने– "यश, तिम्री आमा तिम्रो विरहमा साह्रै डुबेकी छ। आमाको प्राण रक्षा गर।"

यशकुमारको प्रव्रज्या

बाबुको वचन सुनेका यशकुमारको आशय बुझी भगवान्ले महाजनलाई यस प्रकारले प्रश्न गरे—"उपासक, आश्रव क्षय भैसकेको व्यक्ति घर गएर फेरि पहिले कै झैं गृहस्थ भएर बस्नु उचित होला ?"

महाजनले उत्तर दिए—"भन्ते! निश्चय पनि उचित हवोइन!"

त्यसपछि त्यो महाजन यशकुमारसहित भगवान् प्रमुख भिक्षुसंघलाई निमन्त्रण गरी भगवान्लाई सादर प्रणाम गरी प्रदक्षिणा गरी आफ्ना घरतिर फर्के। यशकुमारले भगवान्सित प्रव्रज्या र उपसम्पदा मागे। भगवान्ले "यता आऊ भिक्षु! स्वाख्यात धर्म-विनयमा राम्रोसित ब्रह्मचर्य्य पालन गरी दुःखको अन्त गर!" भनी आज्ञा गरे। यही वाक्य ती यशकुमारको निंति उपसम्पदा भयो।

निमन्त्रण पाएका भगवान् प्रमुख भिक्षुसंघहरू पात्र चीवर धारण गरी वाराणसीमा यशकुमारका पिताका घर गए। आसन ग्रहण गरिसकेपछि आयुष्मान् यशकुमारका माता सुजाता र गृहिणी भगवान्को साम आई नमस्कार गरी एक कुनामा उभिरहे। भगवान्ले तिनीहरूलाई धर्मोपदेश दिए। तिनीहरूलाई पनि निर्मल धर्मचक्षु प्राप्त भयो। ती दुबै स्त्री-हरू बुद्ध, धर्म र संघको शरणमा आए। बुद्धशासनमा प्रथमो-प्रथम बुद्ध, धर्म र संघको शरणमा आएका उपासिकाहरू यी दुइ स्त्री नै हुन्।

प्रथमोपासिकाहरू

त्यसपछि तिनीहरूले भगवान बुद्ध प्रमुख समस्त भिक्षु-हरूलाई अत्यन्तादरपूर्वक भोजन गराए। भोजनोपरान्त तिनीहरू भगवान्को अगिल्तिर आई उपदेश सुन्न बसे। धर्मोपदेश गरिसकेपछि भगवान् भिक्षुसंघसहित ऋषिपतन मृगदावनतिर फर्केर गए

आयुष्मान् यशपुत्रका विमल, सुबाहु, पूर्णजि तथा गवम्पति भन्ने चारजना गृहस्थ साथीहरू थिए। यशकुमार प्रव्रजित भए भन्ने सुनेका तिनीहरू चारैजनाले उनलाई भेट्न आए। यशकुमारले तिनीहरूलाई भगवानकहाँ लगे। भगवानले तिनी-हरूलाई उपदेश दिई धर्म अवबोध गराए। उपदेश सुनिसकेपछि ती चारैजनालाई निर्मल धर्मचक्षु प्राप्त भयो। धर्मचक्षु प्राप्त भैसकेपछि तो चारैजना भगवान्का सामु गई प्रवज्या र उपस-म्पदा मागे। भगवान्ले 'यता आऊ,

चारजना साथीहरूको प्रव्रज्या

भिक्षुगण ! स्वाख्यात धर्मविनयमा राम्ररी ब्रह्मचर्य्य पालन गरी दुःखको अन्त गर !" भनी आज्ञा गरे । यही वाक्य तिनीहरूको निंति उपसम्पदा भयो । पुनः भगवान्को उपदेश सुनेका ती चारैंजना अर्हत्-फलमा प्रतिस्थित भए ।

आयुष्मान् यशपुत्रका अरू पनि पचासजना गृहस्थ साथीहरू थिए । यशपुत्र प्रव्रजित भए भन्ने सुनेका ती साथीहरूले मनमा यस्तो विचार गरे— "त्यो धर्म अवश्य पनि साधारण हवोइन । जुन धर्ममा त्यत्रा ठूला महाजनका छोरा समेत् प्रव्रजित भए । हामी मात्रै किन यो गृह-जंजालमा बसिरहनु ! हामी पनि प्रव्रजित भएर जानु पऱ्यो क्यार !"

पच्चासजना साथीहरूको प्रव्रज्या

यसरी कल्पनामा डुबेका पचासै जना साथीहरू यशपुत्र कहाँ गए । यशपुत्रले तिनीहरूलाई भगवान्कहाँ लगिदिए । भगवान्को उपदेश सुनेका ती पच्चासै जनाले निर्मल धर्मचक्षु लाभ गरे, भगवान्सित प्रव्रज्या र उपसंपदा पनि मागे । भगवान्ले, 'यता आऊ, भिक्षुगण, स्वाख्यात धर्मविनयमा राम्ररी ब्रह्मचर्य्य पालन गरी दुःखको अन्त गर,' भनी आज्ञा गरे । पुनः उपदेश सुनी तिनीहरूले अर्हत्-फल पनि प्राप्त गरे । त्यस वेला संसारमा यस प्रकारले जम्मा साठीजना अर्हत्हरू भएका थिए ।

वर्षाकाल बितिसकेपछि एकदिन भगवान्ले भिक्षुहरूलाई बोलाई आज्ञा गरे— "भिक्षुवर्ग ! यो अनुत्तर— विमुक्ति धर्मको ज्ञान प्राप्त गरी म सर्वबन्धनबाट मुक्त भैसकें । यही

धर्मप्रचार गर्न पठाएका

अनुत्तर–विमुक्ति–धर्मको ज्ञान प्राप्त गरी तिमीहरू पनि सर्वबन्धनबाट मुक्त भैसक्यौ। तस्मात्, तिमीहरू सबै सकल देवसहित मनुष्यलोकलाई हित सुख दिनका निति, एउटै बाटोमा दुइजना नगई, देशदेश, गाउँ गाउँमा गई सकल सत्वप्राणीहरूलाई धर्मोपदेश गरी· यो निपुण, परिशुद्ध, आदि–मध्य–अन्त कल्याणकारी धर्म प्रचार गर्न जाऊ। ”

साठीजना भिक्षुहरूलाई यस प्रकारले विभिन्न स्थानमा धर्म प्रचार गर्न पठाई आफू स्वयं धर्म प्रचार गर्न उरूवेलतर्फ प्रस्थान गरे।

उरूवेलतर्फ जाँदा वीच बाटोमा एउटा कपासको विशाल वन पर्दथ्यो! भगवान् त्यहीं बगैंचाको एक वृक्षमनि विश्राम गर्न बसे। त्यसबेला त्यस बगैंचामा तीसजना भद्रिय राजकुमारहरू आफ्ना–आफ्ना स्त्रीहरू साथमा लिई त्यहाँ वन–विहार गर्न आइरहेका थिए। तिनीहरूमध्ये

भद्रवर्गीहरूको प्रव्रज्या

एकजना राजकुमारको आफ्नी स्त्री नभएको हुनाले एउटी गणिकालाई लिई आइरहेको थियो। आखिर गणिका न ठहरियो, मौका यही हो भनी आफूसित भएका गहना वस्त्रादि जम्मै पोका पारी कुलेलम् ठोकी। राजकुमारहरू त्यस गणिकालाई खोज्दै त्यस विशाल जंगलमा घुम्दै आइरहेका बखतमा रूखमनि बसिरहेका शाक्यमुनीन्द्रलाई देखेर उनको अगाडि गई सोधे— “ भन्ते ! तपाईंले एउटी आइमाई यतातिर आएकी देख्नुभो ? ” भगवान्ले को आइमाई भनी सोधे। राजकुमारले उपर्युक्त कुरा बताए। त्यसपछि तिनीहरूसित

भगवान्‌ले यसरी प्रश्न गरे— "कुमारगण ! आइमाई खोज्नु जाति होला कि आफैलाई खोज्नु जाति होला ?"

"आफैलाई खोज्नु जाति होला, भन्ते !"

"त्यसो भए एकछिन यहाँ बस" भनी तिनीहरूलाई आफ्नो अगाडि बसाली धर्मोपदेश गर्न थाले। धर्मोपदेश सुनिसकेका ती सबै राजकुमारहरूलाई निर्मल धर्मचक्षु प्राप्त भयो। तिनीहरूले भगवान्‌सित प्रव्रज्या र उपसम्पदा पनि मागे। भगवान्‌ले "यता आऊ, भिक्षुगण, स्वाख्यात धर्मविनयमा राम्ररी ब्रह्मचर्य्य पालन गरी दुःखको अन्त गर !" भनी आज्ञा गरे। तिनीहरूको निंति यही वाक्य उपसम्पदा भयो। त्यसपछि ती तीसैजना राजकुमारहरूलाई पनि धर्मप्रचार गर्न पठाई आफू उरूवेल ग्रामतिर गए।

परिच्छेद बान्हौं

तीनजना जटिल तपस्वीहरूको भिक्षुभाव

भगवान् बुद्ध उरुवेल पुगे। त्यहाँ उनले, सुप्रसिद्ध प्रमुखाचार्य्य भैरहेका पाँचसय धुरंधर जटिल शिष्यहरूका आचार्य्य भैरहेका उरुवेलकाश्यपलाई, तीनसय जटिल शिष्यहरूका आचार्य्य भैरहेका नदीकाश्यपलाई र दुइसय जटिल शिष्यहरूका आचार्य्य गयाकाश्यपलाई तथा अरू तीनजना जटिल दाजुभाइहरूलाई, हजारौं प्रातिहार्य ऋद्धि देखाई दमन गरे। अनिपछि ती हजारैंजना भिक्षुहरू साथमा लिई गयाशीर्श नामक पर्वततिर गए। त्यहाँ पुगेपछि अग्निपर्य्याय धर्मोपदेश गरी तिनीहरू सबैलाई अर्हत्-फलमा सुप्रतिस्थित गराए।

राजगृह गमन

त्यसपछि राजा बिम्बिसारलाई दिइराखेको वचन पूरा गर्न ती हजारैंजना जटिल भिक्षुहरू साथमा लिई भगवान् राजगृह नगरतिर प्रस्थान गरे। त्यस नगरबाहिर राजाको सान्है राम्रो एउटा तालवनोद्यान थियो। भगवान् भिक्षुवर्गसहित त्यहीं उद्यानभित्र गई विश्राम गरे। त्यस उद्यानका वनपालेले दौडेर गई यो खबर राजालाई दियो। खबर पाउनासाथ राजा बिम्बिसार हजारौं ब्राह्मणसहित गृहपतिहरू पनि साथमा लिई भगवान् भए ठाउँमा आए। भगवान्लाई त्यहाँ एक आसनमा विराजमान भएको देखेर सादर अभिवादन गरी एक छेउतिर गई बसिरहे। अरू सकल

परिषद्हरू पनि बसे। बसिरहेका परिषद्हरूको बीचमा कुनै कुनै ब्राह्मण तथा गृहपतिहरूको मनमा यस्तो संशय उत्पन्न भयो— "यी महाश्रमण गौतम उरुवेलकाश्यपका शिष्य हुन् कि उरुवेल-काश्यपहरु महाश्रमण गौतमका शिष्यहरु हुन्!"

भगवान् बुद्धले परिषद्को संशय बुझी आयुष्मान् काश्यपसित यस्तो प्रश्न गरे— "हे काश्यप, हजारौं अग्निहोत्री जटिल शिष्यहरुका गुरु भैरहेका तिमीले आज किन त्यो अग्निहोत्र-कार्य छोडेको? यसको कारण के हो?"

काश्यपले भने— "भगवान्! यज्ञादि होम आदिबाट रुपादि पञ्चकाम सम्पत्ति मात्र प्राप्त हुने, र जन्म-मरणको बन्धनबाट मुक्त हुने निर्वाण-पद प्राप्त नहुने भन्ने थाह पाई यज्ञादि अग्निहोत्रको कार्य छोडेको हुं।"

"काश्यप! तिम्रो मन रुपादि पञ्चकामपट्टि लाग्दैन भने, तिम्रो मन केमा छ त?"

"भगवान्! दुःखको हेतु नभएको, कामभवादि प्रपंच केही नभएको, जन्म-मरण नभएको, स्वयं आफूले लाभ गर्नु पर्ने शान्त निर्वाण-पद बेस जाति भन्ने ठानी, रुपादि पञ्च-काम-रसमा मन मरी यतातिर मन लगाएको हुं।"

यति भनी आफ्नो आसनबाट उठी बुद्ध भगवान्को श्रीचरणमा वन्दना गरी आयुष्मान् उरुवेलकाश्यप बोले— "भगवान्! तपाईं मेरो गुरु हुनुहुन्छ, म तपाईंको श्रावक शिष्य हुं।"

काश्यप र गौतम बुद्धका यस्ता कुरा सुनेका त्यहाँ उपस्थित हजारौं मागधी ब्राह्मण तथा गृहपति महाजनहरुको संशय निवारण भयो।

त्यसपछि त्यहाँ रहेका परिषद्हरुको मनोभाव बुझी भगवान्ले दानादि-कथा वर्णन गरे। त्यसको साथसाथै श्रेष्ठोत्तम चतुरार्य्यसत्यको पनि उपदेश गरे। त्यो उपदेश सुनी राजा बिम्बिसार प्रमुख परिषद्का सोह्र भागमा एघार भाग मानिसहरुलाई निर्मल धर्मचक्षु लाभ भयो। बांकीमा एक भाग मानिसहरुले उपासकत्व प्रतिज्ञा गरे।

भगवानको सदुपदेश सुनी साह्रै प्रसन्न भएका बिम्बिसारले अनेक प्रकारले आफ्नो सन्तोष-भाव प्रकाश गर्दै भने—

बिम्बिसारको निमन्त्रणा

"भन्ते, जसरी कोल्टो परेकोलाई सुल्टो पारिदिंदा, छोपिइरहेकोलाई उघारिदिंदा, बाटो भूलेकोलाई बाटो देखाइदिंदा र अंध्यारो स्थानमा तेलको बत्ती बालिदिंदा आँखा भएकोले राम्ररी स्पष्ट रुपादि वस्तु देख्न थाल्दछ, त्यसरी नै तपाईंले मलाई अनेक पर्य्यायद्वारा धर्म प्रकाशित गरिदिनु भयो। अब म भगवान्को शरणमा, धर्मको शरणमा तथा संघको शरणमा आउँछु। आजदेखि जनमभर शरणमा आएको उपासक भन्ने जानी ग्रहण गर्नुहोस्। भिक्षुसंघसहित मकहाँ भोलिको भोजन पनि स्वीकार गर्नुहोस्।"

बिम्बिसारको प्रार्थना भगवानले तुष्णिभावले स्वीकार गरे। तदनन्तर मगधाधिपति महाराज बिम्बिसार भगवान्लाई अभिवादन गर्दै प्रदक्षिणा गरी महलतिर फर्के।

भोलिपल्ट राजा बिम्बिसारले नाना प्रकारको भोजन तयार गराई भगवान्लाई सूचना पठाए। भगवान् पात्र चीवर

वेणुवन-दान

धारण गरी हजार जटिल भिक्षुहरुसहित राजभवनमा आए। त्यहाँ आसन

ग्रहण गरी राजाले चढाउन ल्याएका उत्तमातिउत्तम भोजन गरे। भगवान् प्रमुख भिक्षुसंघहरूले भोजन गरिसकेका देखी राजा एकातिर गई बसिरहे।

बसिरहेका राजालाई यस्तो किसिमको कुरा मनमा उत्पन्न भयो— "भगवान्सहित यतिका भिक्षुहरू छन्। बस्ने स्थान छैन। मेरो यो वेणुवन त्यतिको टाढा पनि छैन, नजीक पनि छैन, आउन जान गर्नालाई कठोन पनि छैन; यही वन भगवान् प्रमुख भिक्षुसंघलाई परित्याग गरिदिन पाए राम्रो हुनेछ।"

यस्तो किसिमले बिचार गरेका राजाले भगवान्को अगिल्तिर गई कलशबाट जलधारा बहाई— 'यो मेरो उद्यान भगवान् प्रमुख भिक्षुसंघलाई परित्याग गरेको छु' भनी दान गरे। भगवान्ले पनि तुष्णिभावले स्वीकार गरे। बुद्धशासनको प्रथमोप्रथम जग त्यहीं वनमा स्थापना भयो। त्यस वेला महा-भूकम्प पनि भयो। भगवान्ले राजालाई धर्मोपदेश गर्दै वस्तुदानमध्ये विहार-दान सार्है उत्तम भनी आज्ञा गरे। त्यस उप्रान्त भगवान् भिक्षुसंघसहित त्यहाँबाट फर्के।

उपतिस्स र कोलित परिव्राजकहरू

त्यस समयमा राजगृह नगरमा संजय नाम गरेका एक-जना परिव्राजक (संन्यासी) थिए। उनका अढाइसय शिष्यहरू थिए। त्यस ठाउँमा उपतिस्स र कोलित भन्ने दुइवटा ब्राह्मण-गाउ पनि थिए। ती दुवै गाउँमा सार्है नै धनी ब्राह्मणका दुइ परिवार पनि थिए। उपतिस्स गाउँमा बस्ने साहूकी पत्नीको नाम रूपसारी र कोलित गाउँमा बस्ने साहूकी पत्नीको नाम मोग्दली थियो। ती दुवै ब्राह्मण-पत्नी-हरूका एकै दिनमा एक-एकबटा छोरा जन्मे। उपतिस्स गाउँमा

जन्मेको बालकको नाम उपतिस्स नै, र कोलित गाउँमा जन्मेको बालकको नाम कोलित नै राखियो। ती दुवै ब्राह्मण-पुत्रहरू भगवान्कहाँ भिक्षु भैसकेपछि, सारी ब्राह्मणीको छोरा सारीपुत्र र मौग्दली ब्राह्मणीको छोरा मौद्गल्यायन भन्ने नामले प्रसिद्ध भएका थिए।

उपतिस्स र कोलित दुवै सान्है मिलेका घनिष्ठ साथी थिए। तरुनो भैसकेपछि ती दुवै गृहत्याग गरी संजय परिव्राजककहाँ शिष्यमध्ये प्रमुख भैरहेका थिए। एकदिन ती दुवैले यस किसिमले प्रतिज्ञा गरे— "हामी दुइमध्ये सबभन्दा पहिले जसले मोक्षधर्म प्राप्त गर्नेछ, त्यसले दोश्रोलाई भन्नु पर्दछ।"

त्यस समयमा आयुष्मान् अस्सजि देश भ्रमण गर्दै राजगृहमा पुगेर भिक्षाटन गरिरहेका थिए। उपतिस्स परिव्राजकले उनी त्यसरी भिक्षाटन गरिरहेका देखेर उनको स्वभावमा सुप्रसन्न हुँदै पछिपछि लागे। आयुष्मान्ले भिक्षाटनबाट फर्की एक वृक्षमनि बसेर भोजन गरेका देखेर परिव्राजकले यसरी प्रश्न गरे— "भो आवुसो ! तपाईंको अनुहार सान्है प्रसन्न देखिन्छ ! के उद्देश्यले तपाईं प्रव्रजित हुनु भएको ? तपाईंको गुरु को हुनुहुन्छ ? तपाईंलाई सबभन्दा मनपरेको धर्म कुन छ ?"

उपतिस्स र कोलितले बौद्धदर्शनको ज्ञान प्राप्त गरेका

आयुष्मान् अस्सजिले जवाफ दिए— "आवुसो ! शाक्यकुलबाट प्रव्रजित भएका महाश्रमण महामुनि एकजना छन्। म उनै भगवान् बुद्धको शिष्य हुँ। उनी मेरा गुरु हुन्। उनैको धर्म मलाई सबभन्दा मन पर्दछ।"

परिव्राजकले सोधे— "उनी कुन वादीका हुन्, उनको उपदेश के हो ?"

यस प्रश्नको उत्तर दिँदै आयुष्मान् अस्सजिले सकल बौद्ध-सिद्धान्तलाई संग्रह गरी यस्तो श्लोक पढेर सुनाए—

"ये धम्मा हेतुप्पभवा तेसं हेतुं तथागतो आह ।
तेसञ्च यो निरोधो एवं वादी महासमणो'ति ॥"

अर्थ— जुन धर्म हेतुबाटै उत्पन्न हुने हो, जुन धर्मको हेतु तथागतबाट आज्ञा हुन्छ, त्यही हेतुको निरोध पनि आज्ञा गर्ने उनै महाश्रमण हुन् ।"

यस श्लोकका प्रथम दुइ पद सुन्नुमात्रले नै उपतिस्स परिव्राजकलाई निर्मल धर्मचक्षु प्राप्त भयो । हजारौं प्रकारले त्यस श्लोकको अर्थ गरो-बुझी आयुष्मान् अस्सजिसित सोधे— "आजकल भगवान् बुद्ध कहाँ हुनुहुन्छ ?" यही राजगृहमा राजा बिम्बिसारको वेणुवनमा नै बसेका छन् भन्ने जवाफ पाई ती परिव्राजक आफ्नो साथीलाई वचनानुसार त्यस उत्तम कुरा सुनाउन जानु पर्‍यो भनी परिव्राजकाराममा गए ।

प्रसन्न मुख पारी आएका आफ्ना साथीलाई कोलितले सोधे— "आज तिम्रो मुख साह्रै प्रसन्न देखिन्छ । तिमीलाई आज अमृत-ज्ञान प्राप्त भयो कि कसो ?"

"हो साथी, आज मलाई अमृत-ज्ञान प्राप्त भएको छ ।" भनी उपतिस्सले सबै वृतान्त बताउँदै उनलाई पनि त्यही श्लोक पढेर सुनाए । उनले पनि त्यस श्लोकको अर्थ अनेक प्रकारले बुझी निर्मल धर्मचक्षु लाभ गरे ।

भगवान् शाक्यमुनिकहाँ जाने निश्चय गरेका ती दुवैजनाले आफ्ना भरोसामा रहेका अढाइसय परिव्राजकहरूलाई पनि त्यो वृतान्त सुनाएपछि तिनीहरू पनि सबै भगवान्कहाँ जान तम्से। अनिपछि ती सबै मिली संजय परिव्राजककहाँ गई उनको अगिल्तिर आफ्ना विचार प्रकट गरे। तिनीहरूका कुरा सुनेका ती संजयको मुटु ढ्कढुक हुन थाल्यो। अनेक प्रकारले उनले आफ्ना ती शिष्यहरूलाई रोक्न खोजे। केही लागेन। आखिर सबै गइछाडे। यसरी शिष्यहरू जम्म गएका देखी संजय मुखबाट रगत छादी मरे।

उपतिस्स र कोलितको उपसम्पदा

ती सबै परिव्राजकहरू वेणुवनतिर हिंडे। तिनीहरू त्यसरी आइरहेका टाढैबाट देखेका भगवान्ले भिक्षुहरूतिर फर्की यस्तो आज्ञा गरे— "त्यतातिर हेर त, उपतिस्स र कोलित, अढाइसय परिव्राजकहरूसहित यतातिर आइरहेका छन्। ती दुवैजना मेरो शासनमा अग्र-श्रावक हुने हुन्।" तिनीहरूले पनि भगवान्को अगाडि पुगेपछि सादर प्रणाम गर्दै प्रव्रज्या र उपसम्पदा मागे। भगवान्ले आज्ञा गरे— "यता आऊ भिक्षुगण! स्वाख्यात धर्मविनयमा राम्रोसित ब्रह्मचर्य्य पालन गरी दुःखको अन्त गर।"

यही वाक्य तिनीहरूको निंति उपसम्पदा भयो।

त्यसपछि तिनीहरूलाई भगवान्ले अनेक तरहले उपदेश दिए। उपदेश सुनी तदनुसार ध्यान गरी रहंदा एक सप्ताहपछि आयुष्मान् मौद्गल्यायनले अनन्त ऋद्धिबलसहित संसार-बन्धनबाट सुविमुक्तयुक्त अर्हत्-फल प्राप्त गरे। दुइ सप्ताह

अग्रश्रावक स्थान

पछि आयुष्मान् सारिपुत्रले अनेक विध प्रज्ञा–ज्ञानसहित जन्म–मरणबाट विनि- र्मुक्तयुक्त अर्हत्–फल प्राप्त गरे । तदनन्तर भगवान्‌ले ती दुवै आयुष्मान् सारिपुत्र र मौद्‌गल्यायनमाई भिक्षुहरूका अग्रश्रावक–स्थानमा प्रतिस्थित गराए ।

परिच्छेद तेह्रौं

छ:वर्षसम्मको दुष्करचर्य्याद्वारा बुद्धत्व प्राप्त गरिसकेपछि धर्मचक्र चलाई, आजकाल राजगृहाधिपति बिम्बिसारको वेणुवन उद्यानमा, शाक्यकुमार बसिरहेका छन् भन्ने खबर महाराज शुद्धोदनकहाँ पुग्यो । छोराको मुख देख्न व्याकुल भएका राजाले तुरुन्त एउटा सचिवलाई बोलाई भने— "भणे ! मेरो प्यारो पुत्र भगवान् बुद्ध आजकल राजगृह देशमा वेणुवनमा बसिरहेका छन् रे भन्ने सुनिन्छ। तिमी त्यहाँ गएर उनलाई तुरुन्त बोलाएर ल्याऊ। "

शुद्धोदन महाराजका दूतहरु

राजाको आज्ञा पाएका सचिव, एकहजार सिपाहींहरू साथमा लिई, वेणुवन विहारतिर गए। त्यहाँ पुगेर हेर्छन् त भगवान् शाक्यकुमार आफ्ना हजारौं शिष्यहरूलाई धर्मोपदेश गरिरहेका रहेछन्। सिपाहींहरूसहित त्यो सचिव पनि एक स्थानमा बसी धर्मोपदेशमा तल्लीन भए। भगवान्‌को धर्म-व्याख्यानको अवसानको समयमा तिनीहरू पनि जम्मै अर्हत् भए। तिनीहरू भगवान्‌को समक्ष गई उपसम्पदा मागी प्रव्रजित पनि भए। राजा शुद्धोदनको समाचार भगवान्‌लाई कसैले सुनाएनन्। उता राजाले धेरै दिनसम्म पनि तिनीहरू फर्की नआएका देखेर अर्को एकजना सचिवलाई एकहजार सिपाहीं साथदिई फेरि पठाए। तिनीहरू पनि भगवान्‌को धर्मोपदेशले प्रव्रजित भएर गए, र कपिलवस्तु फर्केनन्। यस प्रकारले राजाले नौ पटकसम्म दूतहरू पठाउँदा पनि कसैले राजाको समाचार भगवान्‌लाई भनेका होइनन्।

बूढो भैसकेका शुद्धोदनको मनमा ठूलो संताप पर्‍यो। यतिका मान्छेहरू पठाइसकें एकजना पनि जवाफ लिएर फर्केको होइन। यत्तिका मान्छेहरूमा मलाई संझने कोही पनि रहेन छ, मलाई स्नेह गर्न कोही पनि रहेन छ!

कालुदायी मंत्रीको प्रव्रज्या

अब म कसलाई भनेर मेरो छोराको मुख देख्न पाउँला— भनी विलाप गरिरहेका थिए। त्यसै बेला कालुदायी नामक मंत्रीलाई संझी, यिनी त बालक कालदेखिका कुमारका साथी हुन्, यिनको मउपर स्नेह पनि छ, यिनीले मेरो मनोकामना पूरा गर्न छन् भनी उनैलाई डाक्न पठाए। राजाको वृतान्त कुरा सुनिसकेपछि कालुदायोले यसरो भने— "महाराज! मलाई पनि प्रव्रजित हुने आज्ञा बक्सिए म वहाँलाई यहाँ ल्याउन सक्नेछु, अन्यथा सक्नेछैन।"

राजाले भने— "कालुदायी! तिम्रो जे इच्छा छ, गर्न सक्छौ। जसो गरेर भए पनि मेरो छोराको मुख मलाई चाँडै देखाउने काम गर।"

राजाको आज्ञा पाई एकहजार जवान सिपाहीं साथमा लिई मन्त्री कालुदायी शाक्यमुनि भएका ठाउँमा गए। त्यहाँ पुगेपछि भगवान्‌को धर्मोपदेशले उनी पनि अर्हत् भएर प्रव्रजित भए। भगवान्‌ले उनलाई उपसम्पदा पनि प्रदान गरे।

भगवान्‌ले ऋृषिपतन छाडेको आजले करीब पाँच महीना भयो। तीनमहीना जति उरुवेलमा बित्यो। यस वेणुवनमा दुइ महीना बित्यो। वेणुवनमा आउँदा पौष-पूर्णिमा थियो। त्यस हिसाबले अहिले वसन्त ऋृतुको आगमनको वेला छ।

कपिलपुरबाट आएको आठदिन जति भएपछि आयुष्मान् कालुदायीले, भगवान्लाई कपिलपुर लैजाने अभिलाषाले उनको अगिल्तिर गई कपिलपुर जाने मार्गको वर्णन गर्दै यस प्रकारले भने—"महावीर! आजकल ऋतुगुण साह्रै सुखदायी छ। अति जाडो पनि होइन, अति गर्मी पनि होइन। घाम साह्रै कडा पनि होइन, साह्रै नरम पनि होइन। कपिलपुरतिर जाने मार्गमा भर्खर-भर्खर फुल्न लागेका रंगविरंगका फूलहरू शोभायमान भैरहेका छन्। मार्ग साह्रै आनन्ददायक छ। बाटोमा पनि न धेरै हिलो छ, न ग्रीष्मकालमा झैं धूलो उड्छ। ऋतुराजले आफ्नो शोभा प्रदर्शन गरिराखेको छ, नाना प्रकारका पंक्षीहरूको संगीतले गर्दा मार्गको सौन्दर्य अझ दुगुना बढेको छ।"

अनेक प्रकारले कपिलपुरतिर जाने मार्गको सौन्दर्य वर्णन गरेको देखी भगवान्ले कालुदायीसित सोधे— "उदायी! यस प्रकारले किन तिमीले मार्गको वर्णन गरेको?"

कालुदायीले भने— "भन्ते! हजूरका पिता महाराज शुद्धोदनले हजूरको दर्शन गर्न ठूलो इच्छा गर्नु भएको छ। भन्ते! ज्ञातिहरूको मन राखिदिनु होस्।"

भगवान् पनि फाल्गुन पूर्णिमाको दिन बीसहजार भिक्षुहरूसहित आयुष्मान् कालुदायीसित कपिलवस्तुको निंति राजगृहवाट प्रस्थान गरे।

शाक्यमुनीन्द्र राजगृहबाट प्रस्थान् गरेपछि आयुष्मान् कालुदायी, महाराज शुद्धोदनलाई यो समाचार भन्न, आकाश-मार्गबाट कपिलपुर पुगे। राजाले कालुदायीलाई देखी साह्रै

मार्गको बीचमा राज-भोजन

हर्ष मानी सादर प्रणाम गरी आसनमा बसालेर भोजन अगिल्तिर राखिदिए। आयुष्मान् कालुदायी भोजनपात्र लिई उठी जान लागेको देखी राजाले सोधे—
"भन्ते, किन ? कहाँ जानलाग्नुभो ?"

"महाराज, म उहीं भगवान्कहाँ गएर नै भोजन गर्छु।"

"भन्ते, आजकल भगवान् कहाँ हुनुहुन्छ ?"

"आजकल भगवान् राजगृह छाडी कपिलवस्तुतिर आउँदै हुनुहुन्छ।"

"त्यसो भए, भन्ते, तपाईं भोजन यहीं गर्नुहोस्। कृपया आजदेखि भगवान्लाई पनि यहींबाट दिन्हौं भोजन लैजाने गर्नुहोस्।"

राजाको प्रार्थना स्वीकार गरी आयुष्मान् कालुदायीले त्यहीं भोजन गरी पुनः पात्र भरी राजभोजन राखी भगवान् भएका ठाउँमा गई चढाए। त्यस दिनदेखि भगवान्ले कपिलपुर नपुगुन्जेलसम्म राजाले दिएर पठाएको भोजन गरेका थिए। दिनको एक योजन गमन गरी, दुइ महीनापछि साठी योजनको मार्ग तय गरी वैशाख-पूर्णिमाको दिन भगवान् कपिलपुर नगरमा आइपुगे।

वीसहजार भिक्षुहरूसहित भगवान्लाई राज गराउने एउटा रमणीय स्थान चाहिन्छ भनी राजा शुद्धोदनले शाक्य राजपरिवारहरू जम्मा गरी निग्रोध शाक्य-उद्यानमा एउटा विहार बनाउन लगाए। निग्रोध शाक्य-उद्यानमा बनाएको हुनाले त्यस विहारको नाम पनि 'निग्रोधाराम' भन्ने रह्यो।

शाक्यकुलका यशवर्धक, सर्वज्ञबुद्ध कपिलवस्तु नगरमा आइपुगे भन्ने समाचार सुनी शाक्य राजपरिवारका सदस्यहरू, ब्राह्मण, क्षत्री, वैश्य शुद्रादि सबै नगरबासीहरू राजभवनमा जम्मा भए। महाराज शुद्धोदन पनि भगवान् शाक्यमुनिलाई स्वागतार्थ लिन जान सफा सफेद् शुद्ध वस्त्र लगाई राजभवनबाट वर्ले। अनिपछि त्यहाँ जम्मा भएका सकल नरनारी बालक बालिकाहरूलाई नाना सुगंधित धूप, दीप, फूल, माला, ध्वजापताकादि समात्न लगाए। तिनीहरूलाई अगाडि हिँड्न लगाई त्यसपछि शाक्य राजकन्याहरूलाई पनि त्यस्तै धूप फूलमालादि समात्न लगाई आफू स्वयं लखौं महाजनहरूसहित तथागत बुद्धको पूजा गद निग्रोधाराम पुगे। भगवान् पनि बीसहजार क्षीणास्रव भिक्षुहरूसहित निग्रोधाराममा आएर बसे। त्यस वेला त्यहाँ विशालरूपले शाक्यकुलीनहरू जम्मा भएका थिए।

शुद्धोदन स्वागतार्थ भगवान्‌लाई लिन गएका

शाक्यकुलका सदस्यहरू साह्रै जाति अभिमानी थिए। भगवान्‌लाई प्रणाम वन्दना केही नगरी 'यो सिद्धार्थ हाम्रै छोरा त हुन् नि, हाम्रै नाति त हुन् नि' भन्ने भावना लिई खालि केटाकेटीहरूलाई अगि सराई भगवान्‌लाई प्रणाम गर, वन्दना गर भनी आफूहरू पछिल्तिरै उभिरहे। यो देखी भगवान्‌ले तिनीहरूको जात्याभिमान हटाइदिन आफ्नो ऋद्धिबलले आकाशमाथि गई रत्नमय चंक्रमण–शाला बनाई त्यसमा चंक्रमण गर्दै आफ्ना पाउको धूलो सबै शाक्य नरनारीहरूका शीरमा फुरफुर छरिदिए। यस्तो ऋद्धि देखी

शुद्धोदनको तृतीयवार पुत्र–वन्दना

सर्वप्रथम राजा शुद्धोदनले भगवान्‌लाई साष्टाङ्ग प्रणाम गरे। यो देखी सकल शाक्यहरूले पनि साष्टांग प्रणाम गरे। राजा शुद्धोदनको यो तृतीयवार पुत्रवन्दना थियो।

यस प्रकारले शाक्यहरूको महासमागम भैरहेको बेलामा त्यहाँ साह्रै ठूलाठूला थोपाको वृष्टि भयो। फेरि त्यो वृष्टि पनि आश्चर्यको थियो। इच्छा भएकाहरूलाई मात्रै वृष्टि थोपा लाग्ने, इच्छा नभएकाहरूलाई एक थोपा पनि नलाग्ने। यस प्रकारको वृष्टि-देखेर त्यहाँ भएका सकल नरनारीहरू आश्चर्यचकीत भए। यस विषयमा

ज्ञातिहरूलाई धर्मोपदेश

परिषद्‌हरूमा चर्चा भएका सुनी भगवान्‌ले तिनीहरूलाई डाकी 'यस्तो अनौठाको वर्षा आज मात्रै भएको होइन। अतीत कालमा ज्ञातिहरूको महासमागम भएको वखतमा पनि यस्तै भएको थियो।' भनी विश्वन्तर जातकको कुरा आज्ञा गरी धर्मोपदेश गरे। धर्मोपदेश सुनिसकेपछि सकल नरनारी भगवान् बुद्धलाई प्रार्थना गर्द प्रदक्षिणा गरी आफ्ना-आफ्ना घर फर्के। त्यतिका ज्ञातिहरू हुँदा पनि भगवान्‌लाई कसैले 'भोलिको भोजनको निंति हामीकहाँ आउनुस्' भनी निमंत्रणा दिएका होइनन्। महाराज शुद्धोदन पनि निमंत्रणा आदि केही नगरी 'मेरो छोरा मेरो राजभवनमा नआई अन्त कहाँ जाला' भन्ने विचार गरी अरू सरह नै दरवारतिर गए।

भोलिपल्ट विहान शाक्यमुनि भगवान् भिक्षा माग्न जानको निंति कपिलपुर नगरभित्र गए। नगर-द्वारमा उभिएर, 'अघि-अघिका बुद्धहरूले स्वजन्मभूमिमा प्रवेश गर्दा के गरेका

कपिलपुरमा भिक्षाटन

थिए ' भनी ध्यानदृष्टिले विचार गरी हेर्दा उनीहरूले घर-घरैपिच्छे भिक्षाटन गरी हिंडे भन्ने जानी ' म पनि उही बुद्धकुलको हुं, मैले पनि त्यस्तै गर्नु पर्छ ' भनी नगर-प्रवेश गरी घर-घरमा भिक्षा माग्दै गए।

सिद्धार्थकुमार भिक्षु भई घर-घरैपिच्छे भिक्षा माग्दै आए भन्ने खवर सुनेका वालवृद्धा सकल नरनारीहरू झ्याल-झ्यालमा, ढोका-ढोकामा, वरन्डा कौसी आदिमा वसेर दर्शनार्थ हेरिरहे। भगवान् यसरी भिक्षा माग्दै आए भन्ने समाचार तुरून्त राहुल-माताकहाँ पुग्यो। अनि तिनको मनमा यस्तो विचार उब्ज्यो—" आर्यपुत्र यही नगरमा पहिले कस्तो रत्नमय रथमा वसेर अनेक शाक्यकुमारहरूसहित घुम्नुहुन्थ्यो , आज राज्यसुख सबै छाडी, त्यस्तो सुन्दर केश काटी, काषायवस्त्र धारण गरी, हातमा भिक्षापात्र लिई भिक्षुसंघहरूसित यही नगरमा भिक्षा माग्न आउनुभो। वहाँलाई यो कार्य सुहाएको होला ? "

यस्तो मनमा धारण गरी कोठाको झ्यालवाट वाहिर हेरिन्। काषायवस्त्र धारण गरी आफ्नो शरीरको चारैतिर रश्मि प्रकाशमान गरी, तारागणमध्ये निर्मल शान्त चन्द्रमा जस्तो मुख भएका, हजारौं शान्त-दान्त भिक्षुहरूको बीचमा अति शान्त शाक्यमुनीन्द्र आइरहेका देखिन्। अनि, हत्तरपत्त दगुर्दै ससुरा शुद्धोदनकहां गई भनिन्– "हजूरको पुत्ररत्न, शाक्यमुनीन्द्र भगवान् वुद्ध हजारौं भिक्षुहरू साथमा लिई नगरमा भिक्षाटन गरिरहनु भएको छ।"

महाराज शुद्धोदन पनि हत्तरपत्त उठी दगुद भगवान्‌को अगिल्तिर पुगी भने— " भन्ते, किन हामीलाई यस्तो लाजमर्नु पार्नु भएको ? किन घर-घरैपिच्छे भिक्षा माग्दै हिंड्नु भएको ?

राजालाई धर्मोपदेश

के यति भिक्षुहरूलाई पनि मैले भोजन गराउन सक्दिन र ? "

भगवान्‌ले भने— " महाराज, यो मेरो वंशको धर्म हो। "

" हाम्रो वंश महासम्मतादि क्षत्रीय वंश होइन र ? हाम्रा पूर्खाहरूले पनि यस्तै भिक्षा मागेर खाएर हिंडेथ्ये ? "

" महाराज, तपाईंको वंश राजवंश हो। मेरो वंश त दीपंकरादि बुद्धहरूका पालादेखिन् चलेर आएको बुद्धवंश हो। तिनीहरू सबैले अप्रमादि भई भिक्षाटन गरी जीविका गरेका थिए। "

यस प्रकारको उत्तर दिंदै भगवान्‌ले ' अप्रमादि भई, राम्ररी धर्माचरण गरिरहेका धर्माचारीलाई यस लोक र परलोक दुवैमा सुख प्राप्त हुनेछ ' भनी बाटको बीचैमा बसी धर्मोपदेश गरी महाराज शुद्धोदनलाई पनि स्रोतापत्ति मार्ग-फलमा प्रतिस्थित गराई निर्मल धर्मचक्षु प्राप्त गराए।

त्यसपछि राजाले भगवान्‌को पात्र बोकी सकल भिक्षु-संघलाई राजभवनमा लगी अत्यन्त प्रणीताकारपूर्वक क्वाँती आदि प्रातः भोजन गराए। त्यहां पनि भगवान्‌ले राजालाई उपदेश गर्दै ' धर्मको आचरण राम्ररी गर्नु पर्दछ, नराम्रो तरीका गर्नु हुन्न। राम्रोसित धर्माचरण गर्नेलाई ईहलोक परलोक दुवैमा सुख शान्ति मिल्दछ ' भनी प्रजापति गौतमीलाई स्रोतापत्ति

मार्गफलमा र राजालाई सकृदागामी माग–फलमा सुप्रतिस्थित गराए।

दिवाभोजनोपरान्त एकजना राहुलमाता बाहेक सकल राजभवनका नरनारीहरू गई भगवान्को वन्दना गरे। 'देवी! आर्य्यपुत्रको वन्दना गर्न जाउँ हिंड' भनी अरू स्त्रीहरूले राहुलमातालाई भन्दा 'यदि ममा राम्रो गुण भए आर्य्यपुत्र स्वयं यहीं कोठामा मलाई दर्शन दिन आउनु हुनेछ।' भनी आफ्नै कोठामा बसिरहिन्। केही समयपछि भगवान् स्वयं राजालाई पात्र समात्न लगाई दुइजना अग्रश्रावकहरूको साथमा यशोधरा देवीको देवभवन तुल्य कोठामा आए।

यशोधराको कोठामा भगवान्को प्रवेश

त्यस वखतमा यशोधराका परिचारिकाहरूको संख्या चालीस हजार थिए। त्यसमध्ये क्षत्रीय कन्याहरू नौहजारभन्दा वढ्ता थिए। भगवान् आए भन्ने सुनी देवीले सकल परिचारिकाहरूलाई काषायवस्त्र धारण गरी आउनू भनी अह्राइन्। परिचारिकाहरू सबै काषायवस्त्र लगाई हाजीर भए। यशोधरादेवी त जुन दिन कुमारले काषयवस्त्र धारण गरे भन्ने सुनेकी थिइन् त्यही दिनदेखिन् काषयवस्त्र पहिरेर बसेकी थिइन्। 'तिमीहरूले यशोधरालाई केही नभन्नू' भनी अग्रश्रावकहरूलाई आज्ञा गरी भगवान् कोठाभित्र आई वछ्याइराखेको आसनमा वसे।

भगवान् आसनमा विराजमान भैसकेपछि यशोधरादेवी दगुर्दै गई पद्मकमल जस्ता श्री चरणमा शिर राखी छः छः वर्षदेखिको संचित अश्रुधारा वहाई हिक्का छाड्दै रुन थालिन्।

यशोधरादेवी रुन थालेकी देखेर चारैतिर

यशोधराको बुद्ध-वन्दना

उभिरहेका परिचारिकाहरू पनि रोए। यस प्रकारले विरहमा डुबी रूंदा पनि भगवान्‌ले देवीलाई केही भनेनन्। देवी इच्छापूर्ण हुने गरी रोइसकेपछि आफैले धैर्य धारण गरी राजकुलिनानुसार अत्यन्तादरपूर्वक भगवान्‌लाई मान र आदर गरी एक कुनातिर गई उभिरहिन्।

त्यसपछि त्यहीं अगाडि उभिरहेकी यशोधरादेवीको चालचलनमा सदा सुप्रसन्न भएका शुद्धोदन महाराजले बुहारीको गुण वर्णन गर्दै भने—“भगवान्! मेरी बुहारी यिनी यशोधरादेवी साह्रै शीलवती छिन्।

यशोधराको गुण वर्णन

तपाईंले काषायवस्त्र धारण गर्नुभो भन्ने सुनेर यिनीले पनि त्यही दिनदेखिन् राजवस्त्र छाडी काषायवस्त्र धारण गरिन्। तपाईंले फूलमालादि धारण गर्न छोड्नुभो भन्ने सुनी यिनले पनि रत्नमालादि गहना लाउन छोडिन्। तपाईंले अग्लो पलंगमा शयन गर्न छाड्नुभो भन्ने सुनी यिनले पनि भुइंमा नै बिछ्यौना लगाई सुत्ने गर्न थालिन्। तपाईं एक छाक मात्रै खानुहुन्छ भन्ने सुनेर यिनले पनि एकै छाक मात्र खान थालिन्। माइतबाट कति पटक बोलाउन पठाउँदा पनि गइनन्। शरीर एकातिर रहे पनि मन सँधै तपाईंमा लगाई, सदा तपाईं कै मात्र ध्यान गरी, दानपुण्य गर्दै गरीबहरूलाई खुवाई, अप्रमादी भई, मैत्री भावना राखी, राजभवनैमा बसी तपाईंको पद-गमन गरिरहेकी छिन्।”

यशोधराको यस्तो गुण वर्णन सुनी भगवान्‌ले भने—

" महाराज ! तपाइ जस्ताको आरक्षामा बसेर यशोधरादेवीले आफ्नो पतिव्रता शील पालन गर्नु आश्चर्यको कुरा होइन। यिनले अतीत कालमा किन्नर योनीमा जन्म लिंदा रक्षा गर्ने कोही नभएको हिमालय पवतमा बसेर पनि आफ्नो शील नबिगारी परिशुद्ध तरीकाले पतिव्रता—धर्म पालन गरेकी थिइन्। "

यति आज्ञा गरी भगवान् बुद्धले चन्दकिनर—जातकको कथा भनी धर्मोपदेश गरे।

— —

परिच्छेद चौधौं

भोलिपल्ट पनि भगवान् बुद्ध भोजनको निंति राजभवनमा नै आए। त्यस दिन राजभवनमा चहलपहल थियो। नन्दकुमारलाई विवाह गरी राज्याभिषेक दिने मंगलोत्सव थियो। भगवान् भोजन गरि सकेपछि मंगल-धर्मोपदेश गरी नन्दकुमारलाई आफ्नो पात्र समात्न लगाई दरबारबाट फर्के। भरेङ्निर पुगेपछि त यो पात्र भगवान्‌ले लिने होलान् भनी नन्दकुमार पछि-पछि लागे। तर त्यहाँ भगवान्‌ले पात्र लिएनन्। फेरि, तल वर्लेपछि ढोकानिर पुग्दा लिने होलान् भनी पछि-पछि लागे। त्यहाँ पनि लिएनन्। नन्दकुमार साह्रै दुविधामा परे। न भगवान्‌लाई पात्र लेऊ भन्नु, न आफू फर्कनु। असजिलो मान्दै, अलिपर पुगेपछि लिने होलान्, अझ अलि परमा लिने होलान् भन्दाभन्दै उनी भगवान् बुद्धको पछिपछि निग्रोधारामसम्म पुगे। निग्रोधाराम पुगेपछि भगवान्‌ले 'नन्द! प्रव्रजित हुन्छौ?' भनी सोद्धा 'हुँदिन' भन्न लाज मानी 'हुन्छु' भनी उत्तर दिए। यस प्रकारले नन्दकुमारलाई कपिलपुर पुगेको छैठौंदिनमा प्रव्रजित गराए।

नन्दकुमारको प्रव्रज्या

कपिलवस्तु पुगेको सातौं दिनमा पनि भगवान् भोजनको निंति राजभवनमा नै गए। त्यस दिन यशोधरादेवीले सातवर्षको राहुलकुमारलाई कुरा सिकाइन्- "बाबु! यी बीसहजार श्रमणहरूको बीचमा तारागणमध्ये चंद्रमा जस्ता, सुवर्ण वर्णका, बत्तीसै लक्षणले युक्त भएका महापुरूष तिम्रो पूज्य पिता हुनु-

राहुलकुमारको प्रवज्या

हुन्छ। वहाँ यस राजभवनमा पहिले रहनुहुंदा वहाँसित धनले परिपूर्ण चारवटा घड़ा थिए। वहाँ राजपाट गृहस्थ त्यागी जानु भएपछि ती चारैवटा घड़ा देखिएनन्। बाबुको संपत्तिमा छोराकै हक हुन्छ। तिमी गएर 'म चक्रवर्ती राजा हुनुपर्छ, त्यसको निति मलाई धेरै धनको आवश्यकता पर्दछ, मलाई अंश देऊ' भनी माग।"

यति कुरा सिकाई राहुललाई भगवान्कहाँ पठाइन्। कुमारले पनि बाबुको अगिल्तिर गई बाल्यस्वभावले साऱ्है हिसी लाग्दो गरी हाँस्दै आमाले सिकाएर पठाएको कुरा जम्मै भने। फेरि 'बा, तपाईंको छाँयाले मलाई साऱ्है आनन्द दिंदोरहेछ!' भन्दै बाल्य-चंचलता देखाउँदै भगवान्संगै बस्न पुगे।

भगवान् भोजन गरिसकेपछि भुक्तानुमोदन गरी आसनबाट उठी राजभवनबाट बाहिर निस्के। राहुलकुमार पनि 'बा, मलाई अंश दिनोस्' भन्दै पछि-पछि लागे। कुमारलाई कसैले पनि 'फर्केर जाऊ' भनी भन्न हिम्मत गर्न सकेका होइनन्। सातवर्षका सानो कुमार निग्रोधारामसम्म नै पछि-पछि लागे। विहारमा पुगेपछि भगवान् बुद्धले राहुलकुमारलाई संसार-यात्रा मात्रै बढ्ने लौकिक धन दिने इच्छा नगरी, संसार-यात्रा समाप्त भई निर्वाण-सम्पत्ति प्राप्त हुने सप्तार्य्यधन दिने अभिलाषा गरी, आयुष्मान् सारिपुत्रलाई डाके। सारिपुत्र अगाडि आईपुगेपछि भगवान्ले राहुलकुमारलाई प्रव्रजित गर भनी आज्ञा दिए। भगवान्को आज्ञा पाई सारिपुत्र स्वयं उपाध्याय भई, मौग्दल्यायनलाई आचार्य्य बनाई, राहुलकुमारलाई प्रव्रजित गरे। यसरी सातौं दिनमा राहुलकुमारलाई पनि प्रव्रजित गर्ने कार्य्य सुसम्पन्न भयो।

यस प्रकारले राहुलकुमार पनि प्रव्रजित भए भन्ने सुनेका राजा शुद्धोदन साह्रै दुःखित हुँदै भगवान्कहाँ पुगे। नाति पनि प्रव्रजित भएकोमा साह्रै दुःखमार्ना भगवान्को समक्ष हृदयको वृतान्त सुनाई, मातापिताको अनुमतिविना कुनै बालक-बालिकालाई प्रव्रजित गराउन नपाइने वर मागी, राजा राजभवनतर्फ फर्के। त्यस बेलादेखिन् मातापिताका अनुमति-विना केटाकेटीहरू प्रव्रजित गन नपाइने नियम भगवान्ले बनाइदिए।

त्यसको भोलिपल्ट पनि भगवान् राजभवनमा भोजनको निति गए। प्रातः भोजनोपरान्त परिपद्लाई धर्मोपदेश गरे।

द्धोदन अनागामी भएका

तदोपरान्त राजाले सुख दुःखको कुरा बताउँदै भगवान्लाई यस प्रकारले भने— "भन्ते! तपाईं उरुवेल वनमा तपस्या गरिरहनु भएको बेलामा, एकजना देवता आई, आकाश-मार्गबाट, नै आहार त्याग्नु भएको हुनाले बुद्धत्व प्राप्त गर्नु भन्दा अगाडि नै तपाईंको मरण भयो भनी, मलाई सुनाएका थिए।"

"विश्वास गर्नुभो त, महाराज?"

"गरिन।"

"महाराज! धर्मपाल महाराजको समयमा पनि मेरो मृत्यु भैसक्यो भनी तपाईंकै अगिल्तिर मेरो हाड भनी देखाउन ल्याउँदा पनि तपाईं पत्याउनु भएको थिएन।"—भन्दै भगवान्ले महाधम्मपाल जातकको कथा बताउँदै धर्मोपदेश गरे। धर्मो-पदेश गरिसकेपछि राजा शुद्धोदन अनागामी-फलमा सुप्रतिस्थित भए।

यस प्रकारले स्वदेशमा आएकै छैठौं दिनमा भगवान् बुद्धले भाइ नन्दकुमारलाई प्रव्रजित गराए। सातौं दिनमा छोरा राहुलकुमारलाई प्रव्रजित गरे। सौतेनी आमा प्रजापती गौतमी-लाई स्रोतापत्ती मार्ग-फलमा र पिता शुद्धोदनलाई अनागामी फलमा सुप्रतिस्थित गराई पुनः कपिलवस्तु छाडी राजगृह-तिर नै फर्के।

त्यस वखतमा कोशल राज्यमा श्रावस्ती नामक नगरमा साह्रै धनी अनाथपिण्डिक नाम गरेका एकजना सेठ थिए। उनको राजगृह नगरमा अति विश्वासी साथी एकजना थियो।

अनाथपिण्डिकलाई बुद्ध-दर्शन

एकदिन त्यो महाजन आफ्नो साथीलाई भेट्न भनी एकसय गाडाभरि चीज-वस्तु राखी श्रावस्तीबाट राजगृहतर्फ हिंडे। भगवान् बुद्ध राजगृहमा आएका छन् भन्ने सुनी अनाथपिण्डिकलाई भगवान् दर्शन गर्ने प्रबल इच्छा भयो। विहान सबेरै उठी भगवान् भएका ठाउँमा पुगे। अनि भगवान्लाई सादर प्रणाम गरी एकछेउमा बसी धर्मोपदेश सुनि-रहे। धर्मोपदेश सुनिरहेका महाजनलाई त्यहीं स्रोतापत्ति-फल प्राप्त भयो। तदोपरान्त भगवान्लाई श्रावस्ती नगरमा आउ-नुहोस्' भनी प्रार्थना गरे। भगवान्ले पनि मौन-संमति दिए।

भगवान्लाई श्रावस्ती नगरमा आउने निमंत्रणा गरी फर्केका साहू अनाथपिंडिकले एक-एक योजनाको अन्तर पारी

अनाथपिण्डकको जेतवन विहार दान

पैंतालीस योजनको मार्गमा पैंतालीसवटा विहार, श्रावस्तीसम्म, बनाइदिए। एक-एक विहार बनाउन एक-एक लाख, जम्मा पैंतालीस लाख खर्च लागेको थियो।

अट्ठारकरोड तिरी जेतवन उद्यान पनि किने। त्यस उद्यानमा भगवान् प्रमुख अस्सीजना महाश्रावकहरूको निंति समेत विहार बनाउन लगाए। चंक्रमणस्थान, दिवास्थान, रात्रीस्थान, स्नानगृह, धर्मशाला, सभागृह इनार तथा बगैंचा आदि अनेक स्थानहरू पनि सुन्दराकारले बनाउन लगाए। विहार बनाउनमा जम्मा अठ्ठार करोड रुपिया खर्च भएको थियो। विहार-निर्माण कार्य्य सकिएपछि महाजनले भगवान्‌कहाँ खबर पठाए। भगवान् पनि खबर पाउनासाथ हजारौं भिक्षुहरू साथमा लिई राजगृहबाट पैंतालीस योजन मार्ग तय गरी श्रावस्ती आइपुगे।

भगवान् श्रावस्ती आइपुगे भन्ने खबर सुनेका अनाथापिण्डिकले आफ्नो छोरालाई वस्त्र अलंकारादिले सिंगारी, पाँचसय अरू कुमारहरूको साथमा फूलमाला ध्वजापताकादि समात्न लगाई, तिनीहरूका पछिपछि अरू पाँचसय कुमारीहरूसहित महासमुद्रा र चूलसुभद्रा नामक आफ्ना दुइजना छोरीहरूलाई पनि वस्त्रालंकारादिले सुसज्जित गराई भगवानलाई लिन पठाए। त्यसपछि आफ्नो गृहिणीलाई पनि त्यस्तै सिंगार्न लगाई पाँचसय स्त्रीहरूको साथमा पठाए। आफूचाहिं सबभन्दा पछाडि पाँचसय उपासकहरूसहित शुद्ध सफेद वस्त्र लगाई भगवान्‌लाई लिन गए। बीच बाटोमा भगवान् भेट भयो। पूजा मान्यादिले स्वागत सत्कार गरी भगवान्‌लाई जेतवन विहारमा ल्याए। त्यहां पुगेपछि अनाथपिण्डिकले सुवर्ण-कलशबाट जलधारा बहाई जेतवन विहार भगवानलाई दान दिए। भगवान्‌ले 'दानमध्ये विहार-दान श्रेष्ठोत्तम दान हो'— भनी समयोचित धर्मोपदेश गरे।

भगवान् बुद्धको श्रावस्तीमा पदार्पण भएदेखिन् महिनौं दिन-सम्म अनाथपिण्डिकले विहारोत्सव गरी अठ्ठार करोड धन खर्च गरे। यस प्रकारले साहू अनाथपिण्डिकले जेतवन विहारको निंति चवन्न करोड द्रव्य खर्च गरेका थिए।

महाकारुणिक भगवान् बुद्ध जेतवन विहारमा नौमहीना वसी फेरि राजगृह नगरतर्फ फर्के। त्यहांबाट पनि घुम्दैफिर्दै अनोमा नदीको किनारमा स्थित मल्ल राजाहरूका सानो देशमा अनुप्रिय नामक आम्रवनमा पुगे।

उता कपिलवस्तुमा महाराज शुद्धोदनले सवै शाक्य परिवारहरूलाई एकत्रित गरेर भने— ‘राजन् हो! सिद्धार्थ-

उपाली नाउको प्रव्रज्या

कुमार राजभवनैमा वसी राजपाट सह्यालेर वसेको भए आज उनी चक्रवर्ती राजा भैसक्ने थिए। हामी जम्मै उनका परिचारिका भैसक्ने थियौं। तर आज उनी यो सुखऐश्वर्य जम्मै त्यागी जगत हितार्थ सर्वज्ञ बुद्ध हुन पुगे। यस कुरामा तिमीहरू पनि सवैले विचार गरी आफ्ना-आफ्ना कुमारहरूलाई भगवान्कहाँ लगी प्रव्रजित गराउनु साह्रै उत्तम छ।”

राजाको यस्तो प्रीति वाक्य सुनेका शाक्यकुमारहरू एकै पटकमा एकहजार जवान भगवान्कहाँ गई प्रव्रजित भए। तर त्यसमध्ये महानामादि शाक्यकुलबाट कुनै पनि प्रव्रजित हुन गएन। एकदिन भद्दिय शाक्य राजा, अनुरुद्ध, आनन्द, भगु, किम्भिल तथा देवदत्तादि छः जना शाक्यहरू आफ्ना आफ्ना सैन्यलिई वन विहार गरी सकेपछि सकल सैन्यलाई फर्काइ पठाई उपालि नामक नाउ एकजनालाई मात्रै साथमा

लिई अनुप्रिय वनतर्फ हिंडे! त्यस वनमा पुगेपछि आफूहरूले पहिरेर आएको राजवस्त्र जम्मै फुकाली त्यस नाउलाई दिई 'तिमी घर फर्क' भनी पठाए। उपालि नाउ पनि लुगा पोका बोकी अलि परसम्म त गयो, तर एकाएक उसको मनमा यस्तो विचार उठ्यो–"यो शाक्यकुलका मानिसहरूको रीस बडो नराम्रो छ। यो लुगा पोका मैले लिएर गएपछि यिनीहरूका आमा बाबुले, सोधनीबुझनी नै केही नगरी, हाम्रा छोराहरूलाई मारेरै पो यसले लुगा पोका लिएर आएको हो भनी मलाई मार्न पनि बेर लाउँने छैनन्। म मात्रै यस संसारमा दुःख खाएर बसिरहनु किन!"

अनिपछि, यो लुगा पोका जोसुकैले लेओस् भनी एउटा रुखमा झुण्ड्याई उपालि पनि ती राजकुमारहरु गएको बाटैबाटो अगाडि बढ्यो। तिनीहरुले 'तिमी किन फर्क्यौ? लुगा पोका खोइ नि?' भनी सोद्धा उपालिले जम्मै वृतान्त बतायो।

यस प्रकारले उपालि नाउ समेत् ती सातैजना भगवान् बुद्धको समक्ष पुगी बिन्ति गरे — "भगवन्! शाक्यकुलका मानिसहरू एकदम अभिमानी छन्। सबभन्दा पहिले यो हाम्रो नोकरलाई प्रव्रजित गर्नुहोस्। यसलाई वन्दना गरिसके-पछि मात्रै हामी प्रव्रजित हुन्छौं। यसले गर्दा हाम्रो अभिमान दमन हुनेछ।"

भगवान्‌ले पनि तिनीहरूको कुरा सुनी सबभन्दा पहिले उपालिलाई नै प्रव्रजित गरे। त्यसपछि ती अरु छ:जना राज-कुमारहरू त्यस नाउलाई वन्दना तथा नमस्कार गरिसकेपछि मात्रै प्रव्रजित भए।

यस किसिमले शान्ति-नायक शाक्यमुनीन्द्र बुद्ध भगवान्‌ले, ठूलो-सानो, धनी-गरीब, छूत-अछूत भन्ने छुद्र विचारको कुनै भेदभाव नराखी सकल मानव-समाज-उपर एकै प्रकारको मैत्रीभाव राखी लाखौं प्रव्रज्यापेक्षहरुलाई प्रव्रजित गरे। मानव-समाज-हितको निंति

लोकहित

देशविदेश घुमी उपदेश दिंदै मोक्ष गवेषी अनेक विद्वानहरुलाई शिक्षा तथा विद्या दान गरे। करोडौं नरनारीहरुलाई दान, शील, भावना, मैत्री तथा प्रज्ञाको उपदेश दिई स्वर्ग र मोक्षको मार्ग देखाइदिए। स्त्री तथा पुरुषको पनि अलग्ग अलग्ग संघ बनाइदिए । उभयपक्षीहरुलाई समानाधिकार दिए । बुद्धिलाई प्रधान स्थानमा राखे। अन्धविश्वासले बुध्दको शिक्षा तथा धर्ममा कही स्थान पाएन ।

× ×   × ×   × ×

बुद्धत्व प्राप्त गरिसकेपछि भगवान्‌को प्रथम वर्षावास ऋषिपतन मृगदावनमा बितेको थियो। द्वितीय, तृतीय तथा चतुर्थ वर्षावास चाहिं वैशाली-नगर कुटागार-विहारमा बित्यो ।

परिच्छेद पन्द्रहौं

महाराज शुद्धोदन पनि अब सार्है बूढा भैसकेका थिए। एकदिन राजभवनमा श्वेतच्छत्रको मनि बसेर ध्यान गर्न लागेका थिए। ध्यान बढाउँदा बढाउँदै अर्हत् भई परिनिर्वाण पनि भए। महाराजको परलोक गमन भएपछि प्रजापती गौतमीको मनमा सार्है विरक्ति उत्पन्न भयो। एकजना नाउ बोलाउन पठाई आफ्नो त्यतिको राम्रो केश मुण्डन गर्न लगाइन्। अनि कापायवस्त्र अगाई पाँचसय शाक्यस्त्रीहरु साथमा लिई वैशालीनगरतिर हिँडिन्। महारानी गौतमीले पहिले पनि एकपटक भगवान् निग्रोधारामसा छंदाखेरि प्रव्रज्या हुन मागेकी थिइन्। तर भगवान्ले 'प्रव्रजित हुने इच्छा नगर' भनी तीन पटकसम्म पनि रोकेका थिए। तस्मात्, आज गौतमी स्वयं आफैले शिरमुण्डन गरी कापायवस्त्र धारण गरी बुद्धको समक्ष प्रव्राजित हुनको निति आइपुगिन।

गोतमीको गृहत्याग

प्रजापती गौतमी कपिलपुरदेखिन् वैशालीनगरसम्म पैदल नै गइन्। त्यहाँ भगवान् बसिरहेका कुटागार विहारको ढोकाअगिल्तिर गई आँखाभरि आंशु गरी बसिरहिन्। त्यस्तो सुख भोगमा बसिरहेकी, शिरमुण्डन गरी, कापायवस्त्र धारण गरी, महारानी जस्ता मानिस पैदले हिँडेर आई, अश्रुमुखी भई ढोकाको अगिल्तिर बसेर रोइ-

प्रजापती प्रव्रज्या

रहेकी वृद्धा गौतमीलाई देखेर आयुष्मान् आनन्दले 'किन रोइ-रहनु भएको ?' भनेर सोधे।

गौतमीले भनिन्- "म यस्ती वूढी भैसकेकी छु, भगवान्ले मलाई आजसम्म पनि प्रव्रजित गर्नु भएन। त्यसैकारण दुःख-मानी रोइरहेका हुँ।"

गौतमीको यस्तो उत्तर पाई आयुष्मान् आनन्द भित्र गई भगवान्लाई सबै कुरा बताउँदै भने- "स्त्रीहरूलाई प्रव्रजित गर्नु भएन भनी बाहिर गौतमी रोइरहनु भएको छ। वहाँलाई पनि प्रव्रजित हुने आज्ञा दिनुहोस्।"

"स्त्री जातिलाई प्रव्रजित गर्न कुरामा तिमी जिद्दी नगर" भनी तीन–तीन पटकसम्म भगवान्ले भन्नु हुँदा पनि आयुष्मान् आनन्दले भगवान्सँग यस्तो प्रश्न गरे- "भन्ते! तपाईंको शासनमा प्रव्रजित भएका स्त्रीहरूले स्रोतापत्यादि मार्ग–फल साक्षात्कार गरी दुःखबाट छुटकारा पाउन सक्तैनन्?"

"सक्छन्, आनन्द!"

"भन्ते! त्यसो भए महारानी गौतमीलाई पनि प्रव्रजित गर्नु भयो भने वहाँको जीवन सफल हुनेछ। फेरि, वहाँ तपाईं-का उपकारक पनि हुनुहुन्छ। वहाँले तपाईंको ठूलो उपकार गर्नु भएको थियो। त्यो बाहेक वहाँ तपाईंको आमा पनि हुनुहुन्छ। मायादेवीको स्वर्गवास भएपछि वहाँले, आफ्नो छोरा नन्द धाइमाहरूलाई दिई, तपाईंलाई आफ्नो स्तनको दूध खुवाई पालन गरेकी थिइन्। तपाईंको मलमूत्रादि सफा गरेकी थिइन्। तपाईं राजमहलबाट निस्कनु भएदेखिन् तपाईंलाई सम्झेर सधैं रोइरहने त्यस्ती वूढी क्षीरदाता आमाको कल्याण गर्नुहोस्।"

आयुष्मान् आनन्दको यस्तो कुरा सुनी भगवान्ले आज्ञा गरे— " आनन्द ! प्रजापती गौतमीले यी आठवटा कठीन नियमहरू पालन गर्न स्वीकार गर्छिन् भने उनको निंति त्यही नियम प्रव्रज्या र उपसम्पदा हुनेछन्। ती आठवटा नियम यी नै हुन्—

(१) उपसम्पदा प्राप्त गरेकी स्त्रीले, सयवर्ष नै पुगिसकेकी बूढी भए पनि, आज मात्रै उपसम्पदा प्राप्त गरेको भिक्षुलाई अभिवादन, प्रत्युपस्थान, नमस्कार तथा मान–सत्कारादि गर्ने आचरण पर्दछ।

(२) भिक्षुहरूको आश्रय नभएको आवासमा वर्षावास कदापि गर्नु हुंदैन।

(३) हरेक दोस्रो हप्तामा भिक्षुहरूकहाँ गई, यो कुन उपोसथ हो, र भिक्षुणीहरूलाई उपदेश दिने कोही भिक्षु छन् कि छैनन् भनी सोध्ने काम गर्नु पर्दछ।

(४) वर्षावास सिद्धिनासाथ भिक्षुभिक्षुणी–संघमा ' दृष्ट श्रुत ' परिशंकित ' नामक तीन प्रकारको पवारणा गर्नु पर्दछ।

(५) नियम उल्लंघन गर्ने भिक्षुणीले दुवै संघ–सभामा एकपक्षसम्म मानात्मता पालन गर्नु पर्दछ।

(६) दुइ वर्षसम्म छःवटा शिक्षा राम्ररी आचरण गरिसकेकी शिक्षमाणविकाले दुवै संघसित उपसंपदा मागिलिनु पर्दछ।

(७) कुनै प्रकारले पनि भिक्षुहरुको निन्दा नगर्ने र तिनीहरुप्रति अपशब्द प्रयोग नगर्ने व्रत लिनु पर्दछ।

(८) भिक्षुहरूप्रति भिक्षुणीहरूले आफ्नो मुख बन्द गर्नु पर्दछ; र भिक्षुणीहरूप्रति भिक्षुहरूलाई संधै मुख खोल्ने अधिकार दिनु पर्दछ।

यी आठवटा नियममध्ये कुनै एउटा नियम पनि भिक्षुणीले उल्लंघन गर्नु हुन्न। उक्त आठै नियमप्रति आदर सत्कार भक्ति राखी जीवनभर पालन गर्नु पर्दछ।

आनन्द ! प्रजापती गौतमीले यी आठवटा कठीन नियमहरू पालन गर्ने स्वीकार गर्दछिन् भने तिनको निति प्रव्रज्या र उपसंपदा त्यही भयो।"

भगवान् बुद्धको यस्तो आज्ञा सुनी आयुष्मान् आनन्द गौतमीकहाँ गई सबै वृतान्त सुनाए। त्यस बेला गौतमीले भनिन्— "आनन्द ! सौन्दर्यको पूजारी कुनै युवक तथा युवती- लाई सुगन्धयुक्त फूलमाला दिंदा जसरी आनन्द मानेर त्यसले दुवै हात थापी लिई गलामा लाउँछ अथवा जूरोको शोभा बढाउछ। त्यस्तै ती आठवटा कठीन नियमहरू म अत्यन्त गौरव आदरपूर्वक सहर्ष शिरथापी लिन्छु। जीवनभर त्यसमध्ये कुनै नियम पनि उल्लंघन नगरी पालन गर्नेछु।

अनिपछि आयुष्मान् आनन्दले भगवान्को अगिल्तिर गई 'गौतमीले ती आठवटा नियम आदरपूर्वक शिरथापी लिइन्' भनी बताए। यो कुरा सुनी भगवान्ले भने— "आनन्द ! स्त्रीजाति- लाई तथागतको शासनमा प्रव्रज्या प्राप्त नभएको भए यो श्रेष्ठ ब्रह्मचर्य्य-शासन हजार वर्षसम्म चिरस्थायी हुने थियो। यस शासनमा स्त्रीजाति- लाई प्रव्रज्या प्राप्त भएदेखिन् अब अचिरस्थायी हुने भयो। अब यो शासन पाँचसय वर्षसम्मलाई मात्र हुने भयो। आनन्द ! जसरी लोग्नेमान्छे नभएको खालि स्वास्नीमान्छे मात्रै भएको घरमा चोरले सजीलैसित हमला गर्छ, त्यस्तै स्वास्नीमान्छे

शासनको अचिरस्थायी

प्रव्रजित हुने स्थान भएको शासन अचिरस्थायी हुन्छ।

"आनन्द! किरा लागेको धानको खेत जसरी चाँडै ढल्छ, त्यसरी नै स्वास्नीमान्छे प्रव्रजित हुने स्थान भएको शासन चाँडै नाश हुन्छ।

"आनन्द! जसरी एउटा बलवान् मानिसले पोखरीको पानी बाहिर नजावस् भनी पोखरीको वारैतिर पर्खाल बनाइदिन्छ, त्यसरी नै मैले भिक्षुणीहरूलाई जीवनभर उल्लंघन गर्न नहुने आठवटा कठीन नियमहरू बनाइदिएको छु।"

यस प्रकारले भिक्षुणी-संघ प्रतिस्थित हुनासाथ हजारौंको संख्यामा स्त्रीहरू गृहत्याग गरी प्रव्रजित भई शील समाधि पुऱ्याई अर्हत् भए।

एकदिन भिक्षुणी प्रजापती गौतमी आयुष्मान् आनन्द-कहाँ गई भनिन्—"भन्ते! भगवान्‌सित एउटा वर माग्न चाहन्छु। भगवान्‌ले भिक्षु र भिक्षुणीहरूको बीचमा परस्पर मानसूचक वन्दना गर्ने नियम बनाइदिनु भए अत्युत्तम हुने थियो।" आनन्दले गौतमीले भनेको कुरा भगवान्‌लाई सुनाए पछि भगवान्‌ले भने—"आनन्द! तथागतले स्त्रीजातिलाई वन्दना गर्ने तथा आसन्‌बाट उठी गौरव सत्कार गरी मान गर्ने नियम कहिल्यै बनाउँदैन। दुराख्यात अन्य तीर्थकहरूको धर्मविनिमयमा पनि स्त्रीजातिलाई मानसत्कार वन्दनादि गर्ने चलन छैन भनेदेखिन् कसरी तथागतले यस्तो स्वाख्यात धर्म-विनिमयमा स्त्रीजातिलाई वन्दना मानादि गर्ने अनुमति दिन्छ!"

नमस्कार नगर्ने

यति भनेपछि भगवान्‌ले त्यही कारणमा त्यही विषयमा भिक्षुवर्गलाई उपदेश गर्दै भने— "भिक्षुगण! स्त्रीजातिलाई अभिवादन, प्रत्युप्रस्थान, अञ्जलिकर्म तथा मानसत्कारादि गर्नु पर्दैन, जसले गर्दछ त्यसलाई दुष्कृतापत्ति हुनेछ। *"

फेरि एकदिन भिक्षुणी प्रजापती गौतमी भगवान्‌कहाँ गई अभिवादन गरी यसरी प्रार्थना गरिन् - "भन्ते! मलाई तपाईंले यस्तो किसिमको एउटा संक्षिप्त धर्मोपदेश गर्नुहोस्, जुन धर्मोपदेश सुनी म एक शून्यागारमा पुगी अप्रमादी हुन सकूं।"

तथागतको धर्म

गौतमीको यस्तो प्रार्थना सुनी भगवान्‌ले आज्ञा गरे "गौतमी! जुन धर्मले वैराग बढाउनुको सट्टा संयोग बढाउँछ, जुन धर्मले असंस्कार बढाउनुको सट्टा संस्कार बढाउँछ, जुन धर्मले लोभ, असन्तोष, जनाकीर्ण र आलस्य मात्रै बढाउँछ, त्यो धर्म 'न धर्म नै हो, न विनय नै हो, न तथागतको शासन नै हो' भनी तिमीले निश्चय रूपले जान। जुन धर्मले राग घटाउँछ, जुन धर्मले वैराग, वियोग, असंस्कार, अलोभ, सन्तोष, एकान्तता, वीर्य तथा सु-भरता बढाउँछ, त्यो धर्म 'धर्म हो, विनय हो, तथागतको शासन हो' भनी तिमीले निश्चय रूपले जानी विश्वास गर।"

तदुउपरान्त एकदिन कपिलवस्तुमा राजभवनमा एक्लै बसिरहेकी यशोधरादेवीको मनमा यस्तो विचार उत्पन्न भयो—

* न भिक्खवे मातुगामस्स अभिवादनं, पच्चुपट्ठानं अञ्जलीकम्मं, सामीचिकम्मं कातब्बं, यो करेय्य आपत्ति दुक्कटस्स। (चुलवग्ग)

" मेरा स्वामी राजपाट जम्मै त्यागी बुद्ध हुनुभो। पुत्र राहुल पनि प्रव्रजित भएर गैसक्यो। राजमहलमा बसिरहनु भएकी सासू प्रजापती गौतमी पनि सय्यौं आइमाईहरूसहित प्रव्रजित हुन जानुभो। म मात्रै एक्लै यहाँ श्मसानमा बसे झैं बसी अभिमानी भई रहनु किन! प्रव्रजित भएर जान पाएं भने छोराको मुख पनि सँधै देख्न पाइनेछ, भगवान्‌को दर्शन पनि प्रतिदिन प्राप्त हुनेछ।"

यशोधराको प्रव्रज्या

यस्तो विचार गरी विरक्त भई सय्यौं परिचारिकाहरू साथमा लिई यशोधरादेवी, भिक्षुणी-आश्रममा गई, प्रव्रजित भइन्। प्रव्रजित भैसकेपछि उपाध्यायी र आचार्य्याहरूको संगमा राहुल र भगवान्‌को दर्शन प्रतिदिन गर्न पाइने गरी श्रावस्तीमा गई बसिन्।

यस प्रकारले भगवान् बुद्धको शासनमा भगवान्‌का सकल परिवार प्रव्रजित भए। ज्ञात्यार्थचर्य्या पूर्ण गरी भगवान्‌ले बन्धुवर्ग सबैलाई जन्म-मरणको बन्धनबाट छुटकारा पाइने शान्त प्रणीतयुक्त निर्वाण पद प्राप्त गराए।

परिच्छेद सोह्रौं

पाँचौं वर्षाकाल वैशालीनगरको कुटागार शालामा व्यतीत गरिसकेपछि त्यहाँबाट शान्तिनायक अशरणका शरणागत महामुनि भगवान् बुद्धले लोकहित कार्य्य प्रारम्भ गर्दै नगर–नगर, ग्राम–ग्राम भ्रमण गर्दै, धर्मोपदेश गर्दै, छैठौं वर्षावास मंकुल नामक पर्वतमा गएर बिताए। सातौं वर्षावास चाहिं तावतिंस देवलोकमा, आठौं भग्गदेशको सुंसुर मारगिरि नगरको भेसकला नामक वनमा, नवौं कौशाम्बी नगरको घोषिराममा, दसौं पारिलेय्यक वनमा, एघारौं मगध राज्यको दक्षिणगिरिको एकनाला नामक ब्राह्मण–ग्राममा, बाह्रौं वेरञ्जा नगरमा, तेह्रौं चालिय पर्वतमा, चोधौं श्रावस्ती नगरको जेतवन विहारमा, पन्ध्रौं कपिलवस्तुको निग्रोधाराममा, सोह्रौं आलवक देशमा, सत्रौं राजगृहको वेणुवनाराम विहारमा, अठारौं चालिय पर्वतमा, उन्नाइसौं पनि त्यहीं, वीसौं पुनः राजगृहमा नै व्यतीत गरी श्रावस्तीमा फर्के। एक्काइसौं वर्षाकाल चाहिं त्यहीं जेतवन महाविहारमा बिताए।

छैठौंदेखि एकाइसौं वर्षावाससम्म

त्यस बेला श्रावस्ती नगरमा साह्रै धनी सेठ एकजना थिए। तिनको नाम मृगार थियो। मृगारको पूर्णवर्धन नामक एउटा छोरा पनि थिए। मृगारले छोरा तरुनो भएपछि शाकेत देशमा वस्ने धनञ्जय नाम गरेका एकजना साहूकी छोरीसित उनको विवाह गरिदिए। विशाखा नाम गरेकी ती दुलही

विशाखा उपासिका

भगवान्‌की उपासिका थिईन्। उनी आफ्नो बराज्यू साहू मेन्दकको घर अंगदेशमा भद्दिय नामक नगरमा बस्दाखेरि प्रथमवार भगवान् बुद्धको उपदेश सुनी सातवर्षको उमेरमा नै स्रोतापत्ति-फल प्राप्त गरी बुद्ध-शासनमा सुप्रसन्न भैसकेकी थिइन्।

एकदिन उपाशिका विशाखा पाँचसय साथीहरूसहित एउटी सखीकहाँ निमन्त्रणामा गएकी थिइन। त्यहाँबाट फर्कंदा

विशाखको विहारदान

जेतवन-विहारमा गई भगवान्‌को दर्शन गरेर मात्रै घर फर्कन्छु भन्ने विचार गरी जेतवनतिर लागिन्। बीच बाटोमा पुग्दा 'भगवान्‌को अगिल्तिर यस्तो बहुमूल्य गहना लगाई जानु उचित पर्दैन भनी गहना जम्मै फुकाली पोका पारी एउटी दासीलाई बोकाइन् र साधारण वस्त्र लगाई विहारभित्र पसिन्। भगवान्‌को अगिल्तिर पुगी सादर अभिवादन गरी एक स्थानमा बसिन्। धर्मोपदेश सुनि-वरि सकेपछि सुप्पिया आदि उपासिकाहरूसहित भिक्षुहरूसित कुशल वार्ता सोध्दै हरेक आवासमा गई सुख दुःखको कुरा गरी घरतिर फर्किन्। बीचबाटोमा पुगेपछि विशाखाले दासीसित गहना मागिन्। 'आच्चे! गहनाको पोका त विहारैमा बिर्सेछु।' भनी दासी भस्केर विहारतर्फ दौडन खोजिन्। अनि, विशाखाले दासीलाइ रोक्दै भनिन्—"दासी, त्यो गहना आनन्द भन्तेले सच्याएर राखिदिराख्नु भएको रहेछ भने लिएर नआ। वहाँले छोइसक्नु भएको गहना संघलाई नै अर्पण गर्दछु।"

दासी हत्तरपत्त दगुर्दै गई हेर्छे त, गहनाको पोका आनन्द भन्तेले देखी कसको हो लिन आउला भनी हिफाजतसाथ भरेह्-

मन्तिर सच्याई राखिदिएका रहेछन्। यो देखी दासी फर्केर गई सो कुरा विशाखालाई भनी। अनि विशाखाले "त्यो गहनाको पोका त्यहीं राखेर वहाँहरूको कुनै काम आउने होइन, बरू त्यो बेची संघलाई प्रयोजन हुने कुनै वस्तु किनोदिनु उचित होला' भन्ने विचार गरी फेरि दासीलाई त्यो गहनाको पोका लिन पठाइन्।

गहनाको पोका ल्याइसकेपछि उपाशिकाले श्रावस्तीका सुनार तथा जवाहारीहरूलाई डाक्न पठाई त्यसको मोल राख्न लगाइन्। तिनीहरूले त्यसको मोल नौकरोड राखे। अनि एउटा मानिसलाई त्यो गहनाको पोका दिई श्रावस्ती नगरमा बेच्न पठाइन्। तर, त्यत्तिको मोल पर्ने गहना किन्ने त्यस नगरमा कुनै धनी निस्केन। गहना बेच्न नसकी फिर्ता ल्यायो। विशाखा आफैले नौकरोड तिरी त्यो गहना किनेर लिइन्।

त्यसपछि नौकरोड दाम बोकी उपासिका विशाखा भगवान् बुद्धकहाँ गई निवेदन गरिन्—"भन्ते! मले संघलाई परित्याग गरेको गहनाको दाम यति छ, ग्रहण गनु होस्।"

भगवानले आज्ञा गरे— "विशाखा! आजकल यहाँ श्रावस्तीमा भिक्षुहरू धेरै छन्। यस नगरको पूर्वतिर एउटा विहार भए बेस हुनेछ।"

"हवस्, म यस दामबाट विहारै बनाइदिन्छु।"—भनो विशाखा फर्किन्। अनि विशाखाले श्रावस्तीको पूर्वतिर नौकरोड दाम तिरी विहार बनाउन एक टुक्रा जमीन किनिन्। त्यहाँ तिनले, पाँच-पाँच सय कोठा भएका, दुइतल्ले एउटा विशाल विहार बनाउन लगाइन्।

त्यसपछि, एकदिन भगवान् बुद्ध विहान सबैरै ध्यानमा बसी लोकतर्फको विचार गरिरहेका थिए। त्यसवेला भद्रिय नगरमा भद्रिय नै नाम गरेका एकजना साहूको कुलमा उत्पन्न भएको छोरोको धर्मावबोध गर्न सक्ने शक्ति छ भन्ने कुरा भगवान्‌ले थाह पाए। यस्तो कुशल हेतु जानी भगवान्‌ले भिक्षु-संघ साथमा लिई श्रावस्तीबाट प्रस्थान गरे।

भगवान् श्रावस्तीबाट हिंड्न आंटे भन्ने खबर सुनेर विशाखा भगवान्‌कहाँ दगुद गई भनिन्— "भन्ते! तपाईं भ्रमणमा जान लाग्नु भएको हो कि?"

भगवान्‌ले भने— "हो विशाखा।"

निश्चय नै भगवान् जान आंटेका हुन् भन्ने बुझी विशाखाले भनिन्— "भन्ते! यतिका धन खर्च गरी विहार बनाउन लागिरहेको छु, तपाईं जानुभो भने यो काम कसरी पूर्ण होला? वरू, कुनै एउटा भिक्षुलाई नियुक्त गरी जानु भएमा उत्तम होलाकि!"

भगवान्‌ले भने— "त्यसो भए कुनै एकजना भिक्षुको पात्र मागी लिनू।"

यद्यपि विशाखाको आयुष्मान् आनन्दप्रति विशेष भक्ति थियो, तापनि विहार बनाउने काममा आयुष्मान् मौद्गल्यायनको ऋद्धिद्वारा धेरै उपकार हुन सक्ने बुझी उनैको पात्र मागिन्। उनले विशाखालाई पात्र दिंदै भगवान्‌को मुख हेरे। उनको आशय बुझी भगवान्‌ले भने— "मौद्गल्यायन! आफ्नो परिवारलाई लिई तिमी फर्क।"

भगवान्‌को आज्ञा पाई आयुष्मान् मौद्गल्यायन आफ्नो परिवारसहित श्रावस्तीमा नै बसे।

भगवान् श्रावस्तीबाट प्रस्थान गरी नौ महीना जति देश भ्रमण गरी प्राणीहरूलाई धर्मअमृत-पान गराउँदै पुनः श्रावस्तीमा नै फर्के। विशाखाद्वारा निर्मित विहार पनि पूर्ण भैसकेको थियो । त्यसकारण उपासिका विशाखाले भगवान् प्रमुख भिक्षुसंघलाई त्यस विहारमा वर्षावास गराई अत्यालंकारले महोत्सव मनाइन्। चार महीनासम्म उत्सव गर्दा विशाखाको अर्को नौकरोड धन खर्च भएको थियो। जमीन किन्दा नौ करोड, विहार बनाउँदा नौकरोड, उत्सव गर्दा नौकरोड, जम्मा सत्ताइसकरोड दाम खर्च गरी भगवान् प्रमुख भिक्षु-संघलाई विशाखाले त्यो नवनिर्मित विहार दान गरिन्। पूर्व दिशातिर रहेको हुनाले त्यस विहारको नाम पनि 'पूर्वाराम' भन्ने रख्यो ।

विशाखाको त्यस नवनिर्मित विहारमा भगवान्ले बाइसौं वर्षावास बिताए। चवालिसौं वर्षावाससम्म पनि भग-वान् श्रावस्तीमा नै बसे।

महाकारूणिक तथागत बुद्धले चवालीसवर्षसम्म परार्थ-चर्य्या पालन गरी देशविदेश भ्रमण गर्दै देवसहित सकल मनुष्यहरूलाई अमृतपान गराउँदै हिंडेका थिए। यति समय भित्रमा

समर्थ भिक्षुगण

उनको शासनमा, उनको त्रिविध तथा नवांग बुद्धशासन बुझेका, ग्रन्थी-कारण फुकाउन सक्ने सामर्थ्य भएका, विस्तृत अर्थलाई संक्षिप्त र संक्षिप्त अर्थलाई विस्तृत पारी सहेतुक-सप्रमा-णिक गरी बुझाउन सामर्थ्यभएका एकसेएक समर्थवान् भिक्षुहरू धेरै संख्यामा भए । उपासिकाहरूमा पनि त्यस्ता सामर्थ्य भएका स्त्रीहरूको संख्या कम भएन।

चिर-रात्रज्ञहरूमा अग्रगण्य कौण्डन्य महास्थविर, प्रज्ञावान्हरूमा श्रेष्ठ सारिपुत्र महास्थविर, र ऋद्धिवान्हरूमा अग्रगण्य महामौद्गल्यायन महास्थविर थिए। धुतङ्ग-धरहरूमा श्रेष्ठ काश्यप महास्थविर तथा दिव्य चक्षु लाभ गरेकाहरूमा अग्रगण्य अनुरूद्ध महास्थविर नै थिए। उच्च कुलिनहरूमा त अग्रगण्य भद्रिय महास्थविर थिए। मधुर स्वरहरूमा अग्र लकुण्ठक भद्दिय महास्थविर, सिंहनाद गर्नेहरूमा पिण्डोल भारद्वाज महास्थविर अग्र थिए। धर्मकथिकहरूमा पूर्ण महास्थविर, संक्षिप्त कुरा बुझी विस्तारपूर्वक उपदेश गर्नेहरूमा महाकात्यायन महास्थविर, मनोमय ऋद्धि लाभीहरूमा चुल्लपन्थ महास्थविर नै अग्र थिए। अरूप ध्यानीहरूमा अग्र महापन्थ महास्थविर, निक्लेश विहारीहरूमा श्रेष्ठ सुभूति महास्थविर, जङ्गलवासीहरूमा रेवत महास्थविर अग्रगण्य थिए। ध्यानीहरूमा अग्रगण्य कंखारेवत महास्थविर थिए। वीर्यवान्हरूमा अग्रगण्य सोणो कोलिविसो महास्थविर, कल्याण वार्ता गर्नेहरूमा अग्र सोणो कुटिकण्णी महास्थविर, लाभीहरूमा अग्र सीवलि महास्थविर, श्रद्धाधिकहरूमा अग्र वक्कली महास्थविर, शिक्षाकामीहरूमा अग्र राहुल महास्थविर, श्रद्धाले प्रव्रजित भएकाहरूमा अग्र रठ्ठपाल महास्थविर, प्रतिभाण प्राप्त गरेकाहरूमा अग्र वंगीस महास्थविर, देवगणहरूका मनपरेकाहरूमा अग्र पिलिन्दगोच्छ महास्थविर, तुरुन्त अभिज्ञालाभीहरूमा अग्र बाहिय दारुचीरिय महास्थविर थिए। व्यक्त कथिकहरूमा श्रेष्ठ कुमारकाश्यप महास्थविर तथा प्रतिसंभिदा लाभीहरूमा श्रेष्ठ महाकोठ्ठित महास्थविर थिए। यी वाहेक बहुश्रुतहरूमा, स्मृतिवान्हरूमा बुध्दिवान्हरूमा तथा उपस्थापकहरूमा अग्रगण्य आनन्द महास्थविर नै

थिए। महापरिवार प्राप्त भएकाहरूमा अग्र उरुवेल काश्यप महास्थविर तथा कुलप्रसन्न कर्ताहरूमा अग्र कालुदायि महास्थविर थिए। निरोगीहरूमा अग्र वक्कुल महास्थविर, पूर्वानुस्मृतिज्ञान भएकाहरूमा अग्र सोभित महास्थविर तथा विनयधरहरूमा अग्र उपालि महास्थविर थिए। यस प्रकारले बुध्दशासन अन्तर्गत धेरै समर्थवान भिक्षुहरु भए।

भिक्षुणीहरूमा पनि समर्थवान् स्त्रीहरू कम थिएनन्। प्रजापती गौतमी चिररात्रज्ञहरूमा अग्र थिइन्। खेमा महास्थविरनी प्रज्ञावान्हरूमा अग्र, उप्पलवण्णा महास्थविरनी ऋद्धिवान्हरूमा अग्र, र पटाचारा महास्थविरनी विनयधरहरूमा अग्र थिइन्। धर्मकथिकहरूमा अग्र धम्मदिन्ना महास्थविरनी तथा ध्यानीहरूमा अग्र नन्दा महास्थविरनी नै थिइन्। दिव्यचक्षु लाभीहरूमा अग्र सकुला महास्थविरनी थिइन्। भद्रा कुण्डलकेशा महास्थविरनी तुरुन्त अभिज्ञालाभीहरूमा अग्र थिइन्। पूर्वानुस्मृतिवान्हरूमा अग्रगण्या त भद्रा कपिलानी महास्थविरनी नै थिइन्। भद्रा-कच्चाना महास्थविरनी महाज्ञानलाभीहरूमा अग्र थिइन्। यी बाहेक समर्थ भिक्षुणीहरू अरु पनि बुद्ध-शासनमा धेरै थिए।

समर्थ भिक्षुणीगण

बुद्ध-शासनमा दाताहरूको पनि ठूलो महत्व थियो। साहू अनाथपिण्डिकको दानकार्य्य महान् थियो। त्यस बेलाका सर्वश्रेष्ठ दानीहरुको नामावलीमा उनैको नामले प्रथम-स्थान प्राप्त गरेको थियो। त्यसकारण उनलाई दानी उपासकमा अग्र पनि भनिन्थ्यो। यिनो बाहेक उपासकहरूमा अरु पनि

समर्थ उपासकहरू

समर्थवान्हरु थिए। चित्तगृहपति उपासक धमकथिकहरुमा श्रेष्ट थिए। चतुसंग्रह वस्तु उपकार गर्नेहरुमा अग्र हत्थालवक उपासक तथा प्रणीत दान गर्नेहरूमा अग्रमहानाम शाक्य थिए। वैशाली नगरमा वस्ने उग्ग गृहपति नामक उपासक प्रशस्त दान गर्नेहरुमा अग्रगण्य थिए। संघ उपस्थाकहरुमा अग्र उग्ग गृहपति तथा निश्चल प्रसन्न व्यक्तिहरुमा अग्र सूरवम्ट्ठ थिए। व्यक्ति प्रसन्नहरुमा अग्र जीवक वैद्य र विश्वासीहरुमा अग्र नकुलपिता आदि धेरै समर्थवान् उपासकहरु थिए।

उपासिकाहरूमा पनि अग्रगण्या स्त्रीहरू कम थिएनन्। विशाखा महोपासिकालाई दानकार्य्यमा कसैले भेट्टाउन सकेका थिएनन्। खुज्जुत्तरा नामक उपाशिका वहुश्रुतहरूमा श्रेष्ठ थिइन्। मैत्री साथीहरूमा महारानी श्यामावती र ध्यानीहरूमा राजगृहका सुमन नामक महाजनकी छोरी उत्तरा नै थिइन्। प्रणीत दानगर्नेहरुमा अग्र सुप्पवासा कोलिय राजकुमारी थिइन्। रोगी सेवा गर्नेहरुमा अग्र उपासिका सुप्पिया थिइन्। निश्चल प्रसन्नहरुमा कात्यायनी, विश्वासीहरुमा अग्र नकुल माता, सुन्नु मात्रले प्रसन्न हुनेहरुमा अग्र कुररघर नामक देशमा रहेकी काली उपासिका थिइन्।

समर्थ उपासिकाहरू

यस प्रकारले भगवान् बुद्धको शासन तथा धर्म-विनयमा एक से एक समर्थवान् श्रेष्ठ भिक्षु तथा भिक्षुणी, उपासक तथा उपासिकाहरु भए।

[चतुर्थ खण्ड]

परिच्छेद सत्रौं

भगवान् बुद्धले शासनधर भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरु तयार पारी संसारमा शान्ति–धर्म प्रचार गरी जेतवन–विहारमा चवालीसौं वर्षावास विताए। त्यहाँबाट पनि ठाउँ ठाउँमा धर्मोपदेश गर्दै राजगृहमा आई गृधकूट नामक पर्वतमा आएर आराम गरे।

अपरिहानीय धर्मोपदेश

त्यस वखतमा भगवान्‌को उमेर अस्सी-वर्ष पुगिसकेको थियो। राजा अजातशत्रुले वज्जीहरुसित युद्ध–घोषणा गर्ने कुरा सोचिरहेका थिए। भगवान् गृधकूट पर्वतमा आइपुगेका छन् भन्ने सुनेका अजातशत्रुले वस्सकार नामक एकजना ब्राह्मणलाई

भगवानकहाँ गई वज्जीहरुको कुरा बुझेर आऊ भनी पठाए। त्यो ब्राह्मण पनि भगवान् भए ठाउँमा गई सादर प्रणाम गरी एउटा आसन ग्रहण गरी बसे। भगवान्‌ले त्यस ब्राह्मणबाट अजातशत्रुको विचार–वृतान्त सुनिसकेपछि यस प्रकारले आज्ञा गरे— "ब्राह्मण! जबसम्म ती वज्जीहरुले मैले केही दिनअगाडि सारन्द चैत्यस्थानमा बताएको सातवटा अपरिहानीय धर्म पालन गरीरहनेछन्, तबसम्म उनीहरुको परिहानी असम्भव छ, अर्थात् उनीहरुको कुनै प्रकारले हानी नोक्सानी हुनेछैन।"

यो कुरा सुनो वस्सकार ब्राह्मणले भने— "भगवन्! यी सातवटा निर्यममध्ये एउटाको मात्र पालन गरिरहे पनि कुनै प्रकारको हानी हुनेछैन भनेदेखिन्, सातैवटा नियम तिनीहरुले पालन गरिरहेका छन् भने अब भन्नु के बाँकी रह्यो र?"

---

१ अपरिहानीय धर्मः—

(१) आपसमा बराबर जम्मा भई एकत्रित हुनु। (२) सबै एकगोल भई मिल्नु, सबै एकैमतो भई उठ्नु (उन्नति गर्नु), सबै मिलेर काम गर्नु। (३) प्रज्ञप्त गरी नराखेकोलाई प्रज्ञप्त नगर्नु, प्रज्ञप्त गरिराखेकोलाई नबिगार्नु तथा प्रज्ञप्त गरिराखेको पूराना वज्जीहरुको धर्म (नीति) पालन गर्नु। (४) आफूभन्दा उमेरमा पाकाहरुको मान-सत्कार गर्नु तथा उनीहरुको आज्ञा मान्नु। (५) अन्यजनका स्त्रीहरुलाई तथा कन्याकुमारीहरुलाई बलात्कार गरी हरण नगर्नु। (६) आपना पूज्यस्थानमा तथा पूज्यहरुलाई पहिलेदेखिन् दिएर आएको पूजादि दान दिनु। (७) अर्हत् आदि धार्मिक श्रमण ब्राह्मणहरुको राम्रोसित हेरबिचार गर्नु।" (दीर्घनिकाय)

यति भनी त्यो ब्राह्मण भगवान्‌लाई वन्दना प्रदक्षिणा गरी फर्के।

वस्सकार ब्राह्मण फर्किसकेपछि भगवान्‌ले आयुष्मान् आनन्दलाई भनी राजगृहमा रहेका सकल भिक्षुबन्धुहरूलाई त्यहाँ भेला गराए। सकल भिक्षुहरु जम्मा भइसकेपछि भगवान् सभागृहमा गई धर्मासनमा वसी यस्तो आज्ञा गरे— "भिक्षु-गण, जुन वेलासम्म तिमीहरुले यो सातवटा अपरिहानीय धर्म राम्रोसित पालन गरेर बसिरहने छौ, त्यस बेलासम्म तिमीहरू-को, वृद्धि (उन्नति) बाहेक, अवृद्धि तथा परिहानी हुनेछैन।

" ती सातवटा अपरिहानीय धर्म यी नै हुन्—

(१) भिक्षुहरु बराबर एकत्रित भई जम्मा हुनु।

(२) सबै एकत्रित भई भेला हुनु, सबै एकत्रित भई उठ्नु तथा सबै एकगठ भई काम-कारवाईमा लाग्नु।

(३) तथागतले प्रज्ञप्त नगरेकोलाई प्रज्ञप्त नगर्नु, प्रज्ञप्त गरिराखेको शिक्षा नियमलाई नबिगार्नु, तथा प्रज्ञप्त गरिराखेका शिक्षा नियमको पालन गर्नु।

(४) तृष्णाको वशमा नपर्नु ।

(५) आफूभन्दा उमेरमा पाको भिक्षुहरुको गौरवादि मानसत्कार गर्नु तथा उनीहरुले भने बमोजिम गर्नु।

(६) जंगलवासको अभिलाषा गर्नु ।

(७) स्मृतिवान् भएर बस्नु, नआइसकेका शीलवान् सब्रह्मचारीहरुको सुखकामना गर्नु ।

" यी बाहेक अरु पनि छवटा अपरिहानीय धर्म छन्—

(१) सब्रह्मचारीहरुउपर अगाडि पछाडि जहाँ तहीं कायिक मैत्रीभाव राख्नु ।

(२) सब्रह्मचारीहरुउपर वाचिसिक मैत्रीभाव राख्नु।

(३) सब्रह्मचारीहरुउपर मानसिक मैत्रीभाव राख्नु।

(४) धर्मपूर्वक लाभ भएको चतुप्रत्यय वस्तु सब्रह्मचारी-हरुमा बाँडिदिनु।

(५) सब्रह्मचारीहरुसित समानरुपले शील-पालन गर्नु।

(६) सब्रह्मरीहरुले जस्तै श्रेष्ठोत्तम सम्यक्‌दृष्टि राखी बस्नु।

यस प्रकारले भगवान्‌ले भिक्षुहरूलाई अनेक तरहले अपरिहानीय धर्मोपदेश गर्दै 'शील भनेको यस्तो हुनुपर्दछ, समाधी यस्तो हुनुपर्दछ, प्रज्ञा भनेको यस्तो हो। शीलको वृद्धि गर्दै लगेमा समाधीको फल महान् भएर आउँछ। समाधी वृद्धि गर्दै लगेमा प्रज्ञाको फल महान् भएर आउँछ र प्रज्ञा वृद्धि गर्दै लगेमा चित्त आस्रववाट मुक्त हुन्छ।" भनी दयापूर्वक भिक्षुहरूलाई संझाइदिए।

त्यसको केही समयपछि भगवान् त्यहाँवाट राजगृह र नालन्दको बीचमा रहेको अम्बलट्ठिक नामक वनमा गए।

त्यहाँ पनि भगवान्‌ले अनेकविध शील, समाधी तथा प्रज्ञाको वारेमा भिक्षुहरुलाई उपदेश दिए। त्यहाँवाट भगवान् नालन्दमा पावारिकम्व नामक वनमा गए। त्यहाँ पनि धर्मोपदेश गर्दै केही दिन वसी पाटलिग्रामतर्फ गए। त्यस ग्राममा रहेका उपासक उपासिकाहरुलाई अनेक प्रकारले धर्मोपदेश गरी तिनीहरूलाई स्वर्ग र मोक्षको वाटो देखाइ-दिए। त्यहाँवाट उनी कोटी नामक गाउँमा पुगे। त्यहाँ पनि आर्य्यशीलादिको वारेमा उपदेश दिई केही दिन त्यहीं आराम लिई नादिक नामक गाउँमा गए। त्यहाँवाट वैशाली नगरमा

पुगे। वैशाली नगरमा अम्बपालीको आम्रवनमा वसी भिक्षुहरूलाई जस्मा गरी 'स्मृतिवान् भएर रहनु नै बुद्धहरूको अनुशासन हो' भनी सतिपठ्ठानको उपदेश गरे। त्यहाँ केही दिन व्यतीत गरी धेरै भिक्षुहरू साथमा लिई त्यहाँबाट वेलुव नामक गाउँमा गए।

भगवान्को अन्तिम वर्षावास

वेलुव-ग्राममा पुगेपछि अनेक प्रकारले भिक्षुहरूलाई उपदेश दिँदै शास्ताले यस्तो आज्ञा गरे,—"भिक्षुगण! वर्षाकाल आइपुग्यो। अब तिमीहरू पनि आफ्ना आफ्ना मित्रहरूकहाँ, चिन्हेजानेकहरूकहाँ तथा विश्वासीहरूकहाँ गई वर्षावास गर्न जाऊ। म चाहिं यहीं वेलुव-ग्राममा नै वर्षावास गर्दछु।

भगवान्को आज्ञा मानी सकल भिक्षुहरू वैशाली नगरको चारैतिर वर्षावास गर्न गए। भगवान् बुद्ध त्यहीं वेलुवमा नै वर्षाकाल बिताउन बसे।

भगवान्को पैंतालीसौं तथा अन्तिम वर्षावास पनि यहीहो।

वर्षावास गरिरहेकै अवस्थामा शाक्यमुनि भगवान्लाई ठूलो रोग लाग्यो। उनले सकल पीडालाई ध्यानबलले सहिरहे। आखिरमा शारीरिक वेदनालाई ध्यान-बलले नै दमन गरी आफ्नै वीर्य्यबलले रोग निको पारे। त्यसपछि एकदिन विहारको

बुद्ध-शासनमा गुरूमुष्ठि छैन

पछिल्तिरको एउटा रूखमनि रहेको आसनमा बसिरहेका थिए। त्यही बेला त्यहाँ आयुष्मान् आनन्द आई भगवान् विरामी हुँदा आफ्नो मनमा उत्पन्न भएको दुःख र शोकका कुराहरू भगवान्लाई बताए। भगवानको

अन्तिम उपदेश तथा अववाद सुन्ने अभिलाषा उत्पन्न भएको कुरापनि भने। अनि महाकारुणिक त्रैलोकाचार्य्य भगवान्ले आनन्द स्थविरलाई आमन्त्रण गर्दै यस्तो आज्ञा गरे—

"आनन्द ! अब मसित तिमीहरूले पाउनु पर्ने केही बाँकि रहेन। धर्मको विषयमा मसित गुरुमुष्ठि भएको होइन*। मैले बताउनु पर्ने कुराहरू जम्मै बताइसकेको छु। अब मेरो उमेर पनि अस्सीवर्षको भैसकेको छ। बूढो भैसकेको छु। मेरो शरीर जीर्ण भैसकेको छ। पुरानो थोत्रो गाडा जस्तो भैसकेको छु। त्यसो हो ना नि, आनन्द, जुन बेला तथागत (म) समापत्ति ध्यानमा बस्छन्, त्यसबेला उनको (मेरो) शरीरमा कुनै प्रकारको दुःखको अनुभव हुँदैन। तस्मात्, आनन्द ! अनन्य शरण भई, आफ्नो द्वीप आफै भई, आफ्नो शरण पनि आफै भई बस्ने कोशिश गर। धर्म द्वीप, धर्म शरण भएर बस्ने यत्न गर। अन्य शरण भएर बस्ने प्रयत्न नगर!"

एकदिन बिहान सबेरै पात्र चीवर धारण गरी वैशाली नगरमा भिक्षाटन गरी भोजन गरिसकेपछि आनन्द स्थविरलाई साथमा लिई दिनको समय व्यतीत गर्न भगवान् चापाल नामक वनमा गए। त्यहां भगवान्ले आनन्द स्थविरलाई "आनन्द ! इच्छा गरे भने तथागतहरू ऋद्धिबलद्वारा कल्पान्त-सम्म पनि बाँच्न सक्दछन्।" भनी तीन–तीन पटकसम्म आज्ञा गर्दा पनि आनन्द स्थविरले "त्यसोभए भन्ते ! कल्पान्तसम्म रहनुहोस् त" भनी प्रार्थना गर्न सकेका होइनन्। त्यसपछि भगवान्ले "समयलाई बुझ" भनी आज्ञा गरेपछि आनन्द

* नत्थानन्द, तथागतस्स धम्मेसु आचरियमुट्ठि। —(दीघनिकाय)

स्थविरले भगवान्‌लाई वन्दना गरी त्यहींको एउटा रूखमनि गएर बसे।

आनन्द गएको एकै छिनपछि वशवर्त्ती मार आई भगवान्‌लाई प्रार्थना गरे— "भन्ते! चाँडै महापरिनिर्वाण हुनुहोस्!" यसरी आएर मारले भगवान्‌लाई यस्तो भनेको यसपटक मात्रै होइन। अगाडि पनि थेरै पटक मारले महापरिनिर्वाणको निंति प्रार्थना गर्न आएका थिए। त्यस बेला मारले भगवान्‌बाट यस प्रकारको उत्तर पाएका थिए– "हे मार! जुन बेलासम्म मेरो शासनमा धर्म बुझेका, धर्मधर तथा शासनधर भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरू एक-से-एक समर्थवान् हुंदैनन्, त्यस बेलासम्म म परिनिर्वाण हुंदिन।"

मारको प्रार्थना

त्यसकारण अब त्यो मार आई प्रार्थना गर्न थाले– "भन्ते! तपाईंको शासनमा एक-से-एक समर्थवान् भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरू भैसके। अब चाँडै परिनिर्वाण हुनुहोस्।"

त्यसपछि, मारको प्रार्थना पनि भएको तथा पहिले पनि उनलाई वचन दिइराखिसकेको हुनाले, फेरि कल्पान्तसम्म बस्नलाई पनि कसैले प्रार्थना नगरेको हुनाले, भगवान् तथागतले मारलाई आज्ञा गरे— "आजको तीनमहीनापछि तथागत (म) परिनिर्वाण हुनेछ।" यस प्रकारले मारलाई महापरिनिर्वाण हुने वचन दिई भगवान्‌ले आयुसंस्कार छाडिदिए। त्यस बखतमा अति भयानक तरीकाले भूकंप भयो।

भूकम्प भएको देखी आनन्द स्थविर, के कारणले भूकम्प भयो भनी, भगवान् बसेको स्थानमा गई भूमिकम्पको कारण सोधे। भगवान्ले यसरी आज्ञा गरे — "आनन्द! भूमिकम्प हुने कारण आठवटा छन्। के के भने,

आनन्द स्थविरको प्रार्थना

(१) यो महापृथ्वी पानीमाथि प्रतिस्थित भैरहेको छ। पानी हावामाथि प्रतिस्थित छ। हावा ओकाशस्थ छ। त्यस्तो समय आउँछ, जुन समयमा बेस्सरी हूरी आई पानी चल्न थाल्दछ, पानी चलेपछि भूमिकम्प हुन थाल्दछ।

(२) ऋद्धिवान् श्रमण ब्राह्मण अथवा देवताहरूले पनि भूकम्प गराउन सक्दछन्।

(३) बोधिसत्व तुषित लोकबाट वर्ली स्मतिपूर्वक मातृगर्भमा प्रवेश गर्ने समयमा पनि भूकम्प हुन्छ।

(४) बोधिसत्व मातृगर्भबाट स्मृतिपूर्वक निस्कने समयमा पनि भूकम्प हुन्छ।

(५) तथागतलाई सम्यक्सम्बोधिज्ञान अवबोध हुने वेलामा पनि भूकम्प हुन्छ।

(६) तथागतले अनुत्तर धर्मचक्र चलाउने बखतमा पनि भूमिकम्प हुन्छ।

(७) तथागतले स्मृतिपूर्वक आफ्नो आयु संस्कार छोड्ने बखतमा पनि भूकम्प हुन्छ।

(८) तथागत अनुपादिशेष महापरिनिर्वाण हुने बखतमा पनि भूकम्प हुन्छ।

आनन्द, यी आठ कारणले लोकमा भूकंप हुन्छ। यीमध्ये यो चाहिं भूकंप तथागतले (मैले) आफ्नो आयु संस्कार

स्मृतिपूर्वक छोडेकोले भएको हो । आजको तीन महीनापछि मेरो परिनिर्वाण हुनेछ ।"

भगवान्‌को यस्तो कुरा सुनी आनन्द स्थविरले भगवान्‌लाई कल्पान्तसम्म रहनुहोस् भनी प्रार्थना गरे। अब पछि परिसक्यो भनी भगवान्‌ले स्वीकार गरेनन्। आनन्द स्थविरले अश्रुमुखी भई दुःख मानेको देखी भगवान्‌ले उनलाई अनेक प्रकारले संयोग र वियोगको उपदेश दिई बोध गराए।

तद्‌उपरान्त भगवान् कुटागार शालामा गई आनन्द स्थविरलाई भनी वैशाली नगरमा रहेका सकल भिक्षुहरूलाई जम्मा गराउन लगाए। अनि तिनीहरूलाई आफूले अवबोध गरिराखेको चारवटा सतिपट्ठान, सम्यग्प्रधान, चारवटा ऋद्धिपाद, पञ्चेन्द्रिय, पञ्चबल, सप्तबोध्यङ्ग तथा आर्य्याष्टाङ्गिक मार्गादि ज्ञान–गुण–धर्मको उपदेश दिंदै भगवान्‌ले भने—"भिक्षुगण ! संस्कार भनेको चीज नित्य कहिल्यै हुंदैन। यसको स्वभावै विनाश तथा अनित्य हुनु हो। त्यसकारण, भिक्षुगण, तिमीहरू अप्रमादी होऊ, कुनै कुरामा नभूली गुण धर्म संपादन गर्दै आफ्नो जीवन सुधार्ने कोशिश गर ! आजको तीन महीनापछि तथागतको (मेरो) परिनिर्वाण हुनेछ।"

यस्तो अववाद दिइसकेपछि भगवान्‌ले फेरि आज्ञा गरे-- "म बूढो भैसकेको छु। मेरो आयु पनि अब धेरै छैन। तिमीहरूसित छुट्टिने बेला नजीकै आइसकेको छ। प्रमादलाई छाडी तिमीहरू शीलवान् होऊ, स्मृतिवान् होऊ। सुसमाहित भई चित्तको रक्षा गर्ने प्रयत्न गर । जसले अप्रमादी भई

विनय-धर्ममा लागी जन्म मरणको दुःखबाट छुटकारा पाउँछ, त्यही यस संसारको दुःखको बन्धनबाट मुक्त हुन्छ।*"

---

* " परिपक्को वयो मय्हं परित्तं मम जीवितं।
पहाय वो गमिस्सामि कतम्मे सरणमत्तनो॥
अप्पमत्तो सतिमन्तो सुसीला होथ भिक्खवे।
सुसमाहितसङ्कप्पो सचित्तमनुरक्खथ॥
यो इमस्मि धम्म विनये अप्पमत्तो विहेस्सति।
पहाय जातिसंसार दुक्खस्सन्तं करिस्सति॥ (दीघनिकाय)

परिच्छेद अठ्ठारौं

प्रजापती गौतमी र यशोधरा देवीको परिनिर्वाण

भगवान् बुद्ध परिनिर्वाण भएर जाने भए भन्ने समाचार भिक्षुणी–आश्रममा पनि पुग्यो। यो खबर सुनेका प्रजापती गौतमी हत्तरपत्त दौडदै गई आफू पनि परिनिर्वाण हुने ईच्छा भगवान्को समक्ष प्रकट गरिन्। भगवान्ले यिनी पनि अब एकसय वीस वर्ष पुगिहालिन् भनी परिनिर्वाणको वचन दिए। अनि महास्थविरनी गौतमी अनेक ॠद्धि प्रातिहार्य्य देखाउँदै परिनिर्वाण भएर गइन्। त्यसपछि महास्थविरनी यशोधरा देवी पनि अपराध क्षमा मागी भगवान्को वचन लिई नाना प्रकारले ॠद्धि प्रातिहार्य्य देखाउँदै परिनिर्वाण भएर गइन्।

तथागतको धर्म भन्दैमा स्वीकार नगर्नू

एकदिन, बिहान सवेरै देवाधिदेव शाक्यमुनीन्द्र भगवान् बुद्ध पात्र चीवर धारण गरी वैशाली नगरमा भिक्षाटन गर्न गए। त्यस वेला आनन्द स्थविरलाई 'यो तथागतको अन्तिम अवलोक हो' भनी आज्ञा गरी नगर अवलोकन गर्दै भण्ड नामक गाउँमा पनि गए। त्यहाँबाट भोग नामक नगरमा आनन्द–चैत्यस्थानमा गए। त्यहाँ भिक्षुगणहरूलाई भेला गरी यस्तो आज्ञा गरे-- "भिक्षुगण! कुनै भिक्षुले पनि 'यो तथागतको धर्म हो, यो तथागतको विनय हो, यो मैले तथागतबाटै सुनेकोहु" भन्दैमा तिमीहरूले त्यसलाई तुरुन्त प्रशंसा अथवा निन्दा

नगर्नू । पहिले त्यस कुरालाई सूत्रविनयादि धर्ममा मिलाई हेर्नू, यदि मिल्ने रहेछ भने 'यो निश्चय पनि तथागतको धर्म तथा उपदेश हो' भनी स्वीकार गर्नू । यदि मिल्ने रहेनछ भने 'निश्चय पनि यो तथागतको उपदेश होइन' भनी त्यसलाई त्यागिदिनू !

" त्यस्तै, फलानो स्थानमा बस्ने महासंघले भनेका, फलानो स्थानमा बस्ने धर्मधर स्थविरहरूले भनेका, फलानो स्थानमा बस्ने विनयधरहरूले भनेका भनी जिद्दी गरे तापनि तुरन्तै त्यस कुरालाई प्रशंसा अथवा निन्दा नगरी त्यस कुरा तथा उपदेशलाई सूत्रविनयादि धर्ममा मिलाउँदा मिल्दछ भने 'निश्चय पनि यो तथागतको धर्म हो, विनय हो' भनी स्वीकार गरी ग्रहण गर्नू, यदि मिल्दैन भने 'यो त तथागतको धर्म होइन, विनय होइन' भनी त्याग गर्नू !"

भगवान् बुद्ध केही दिन त्यहीं बसी भिक्षुहरूलाई शील समाधि तथा प्रज्ञाको उपदेश दिइरहे । त्यसपछि पावा नामक नगरतर्फ प्रस्थान गरे। त्यहाँ उनी चुन्द नामक नकर्मी-

भगवान्को अन्तिम भोजन

पुत्रको आम्रवनमा गएर बसे। भगवान् बुद्ध त्यहाँ आएका छन् भन्ने खबर सुनी चुन्द-नकर्मीपुत्रले भगवान् प्रमुख सकल भिक्षु संघलाई प्रणीताकारपूर्वक भोजनदान दिए। भगवान्को अन्तिम भोजन यही थियो।

त्यस आम्रवनवाट पनि भगवान् ककुध नामक नदीको तिरमा पुगी स्नान गरे! त्यहाँबाट पनि हिरण्यनदी पारी स्थित कुशीनगरमा पुगे। त्यहाँ मल्ल राजाहरूका उपवर्तन नामक शालोद्यान एउटा थियो । त्यस उद्यानमा दुइटा

शाल–वृक्षको बीचमा, आनन्द स्थविरलाई भनी, एउटा आसन बनाउन लगाए। त्यस आसनमा, उत्तरतर्फ सिरान गरी, भगवान् सिंहशैय्या गरी शयन गरे।

त्यस मुहूर्तमा ब्रह्मादि अनेक देवगणले भगवान् बुद्धलाई सुगन्धयुक्त पुष्प तथा दिव्यअत्तरद्वारा पूजा गर्न आए।

आनन्द स्थविरलाई डाकी भगवान्ले यस्तो आज्ञा गरे—“ आनन्द ! सुगन्धयुक्त दिव्य पुष्प धूपादिले पूजा गर्दैमा तथागतलाई सत्कार, गौरव, मान तथा पूजा गरेको ठहर्दिन। आनन्द ! जुन भिक्षु अथवा भिक्षुणीले तथा उपासक अथवा उपासिकाले धर्मलाई आदर राखी, तदनुसार अभ्यास गरी धर्माचरण गर्दछ, त्यसले तथागतलाई सत्कार गरेको, मान गरेको, गौरव गरेको तथा परमोत्तम पूजा सामाग्रीले पूजा गरेको ठहर्दछ। ’

त्यस समयमा अर्थात् भगवान्को अन्त्यावस्थामा त्यहाँ महाब्रम्हादि अनेक देवगण जम्मा भैरहेका थिए। तिनीहरूमध्ये कोही भगवान्को अन्त्य आइपुग्यो भनी नाना तरहले विलाप गरिरहेका थिए। आर्य्यज्ञान लाभी कोही देवताहरू ‘सकल संस्कार अनित्य हो संस्कारित वस्तु सदा नित्य भएर रहंदैन ! ’ भनी धर्मसंवेग प्राप्त गरेर बसिरहेका थिए।

दर्शनीय चार स्थान

त्यस अन्त्य अवस्थामा भगवान्ले आनन्द स्थविरलाई भने—“आनन्द ! यी चारवटा स्थान— बुद्ध जन्मेको स्थान लुम्बिनी, बुद्धत्व प्राप्त गरेको स्थान बुद्धगया, धर्मचक्र चलाएको स्थान ऋषिपतन (सारनाथ), महापरिनिर्वाण भएको

स्थान कुशीनगर — दर्शनीय छन्। ती स्थानहरूको दर्शनले श्रद्धालु जनलाई संवेग उत्पन्न भई श्रद्धा र शक्ति लाभ भई अति पुण्य प्राप्त हुनेछ।"

त्यसै वेला आनन्द महास्थविरले स्त्रीहरूसित कस्तो व्यवहार गर्नु पर्छ भनी विन्ती गरे। मुख नहेर्नु, मुख हेर्नु पर्ने अवस्थामा कुरा नगर्नु, कुरा गर्नु पर्ने अवस्थामा स्मृतिलाई सम्हाली होश राखेर बस्नु भनी भगवान्ले उत्तर दिए।

स्त्रीहरूसितको व्यवहार

भगवान्ले फेरि आनन्द स्थविरलाई सम्बोधन गर्दै आज्ञा गरे— "आनन्द! स्तूप बनाउन योग्य अस्थिधातु चारवटा छन्— तथागतहरूका अस्थिधातु स्तूप बनाउन योग्य छन्, प्रत्येक बुद्धहरूका अस्थिधातु स्तूप बनाउन योग्य छन्, अर्हत्हरूका अस्थि-धातु स्तूप बनाउन योग्य छन्, चक्रवर्ती राजाहरूका अस्थिधातु स्तूप बनाउन योग्य छन्। यी चार प्रकारका अस्थिधातु स्तूप बनाउन योग्य छन्। जुन स्तूपहरू देखेर 'यो तथागतको स्तूप हो, यो बुद्धको स्तूप हो, यो अर्हत्को स्तूप हो, यो चक्रवर्ती राजाको स्तूप हो' भनी श्रद्धालु व्यक्तिहरूले आफ्नो चित्तलाई प्रसन्न पारी श्रद्धा भक्ति उत्पन्न गरी कुशल चेतना प्राप्त गर्दै पुण्यलाभ गर्न सक्छन्।"

स्तूप बनाउन योग्य अस्थिधातु

आनन्द स्थविर भगवान् परिनिर्वाण भएर जान आँटे भनी सार्है दुःखित हुँदै दुवै हात आफ्नो टाउकोमा राखी एउटा कुनामा गई रोईरहे। यो देखेर आनन्द स्थविरलाई डाकी भगवान्ले धर्मोपदेश गरे — "आनन्द न रोऊ,

आनन्द स्थविरको विलाप

धैर्य गर ! जुनसुकै वस्तु पनि एकदिन विनाश भई वियोग हुन्छ भनी मैले तिमीलाई भनेको थिइन ? यस संसारका प्राणीहरू सबैले एकदिन मर्नै पर्दछ। संसारै अनित्य छ भनी तिमीले कसरी नवुझेको ? रूने किन, धैर्य राख ! तिमी सार्है भाग्यमानी छौ, भगवान्‌को उपस्थाक हौ, दीर्घकालसम्म भगवान्‌को मनलाई सन्तोष पारी सेवा गरेका छौ ! तिमी पनि दुःखवाट चाँडै मुक्त हुनेछौ।"

त्यस समयमा कुशीनगरमा सुभद्र नाम गरेका एकजना परिव्राजक थिए। भगवान् आजै परिनिर्वाण भएर जान आँटे भन्ने खवर सुनी 'बुद्ध भनेका अत्यन्त दुर्लभ हुन्छन् भनी मेरा गुरुजनहरु भन्दछन्' भनी दौड़दै भगवान् भएको स्थानमा गए। तर, आनन्द स्थविरले अन्तिम बेलामा कष्ट दिनु उचित पदन भनी त्यस सुभद्रलाई भगवान्‌सित भेट्न दिएनन्।

अनि भगवान्‌ले यो कुरा थाह पाई आनन्द स्थविरलाई डाकी यस्तो आज्ञा गरे— "आनन्द ! संसारमा बुद्ध भनेका दुर्लभ हुन्छन्। त्यस्ता दुर्लभ बुद्धको दर्शन गर्ने, तथा उनीसित कुरा गर्ने समय अलिकति मात्रै बाँकी छ। केही समयपछि तथागतको दर्शन पाइने छैन।

अन्तिम श्रावक

त्यसकारण सुभद्रलाई यहाँ पठाऊ। उनी भगवान्‌लाई कष्ट दिने नियतले आएका होइनन्, धर्म बुझ्न भनी आएका हुन्।"

भगवान्‌को आज्ञा सुनी आनन्द स्थविरले उनलाई भगवान्‌छेउ लगिदिए। उनी पनि भगवान्‌लाई सादर प्रणाम गरी अगिल्तिर वसे। अनि उनले यसरी प्रश्न गरे—"भन्ते !

सबैले आफ्नो सम्प्रदाय श्रेष्ठ भनी भन्दछन्। यो कुरा ठीक हो कि बेठीक ?"

भगवान्‌ले भने—"सुभद्र ! तिम्रो यो प्रश्नको जवाफ दिने बेला यो होइन। तर, तिमीलाई म धर्मोपदेश गर्दछु, सुन।"

यति भनी भगवान् बुद्धले निम्न उपदेश दिए,—

"सुभद्र ! जुन धर्मविनयमा आर्य्याष्टांगिक मार्ग छैन, त्यस धर्मविनयमा श्रमणहरू पनि हुँदैनन्। जुन धर्मविनयमा अर्य्याष्टांगिक मार्ग हुन्छ, त्यस धर्मविनयमा श्रमणहरू पनि हुन्छन्। सुभद्र ! भिक्षुहरूले राम्ररी धर्माचरण गरेर बसे भने यस लोकमा अर्हत्‌हरू विलाउने छैनन।"

यो धर्मोपदेश सुनी सुभद्र परिव्राजक अर्हत् भए। अर्हत् भैसकेपछि भगवान्‌सित प्रव्रज्या र उपसम्पदा मागिलिई भगवान्‌सितै परिनिर्वाण भएर गए ! भगवान्‌को अन्तिम श्रावक तथा भगवान्‌सितै परिनिर्वाण भएर जाने श्रावक यी आयुष्मान् सुभद्र हुन्।

सुभद्रलाई उपदेश दिइसकेपछि भगवान्‌ले आनन्द स्थविरलाई डाकी यस्तो आज्ञा गरे—"आनन्द ! निर्वाण भैसकेपछि तिमीहरूको मनमा 'अब उपदेश दिने गुरु भएन, अब हाम्रा शास्ता छैनन्' भन्ने भावना पर्न सक्दछ। तर आनन्द, त्यस्तो मनमा लिनु हुन्न।

धर्म नै शास्ता हुन्

आनन्द ! जुन धर्म र विनय मैले तिमीहरूलाई देशना गरी प्रज्ञप्ति गरी राखेको छु, त्यही धर्म र विनय, म नभैसकेपछि, तिमीहरुको शास्ता हुनेछन्।"

भगवान्ले फेरि भने— " आनन्द ! आजकल जसरी भिक्षुहरू परस्पर आपसमा कुरा गर्दा 'आवुसो' भनी संबोधन गर्छन्, म नभएपछि त्यसरी नै संबोधन गरी कुरा नगर्नू । त्यस बेला आफूभन्दा ठूलालाई ' आयुष्मान् ' अथवा ' भन्ते ' भनी संबोधन गर्नू र आफूभन्दा सानालाई ' आवुसो ' भन्नू ! भिक्षुहरूको मनमा कुनै कुराको शंदेह बांकी छ भने अहिलेसम्म समय छ, तथागतसित सोध्नू ! "

त्यस समयमा त्यहाँ उपस्थित त्यतिका भिक्षुहरूमध्ये कसैको मनमा पनि बुद्ध, धर्म, संघ तथा शिक्षाको बारेमा कुनै

अन्तिम उपदेश

प्रकारको शंदेह नरहेको हुनाले महास्थविर आनन्दले भगवान्लाई बिन्ति गरे—" भगवन् ! यस परिषद्मा शंका भएका भिक्षुहरू कोही छैनन्, सबै सुप्रसन्न छन् ।"

अनि भगवान्ले भिक्षुहरूलाई संबोधन गरी भने— " भिक्षुगण ! संस्कार जम्मै अनित्य भन्ने बुझी अप्रमादी भई राम्ररी स्मृति राखी गुण-धर्म संपादन गरिलिने प्रयत्न गर !" भगवान् बुद्धको यही वाक्य अन्तिम उपदेश भयो ।

तदनन्तर भगवान् प्रथम ध्यानमा बसे । त्यसपछि क्रमैसित द्वितीय ध्यानमा, तृतीय ध्यानमा, तथा चतुर्थ ध्यानमा बसे । चतुर्थ ध्यानपछि आकाशानन्त्यायतन भन्ने अरूपी ध्यानमा

महापरिनिर्वाण

बसे । त्यसपछि अकिञ्चन्यायतन भन्ने अरुपी ध्यानमा बसे । अनि नैवसंज्ञानासंज्ञायतन नामक अरुपी ध्यानमा बसे । त्यसपछि निरोधसमापत्तिमा बसे । तदनन्तर, फेरि क्रमैसित प्रथम ध्यानसम्म फर्के । फेरि, प्रथम ध्यानबाट क्रमैसित

चतुर्थ ध्यानसम्म पुगे। अनि त्यस ध्यानबाटै महापरिनिर्वाण भए।

यस प्रकारले, महाकारुणिक तथागत सम्यग्संबुद्ध अस्सी-वर्ष संपूर्ण भएकै दिन, वैशाख-पूर्णिमाको रात्रीको तृतीय प्रहरमा, सकल संस्कारको अनित्य भाव देखाई, आफू स्वयं निदर्शन भई, अनुपादिशेष महापरिनिर्वाण भएर गए। त्यस बखतमा त्यहाँ अति भयानक महाभूकंप पनि भएको थियो।

[पञ्चम खण्ड]

परिच्छेद उन्नाइसौं

आयुष्मान अनुरुद्धले, आयुष्मान् आनन्दको आज्ञा लिई, कुशीनगरका राजाहरूकहाँ भगवान् परिनिर्वाण भएको समाचार भन्न पठाए। तिनीहरू सबै त्यहाँ उपस्थित भई, नगर सबै ध्वजा पताकादिले सिंगारी, तूर्यनाद गराउनलगाई भगवान्को मृतदेह नगरभरि घुमाई, जात्रा गरी, नाना सुगन्धित धूप पुष्पादिले पूजा गरी सातदिनसम्म आदहनोत्सव मनाइरहे त्यसपछि भगवान्का मृतदेह नगरको पूव ढोकाबाट नगरबाहिर ल्याई मुकुटवन्धन भन्ने, मल्लराजाहरूको पूजनीय, स्थानमा

आदहनोत्सव

ल्याए त्यहीं चिता बनाई चक्रवर्ती राजाहरूको मृतदेहलाई झैं सय्यौं थान सेतो कपडाले, भगवान्को मृतदेहलाई, बेरी चितामा राखे।

त्यसै बेला महाकाश्यप महास्थविर पांचसय भिक्षुगण-सहित कुशीनगरबाट पावा नगरतिर आइरहेका थिए। एउटा रूखमनि विश्राम गरिरहेका वखतमा आजीवक एकजना बाटोमा आइरहेको देखी महाकाश्यपले उनीसित सोधे—

महाकाश्यप स्थविरको कुशीनगर गमन

"आवुसो! तथागतलाई चिन्हेका छौ? चिन्हेका छौ भने अचेल वहाँ कहाँ रहनु भएको छ, थाह छ?"

"तथागतलाई मैले चिन्हेको छु। वहाँ मल्लराजाहरूको शालोद्यानमा परिनिर्वाण हुनु भएको आज सातदिन भैसक्यो। म त्यही आदहनोत्सव हेरेर देवताहरूले वृष्टि गरेको फूल एउटा पनि लिएर आएको छु।" भनी आफ्नो हातमा भएको मन्दार फूल देखाए। यो कुरा सुन्नासाथ आस्रव क्षय नभैसकेका भिक्षु-हरू त्यहीं बाटैमा मूर्छित हुंदै रून थाले। आस्रव क्षय भैसकेका भिक्षुहरू 'सकल संस्कार अनित्य हो' भनी धर्म विनय संझेर त्यसै बसिरहे।

उता कुशीनगर-मुकुटबन्धन स्थानमा मल्ल राजाहरू सबै मिली चितामा अग्नि हाले। तर आगो बलेन। अनेक उपाय गर्दा पनि चितामा आगो बाल्नै सकेनन्। सकल नरना-रीले आश्चर्य अद्भुत माने। सबै गएर आयुष्मान् अनुरुद्धसित यसको कारण सोधे। आयुष्मान् महाकाश्यप आइरहेका छन्, उनी आएर भगवान्को श्रीचरणमा

चितामा अग्नि बलेन

शीरले वन्दना नगरेसम्म आगो बल्दैन भनी आयुष्मान् अनुरुद्धले जवाफ दिए।

महाकाश्यप महास्थविर पनि भिक्षुसंघ सहित त्यहाँ आइपुगे। भगवान्को मृतशरीरलाई तीनपल्ट परिक्रमा गरी शिरसा वन्दना गरे। भिक्षुसंघले पनि वन्दना गरे। तिनीहरूले वन्दना गर्न मात्रै के सिध्याएका थिए, चितामा आफसेआफ आगो बलेर आयो। अनि भगवान्को अधिष्ठानानुसार चारवटा दन्त धातु, कपाल धातु तथा दुइवटा अक्ख धातु बाहेक अरु सबै अस्थि, 'रायो,—' को गेडा जत्रा, 'कनिका' जत्रा, र 'मूगी' जत्राको रूपले गोल–गोल आकारका भएर गए। योभन्दा आश्चर्यको कुरो त यो भयो कि भगवान्को मृतदेह बेरी राखेका सय्यौं थान कपडामा सबभन्दा भित्रपट्टिको एक तह र सबभन्दा बाहिरपट्टिको एक तह कपडा ज्यूँका त्यूँ रह्यो, आगोले छोएन। यस प्रकारले शारीरिक धातु जम्मै गोलगोल गेडो भएर गैसकेपछि आकाशबाट सुगन्ध जलको वृष्टि भई चिताको आगो जम्मै निभ्यो।

धातु-पूजा

परिच्छेद बीसौं

अनिपछि कुशीनगराधिपति मल्ल राजाहरूले अस्थि-धातु सबै जम्मा पारी सुनको वट्टामा हाली हाथीमाथि राखी नृत्य, गीत, वाद्य, सुगन्ध, घूप तथा पुष्पादिले पूजा सत्कार गरी महोत्सव गर्दै सभागृहमा लगे। त्यहाँ सातदिनसम्म त्यस धातुलाई चतुरंगिणी सैन्यको आरक्षामा राखी पूजा आदर गरिराखे।

मगधाधिपति राजा अजातशत्रुले कुशीनगरको शालोद्यानमा भगवान्को परिनिर्वाण भयो भन्ने खवर सुने। भगवान्को शारीरिक अस्थिधातुमा आफ्नो पनि अधिकार छ भनी मल्ल राजाहरूकहाँ दूतहरू पठाई धातु माग्न पठाए। वैशाली देशका राजाहरूले र कपिलवस्तुका शाक्य राजाहरूले पनि भगवान्को अस्थधातु माग्न पठाए। अल्लकप्प देशका बुयल राजाहरूले पनि, रामगामका कोलिय राजाहरूले पनि वेठदीपक नगरका ब्राह्मण तथा पावा नगरका मल्ल राजाहरूले पनि, अस्थिधातु माग्न पठाए। कुशीनगरका मल्ल राजाहरूले भगवान हाम्रै शालोद्यानमा परिनिर्वाण हुनु भएकोले वहाँको अस्थि धातुमा हाम्रो बाहेक अरु कसैको अधिकार हुंदैन भनी भने। यस प्रकारले अस्थिधातु कसैलाई पनि नदिने कुरा गरेपछि त्यहाँ त्यस विषयलाई लिएर ठूलो लडाईं होला जस्तो भयो।

धातुको कोलाहल

महाकारुणिक तथागत सम्यग्सम्बुद्धको अस्थि धातुको विषयमा झगडा होला जस्तो देखी सकल राजपरिवारका

आचार्य भैरहेका द्रोण नामक ब्राह्मणले ' यसरी झगडा गर्नु उचित भएन ' भन्ने मनमा लिई त्यहाँ उपस्थित सकल जनको अगाडि यस्तो भाषण गरे – " भो वीर क्षत्रियजन ! जुन अनुत्तर सम्यग्सम्बुद्ध भगवान्ले सत्यकरूणाको धर्मोपदेश दिएर जानुभो, उनै भगवान् शाक्यमुनिको शारीरिक अस्थि-धातुको कारणमा, अमानुषिक तरीकाले परस्पर शस्त्र प्रहार गरी रगतको खोलो बगाई लडाईं गर्नु कदाचित् राम्रो काम होइन । अहिंसाका पूजारीको अस्थिधातु सबैलाई भागशान्ति बाँडेर लिनु नै उचित होला । यसो गरेमा सकल जनलाई पुण्य पनि प्राप्त हुनेछ । त्यसकारण यो आठ देशको निंति आठ भाग लाऔं । "

आचार्य्य द्रोणले यति घोषणा गरी सबैले सुन्ने गरी यो श्लोक पढेर सुनाए —

सुणन्तु भोन्तो मम एक वाक्यं,
अह्माक बुद्ध अहु खन्तिवादी ।
नहि साधुयं उत्तम पुग्गलस्स,
सरीर भागे सिया सम्पहारो ॥
सब्बेव भोन्तो सहिता समग्गा,
सम्मोद माना करोमट्ठ भागे ।
वित्थारिका होन्तु दिसासु थूपा,
बहुज्जनो चक्खुमतो पसन्ना ॥ (दी०)

(भावार्थ : सज्जनहरू हो ! हाम्रा यी बुद्ध शान्तिवादी हुन् । उनै शान्तिवादी तथा अहिंसावादी भगवान्को धातुको निंति आपसमा झगडा गर्नु मनुष्योचित काम होइन । बरू

हामी सबै मिली भागशान्ति गरी बाडौं, जम्मा आठभाग हुने छन्। यसो गरेको खण्डमा संसारका धेरै भागमा चैत्य बन्ने छन्, र अनि ती चैत्यहरूको दर्शन गरी सकल मनुष्य प्रसन्न (सुखी) हुने छन्।)

द्रोणाचार्य्यको यस्तो न्याययुक्त तथा धर्मयुक्त कुरा सुनी त्यहाँ उपस्थित सकल जनको चित्त बुझ्यो! अनि अस्थि-

धातु-विभाग

धातु आठ भाग गरियो। भाग लाउने द्रोण आचार्य्यले दन्त-धातु एउटा कसैले नदेख्ने गरी आफ्नो पगरीमा लुकाए। यो देखेका शक्रदेवेन्द्रले देवानुभावले त्यो लुकाइरा-खेको धातु लिएर देवलोकमा पुऱ्याए। त्यहाँ अत्यन्त भक्त्यादरले पूजा सत्कार गरी राखिछाडे। भाग लाइसकेपछि द्रोण ब्राह्मणले आफ्नो पगरीको दन्त-धातु खोज्दा नपाई मनमा साह्रै पीर माने। तर, कसैलाई केही भन्न नसकी, मल्ल राजाहरूसित अस्थिधातु भरिदिएको 'कुम्भ' (मानो) एउटा मागेर लिए।

पिप्पलिवन नामक देशका मोरिय (मौर्य्य)हरू पनि भग-वान् परिनिर्माण भए भन्ने समाचार सुनी अस्थिधातु माग्न कुशीनगर पुगे। अस्थिधातु बाँडिसकेको र सिद्धिसकेको हुनाले भगवान्को दिपमा गई, त्यहाँ बाँकिरहेको, गोल तथा खरानी लिएर फर्के।

भगवान्को अस्थिधातु लिएर गएका सबैले आफ्ना आफ्ना देशमा ती धातु राखी चैत्य बनाए! द्रोण आचा-र्य्यले पनि मानो (कुम्भ) राखेर चैत्य बनाए। यस प्रका-

दस चैत्य

रले भगवान्‌को शारीरिक धातु भएको चैत्य आठवटा, धातु भरिदिएको मानो भएको चैत्य एउटा, र दिपको गोल (खरानी) भएको चैत्य एउटा—जम्मा दसवटा चैत्य यस लोकमा खडा भए। ती चैत्यलाई मान, सत्कार, तथा गौरवादर राखी पूजा गरी पुण्य लाभ गर्दै लख्खौं–करोडौं मनुष्यहरू सुगति प्राप्त गरीं स्वर्गलोगमा उत्पन्न हुन गए।

भिक्षु अमृतानन्द स्थविर द्वारा प्रणीत तथा केशवलाल कर्माचार्यद्वारा अनवादित

" बुद्ध-जीवनी "

समाप्त ।

सिद्धिरस्तु !

शुध्दिपत्र

पेज	पंक्ति	अशुद्ध	शुद्ध
२०	१	कमार	कुमार
२०	१४	भने	भन्यो
२३	६	झ	भैं
२७	७	वढे	वढ्यो
२६	२१	विवाह	विरह
३३	१	छेटौं	छैठौं
३८	७	वसे	बसिरहे
४५	१८	तदन्तर	तदनन्तर
६१	३	भिक्षुकहरू	भिक्षुहरू
६१	७	मार्ग–फला	मार्ग-फल
६१	६	तदन्तर	तदनन्तर
८२	२	मार्गक	मार्गको
१००	६	आचरण	आचरण गर्नु
१०६	६	विशाख	विशाखा
११२	६	सूरबम्ट्ठ	सूरम्बट्ठ
११६	६	सबह्मरीहरू	सब्रह्मचारीहरू
१२६	२०	गढ	गर्दै
१३१	८	पूव	पूर्व

(यी बाहेक यस पुस्तकमा मात्रा आदि टुटेफूटेका शब्दहरू पनि धेरै छन्। ती शब्दहरू त पाठकवर्गहरूले नै मिलाएर पढ्नु हुनेछ भन्ने आशा गरेर त्यसै छोडिदिएको छु। यसको निंति क्षमा याचना गर्दछु।)

नेपाल प्रेस
१२२, प्रसन त्यौंड, काठमाडौं